


• वर्ष १४ • अंक १२ • काठमाडौं, शुक्रबार, साउन १७, २०६५ • SAPTAHIK • **Nepali National Weekly** • **Friday, Aug 1, 2008** • पृष्ठ २४ • मूल्य रु. ८/-





# उमेरले नछेकेको रहस्यमय प्रेम

• विदुर खतिवडा

**'ना उम्रकी सिमा हो,**
**ना जन्मोका हो बन्धन**
**जब प्यार करे कोइ,**
**तो देखे केवल मन**
**नयी रित चलाकर तुम,**
**मेरे प्रित अमर करदो'**

निहिता विश्वास सानैदेखि यो गीत गुनगुनाइरहन्थिन्, शब्दको अर्थभन्दा मेलोडीको मज्जाले हुनसक्छ उनलाई यो गीत मन पर्थ्यो । उमेरले बीसौं वसन्त छोइसक्दा पनि यो गीतले आफ्नो जीवनका निम्ति अर्थ बोकिदिन्छ भन्ने भेउ उनले पाएकी थिइनन् । अपराधको संसारमा चर्चित ६४ वर्षीय चार्ल्स शोभराजकी प्रेमिकाका रूपमा छोटो समयमै ठूलो चर्चा पाएकी यी युवती अहिले त झनै खुलेर यो गीत गाउँछिन् । उनी र चार्ल्सबीचको उमेरको टिप्पणी गर्नेहरूलाई यो गीतले जवाफ दिने उनको तर्क छ ।

अर्को प्रसङ्ग, तपाईंले केही समयअघि मात्र बलिउड चलचित्र 'चिनी कम' हेर्नुभएको थियो भने त्यसको एउटा रमाइलो प्रसङ्ग उप्काउनु उपयुक्त हुन्छ । चलचित्रमा वृद्ध उमेरका अमिताभ बच्चनलाई उमेरले छोरी बराबरकी तब्बुले मन पराउँछिन् । उमेरले नमिले पनि मन मिलेपछि कसैको केही लाग्दैन भन्ने सार बोकेको यो चलचित्रमा ससुराभन्दा ज्वाइँ जेठा हुन्छन् । यही वास्तविकता निहिताको जीवनमा पनि लागू भएको छ । उमेरले निहिताका पिता चार्ल्स शोभराजभन्दा कान्छा भए पनि निहिता यो सत्यलाई महत्त्वको कुरा मान्दिनन् ।

'हाम्रो समाजमा आफूभन्दा कम उमेरकालाई सम्बन्धका आधारमा मामा, काका, दिदी, आन्टी आदिले सम्बोधन गर्नुपर्ने बाध्यता छ ।' उमेरले महत्त्व नराख्ने तर्क पेस गर्दै निहिता भन्छिन्- 'त्यस्तै हामीभन्दा ठूला उमेरकालाई छोरी, छोरा तथा ज्वाइँ भनेर सम्बोधन गर्नुपर्छ । यसकारण चार्ल्सभन्दा मेरो बुबा उमेरले कान्छो वा जेठो भन्ने तर्क उपयुक्त छैन ।'

निहिताका अनुसार अहिलेका २५ वर्षे तन्नेरीहरूभन्दा कम फुर्तिला छैनन्, शोभराज । बौद्धिक दृष्टिकोणले त युवाहरूभन्दा परिपक्व र शारीरिक रूपमा अझ तेजिलो भएको उनी बताउँछिन् । जीवनको थुप्रै वसन्त शोभराजसँग बिताउने परिकल्पनामा उद्वेलित निहिता शोभराजको रिहाइपछिका रोमाञ्चक दिनको पर्खाइमा बसेकी छिन् । शोभराजको आँखा असाध्यै मन परेको बताउने निहिता यतिखेर शोभराज निर्दोष छन् भएको लबिङ 'गरिरहेकी छिन् ।

एकाएक संसारभरका मिडियामा छाएकी यी युवतीको प्रेमको व्याख्या गर्ने शैली नै फरक छ । असामान्य व्यक्तिसँगको प्रेमप्रसङ्गका कारण चर्चा पाउनु स्वाभाविक भएको बताउने निहिता यस विषयमा कसले के टिप्पणी गर्छ भनेर वास्ता नगर्ने बताउँछिन् । निहिता भन्छिन्- मेरो सोचाइअनुसारको समाज हुने हो भने यो प्रेमप्रसंगलाई सामान्य मान्छ, यदि होइन भने उनीहरूले जुनसुकै टिप्पणी गरे पनि मलाई आपत्ति हुनेछैन । म मेरो बाटोमा हिँडिरहन्छु । खुला रूपमा मैले शोभराजलाई मन पराएको सार्वजनिक गर्दा समाजले स्वीकार गर्न सक्दैन भने म के नै गर्न सक्छु र ?

निहिता विश्वास, सेन्टमेरिज कलेजबाट प्लस टुको परीक्षा दिएर बसेकी युवती हुन् । सरसर्ती हेर्दा उमेरले अपरिपक्व लागे पनि निहिता बलियो आत्मविश्वास भएकी युवती हुन् । तीन महिनाअघि शोभराजलाई पहिलो पटक देखेकी निहिता अहिले उनको जीवनसँगिनी बनिसकेको बताउँछिन् । 'हामी मन र वचनले एक-अर्काका भैसकेका छौं,' निहिताले साप्ताहिकसँग भनिन्- 'अब विवाहको औपचारिकता मात्र बाँकी छ । उनी जेलजीवनबाट मुक्त हुनेबित्तिकै हामी सधैंका निम्ति एक हुनेछौं ।'

**शेष पृष्ठ ५ मा जारी**




# दूधे बालिकाको विवाह

**अमृता अनमोल**

बुटवल– तपाईंलाई लाग्न सक्छ, काखमा बसेकी यी बालिकाले आमाको दूध खान छाडेकी छैनन् । त्यसैले आमाको काखमा लुटपुटिएर बसेकी छिन् तर कुरा त्यसो होइन, दूधे बालिकाजस्तै लाग्ने यी बालिका कन्यासमेत होइनन्, कसैले कल्पनासम्म गर्न नसक्ने विवाहिता नारी हुन् । उनले टाउकोमा सल राखेर सिन्दूर छोपेकी छिन् भने हातभरि चुरा र घाँटीमा माला झुन्डयाएकी छिन् । उनको गत वैशाखमा बाजागाजासहित धूमधामसित विवाह भएको थियो ।

कोसित कहाँ विवाह भएको हो, त्यो भने उनी स्वयंलाई थाहा छैन । 'केटाको नाम त मलाई पनि थाहा छैन ।' काखमा च्यापेकी धर्मआमा अर्थात् उनकी फुपू बौना रैदास भन्छिन्– 'विवाहचाहिं भारतको फूलबनियामा भएको हो ।'

**शेष पृष्ठ ३ मा जारी**


धर्मआमा अर्थात् फुपू बौना रैदासको काखमा बसेकी विवाहिता कपिलवस्तु शिवनगर गाविस, वडा नं. ७ छिटोहनीकी गाउँकी ७ वर्षीया मनकुमारी रैदास ।

## क्यासेट

### वरदान



सांगीतिक समूह द 'स्टिङ्ट' ले तयार पारेको गीतिसंग्रह 'वरदान' श्रोतामाझ आएको छ। पप शैलीका आठवटा गीत समावेश भएको यो संग्रहलाई रियाज म्युजिकले बजारमा ल्याएको हो। याकुब राई, बबी राज तथा रिचार्ड मोक्तानद्वारा संगीतबद्ध संग्रहका गीतहरू पप्पु छेत्री, बबी राज, याकुब राई तथा निकेश राईले रचना गरेका छन्।

### प्रशान्त लाइभ इन बुटवल



इन्डियन आइडल प्रशान्त तामाङले सम्पन्न 'प्रशान्त लाइभ इन कन्सर्ट' कार्यक्रममा गाएका गीतहरूको भिडियो सिडी संग्रह बजारमा आएको छ। ड्रिम्स म्युजिकले बजारमा ल्याएको यो संग्रहमा प्रशान्तसँगै राजेशपायल राई, क्रान्ति आले तथा चारु सेम्वालले गाएका गीतहरू सुन्न तथा हेर्न सकिन्छ। संग्रहमा राजेशपायलका दुई, प्रशान्तका तीन, क्रान्तिका दुई तथा चारुका पाँचवटा एकल गीत छन् भने बाँकी युगल गीतहरू प्रशान्त तथा क्रान्ति र चारु तथा क्रान्तिको स्वरमा छन्।

## रंगमञ्च

• सडक नाटकमार्फत् पनि जनस्वास्थ्यसम्बन्धी जनचेतना फैलाउन सकिन्छ भन्ने कुरा रसुवाका कलाकारले पुष्टि गरेका छन्। स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने उद्देश्यले स्थानीय कलाकारहरूको एक समूहले गत सोमबार रसुवाको धुन्चेमा एउटा सडक नाटक मञ्चन गरेको छ। 'माटोको माया' शीर्षकको उक्त नाटकमा अभिनय गर्ने एक दर्जन कलाकारले विभिन्न भूमिकामार्फत् स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने प्रयास गरिरहेका छन्। धुन्चेको पहिलो मञ्चनपछि उक्त नाटक रसुवाका विभिन्न गाउँमा मञ्चन गर्ने योजना नाट्कर्मीहरूको छ।

## ग्यालरी

• ललितपुरको भैंसेपाटीस्थित आदर्श सौल महाविद्यालयले गत शनिबार आयोजना गरेको बाल चित्रकला प्रतियोगितामा विभिन्न उमेर समूहका ५१ विद्यार्थीहरूले भाग लिए। बालबालिकाको जीवन पूर्ण हुन्छ भन्ने विषयमा आधारित चित्रकला प्रतियोगितामा विभिन्न तीन उमेर समूहका बालबालिकाबीच प्रतिस्पर्धा भएको थियो। खोकना, बुङमती, सैंबु तथा डुकुछापका विभिन्न बालक्लबबाट आएका बालबालिकाहरूले चित्रकलामा शिक्षा तथा मनोरञ्जनलाई जोड दिएका थिए। प्रतिस्पर्धी सहभागी विद्यार्थीहरूले आफूजस्ता थुप्रै बालबालिकाले पढ्न नपाएको गुनासो गर्दै सबै बालबालिकाले विद्यालय जान पाउनुपर्ने सन्देश बोकेका चित्रकलाहरू तयार पारेका थिए। प्रतियोगितामा सहभागी विद्यार्थीहरूमध्ये रोजिना महर्जन, नन्दश्याम डंगोल, अमर महर्जन, सुशान्त खड्का, सम्झना शाक्य तथा सञ्जय केसी पुरस्कृत भएका थिए। साथै सुजन खत्री, राजेश केसी, शोभा केसी, सिर्जना खड्का तथा विवेक खड्काले उत्कृष्ट चित्र कोर्दै विभिन्न पुरस्कार जितेका थिए।

• कलाकार ज्ञानमणि राय जर्मनीको म्युनिखमा आफ्नो एकल कला प्रदर्शनीका लागि गत सोमबार त्यसतर्फ प्रस्थान गरेका छन्। म्युनिख नगरपालिकाले आयोजना गर्न लागेको उक्त प्रदर्शनी आगामी १ देखि २२ अगस्टसम्म आयोजना हुँदैछ। प्रदर्शनीका लागि उनले नेपालको ऐतिहासिक संस्कृति झल्काउने चित्र छानेको बताए। कलाकार रायका अनुसार पहिलो चरणमा ४३ थान चित्र प्रदर्शन हुनेछन् भने २२ अगस्टपछि भने छ राष्ट्रका कलाकारहरूसँग दोस्रो चरणको प्रदर्शनी हुनेछ। राय १८ अक्टोबरमा स्वदेश फर्किनेछन्।

• पोखराका कलाकारहरूले बनाएका चित्रकलाहरूको तीन दिने प्रदर्शनी पोखरामा सम्पन्न भएको छ। पोखरेली युवा सांस्कृतिक परिवारको अगुवाइमा तीन-तीन महिलनामा सञ्चालित समता कला कार्यशालाअन्तर्गत धम्पुस, मर्दी, सराङकोट आदि स्थानमा डुलेर तयार पारिएका ३४ कलाकारका ४३ वटा चित्र प्रदर्शनीमा राखिएको थियो। अधिकांश पानीरंगका चित्रमा पहाड तथा प्रकृति, संस्कृति, जनजीवन एवं मानवीय अनुभूतिका पक्षहरूलाई क्यानभासमा उतारिएका छन्। प्रदर्शनी गत शुक्रबारदेखि आइतबारसम्म चलेको थियो।

## पुस्तक

### युद्धभित्र उभिएका बुद्धहरु

कवि टंक सम्वाहाम्फेद्वारा रचना गरिएका कविताहरूको संग्रह युद्धभित्र उभिएका बुद्धहरूलाई नेपाली साहित्य प्रतिष्ठान हङकङले प्रकाशित गरेको छ। ४१ वटा लामा-छोटा गद्यकविताको यो संग्रह कविताका पारखीहरूलाई राम्रो खुराक हुनसक्छ। ६८ पृष्ठको यो कृतिको मूल्य नेपालमा ४० रुपैयाँ र हङकङमा २० हङकङ डलर छ।

# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

घरेलु समस्याले सताउनेछ। मन दुविधाग्रस्त रहनसक्छ। गलत विचार बढ्नेछ भने अध्ययनमा ह्रास आउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। मित्र बनेर घात गर्नेहरू प्रशस्तै हुनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। मंगलबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। व्यवसायमा सुधार आउन सक्छ।

### सिंह

खर्च, विवाद एवं रिस बढ्नेछ। काममा सफलता पाउन गारो पर्ला। मन चञ्चल रहनेछ। धनमाल चोरी हुन सक्छ। निर्णय गर्ने क्षमतामा ह्रास आउला। अरूबाट आलोचित हुनुपर्नेछ। आइतबार तथा सोमबार मानसम्मान मिल्ने, भोज-भतेरमा संलग्न हुन पाइने एवं अध्ययनमा सफलता मिल्ने योग छ। अरूको विश्वास सजिलै जित्न सकिनेछ।

### धनु

स्वास्थ्य कमजोर हुनसक्छ। दुविधा बढ्ने छ भने काममा सफलता प्राप्त गर्न गारो पर्नेछ ।समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। विश्वास गरेकाहरूले पनि धोका दिन सक्छन्। मंगलबारदेखि मान-सम्मान मिल्ने तथा काममा सफलता प्राप्त हुने योग छ। आफन्तहरूको सहयोग पाइनेछ। अध्यनमा पनि सुधार आउला।

### वृष

पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछ। नयाँ काम गर्ने अवसर जुट्नेछ। अरूको मन जित्न सकिनेछ। यात्रा हुन सक्छ। मानसम्मान पनि पाउनुहोला। आइतबारदेखि घरेलु समस्याले सताउनेछ भने गलत विचार तथा चिन्ता बढ्ने देखिन्छ। स्वास्थ्यमा समस्या देखा पर्ने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला।

### कन्या

समय मध्यम छ। काममा सफलता मिल्नेछ भने धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। मन प्रसन्न रहनेछ। भोजभेतरमा सामेल हुने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग प्राप्त होला। व्यवसायमा सफलता पाइनेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। अध्ययनमा पनि ह्रास आउला।

### मकर

व्यवसाय बढ्नेछ। काममा सफलता पाउनुहोला। प्रसन्नता बढ्ने तथा अध्ययनमा सफलता मिल्ने योग छ। भाग्यले साथ दिनेछ भने धार्मिक कार्यमा रुचिका साथै प्रसन्नता बढ्नेछ। भेटघाटमा प्रसन्नता बढ्नेछ। आइतबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। शरीरमा चोटपटक लाग्न सक्छ भने लेनदेनमा विवाद उत्पन्न हुन सक्छ।

### मिथुन

विवाद एवं दुविधा बढ्नेछ। धनमाल हराउन सक्छ। काममा अवरोध आउनेछ भने घरेलु समस्याले सताउनेछ। स्वास्थ्य गडबड रहनेछ। कुरा काट्नेहरू सक्रिय छन्। आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ। धन आर्जन पनि हुन सक्छ। अध्ययनमा सफलता मिल्नेछ।

### तुला

सुरुमा मानसम्मान प्राप्त होला। अरूको मन जित्न सकिनेछ भने पराक्रम वृद्धि हुनुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। ठूला व्यक्तिले तपाईंमाथि विश्वास गर्नेछन्। आफूमाथि महत्त्वपूर्ण जिम्मेवारी आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मंगलबार तथा बुधबार खर्च, विवद एवं चिन्ता बढ्ने योग छ। घेरलु समस्याले पनि सताउन सक्छ।

### कुम्भ

काममा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायबाट लाभ हुनेछ। रमाइलो यात्रा हुनसक्छ। बोलीको प्रभाव बढ्नेछ भन् अरूको मन जित्न सकिनेछ। मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। गोपनियतामा जोड दिनुहोला।

### कर्कट

सुरुमा मान-सम्मान पाइनेछ। भोजभेतरमा संलग्न हुने अवसर प्राप्त होला। सभा-सम्मेलनहरूमा प्रशंसा पाइनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। प्रसन्नता बढ्नेछ भने सहयोग गर्नेहरू प्रशस्तै हुनेछन्। धन आर्जन हुनसक्छ। आइतबार तथा सोमबार विवाद र चिन्ता बढ्ने एवं काममा अवरोध आउने योग छ। शत्रु बढ्ने हुँदा गोपनियता अपनाउनुहोला।

### वृश्चिक

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। निर्णय गर्न गाह्रो होला। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबारदेखि मान-सम्मान मिल्नेछ भने काममा सुधार आउनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। व्यवसायमा सफलता हात लाग्नेछ। अरूबाट सहयोग पनि पाइएला।

### मीन

सुरुमा गलत विचार बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। अध्ययनमा अवरोध आउने देखिन्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। आइतबारदेखि काममा सफलता मिल्नेछ भने आय आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता पाइनेछ। यात्रा फलदायक रहनेछ। भेटघाटमा रमाउने अवसर पनि प्राप्त हुनेछ।

### यो साताको पञ्चाङ्ग

साउन १७ गते : सूर्यग्रहण, हलो बार्ने औंसी, १९ गते : बराहजयन्ती, २१ गते : मंगल चौथी, २२ गते : कल्कीजयन्ती, धापाखेल नागदह मेला, टौदह कर्कोटक नाग मेला।



## साता संक्षेप

**साउन १० गते शुक्रबार**

• प्रथम राष्ट्रपतिले काम थाले, सरकार गठनका लागि परामर्श प्रारम्भ, राष्ट्रपतिसमक्ष सरकार बनाउन माओवादीका तीन सर्त ।

• माओवादी सेनाको भत्ता वितरणमा विवाद, सरकारले एक वर्षदेखि जनसेनाको भत्ता नदिएको भन्दै माओवादी नेतृत्वद्वारा अर्थमन्त्रीको ध्यानाकर्षण ।

• अनमिनको म्याद थप छ महिना थपियो, नेपालमा अनमिन सन् २००९ जनवरीसम्म रहने ।

**साउन ११ गते शनिबार**

• प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पदबाट राजीनामा दिए पनि अर्को साता कोलम्बोमा हुने सार्क शिखर सम्मेलनमा भाग लिने निर्णय ।

• राष्ट्रपति डा. रामवरण यादवद्वारा नयाँ सरकार गठन गर्ने सम्बन्धमा कानुनविद् तथा प्रमुख चार दलसँग छलफल ।

• उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा शपथ लिनु गैरन्याधिक भन्दै सर्वोच्च अदालतमा रिट, नेपाली भाषामा शपथ नलिएसम्म उपराष्ट्रपतिको हैसियतले काम गर्न-नगराउन निर्देशनको माग ।

• नेपालको वैदेशिक घाटा व्यापार हालसम्मकै उच्च, यो वर्ष घाटा रकम १ खर्ब ५० अर्ब १३ करोड ४५ लाख रुपैयाँ ।

**साउन १२ गते आइतबार**

• राष्ट्रपति डा. रामवरण यादव पहिलोपल्ट भोटोजात्राको सांस्कृतिक कार्यक्रममा सरिक, उपराष्ट्रपति परमानन्द झा नेपाली पोसाकमा उपस्थित ।

• उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा शपथ ग्रहण गरेकोमा देशका विभिन्न क्षेत्रमा आन्दोलन, दुई स्थानमा हवाई फायर, सप्तरीमा फोरम तथा माओवादी कार्यकर्ताबीच झडप, थारू समुदाय तथा जनजाति महासंघद्वारा पनि आन्दोलनको घोषणा ।

• सरकार गठनमा कांग्रेस केन्द्रीय सदस्यबीच मतभेद, अधिकांशबाट नेतृत्वलाई सरकारमा नजान सुझाव ।

**साउन १३ गते सोमबार**

• राष्ट्रपति डा. रामवरण यादवद्वारा देशवासीका नाममा सम्बोधन, सबैलाई धैर्यधारण गरी मेलमिलाप कायम राख्न आग्रह, आफूद्वारा निष्पक्ष रूपमा राष्ट्रियताका लागि काम हुने प्रतिबद्धता ।

• धनगढीको कनरी तथा खुटिया नदीमा डुंगा पल्टँदा ४ को मृत्यु केही बेपत्ता ।

• इराकमा अलपत्र परेका ३५ नेपालीको १५ दिनपछि पनि उद्धार हुन सकेन, काठमाडौंमा भएका एजेन्ट पनि सम्पर्कविहीन, सरकारद्वारा अलपत्र परेका नेपाली फर्काउन पहल थालेको जानकारी ।

• संविधानसभा बैठकमा उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा लिएको शपथग्रहणको विषयमा चर्काचर्की, मधेसवादी दलहरूद्वारा शपथग्रहण गरिएको भाषाप्रति समर्थन, प्रमुख तीन दलका सभासद्हरूद्वारा विरोध ।

**साउन १४ गते मंगलबार**

• उपराष्ट्रपति परमानन्द झाको शपथग्रहणका कारण उत्पन्न असहज परिस्थिति अन्त्य गर्न संविधानसभा बैठकद्वारा सरकारलाई निर्देशन ।

• सरकारद्वारा उपराष्ट्रपति परमानन्द झाले हिन्दीमा गरेको शपथग्रहणका विषयमा उत्पन्न असहज परिस्थिति अन्त्य गर्न राजनैतिक दलसँग परामर्श, साम्प्रदायिक सद्भाव कायम राख्न अपिल ।

• माओवादीद्वारा सरकार गठनका विषयमा छलफल गर्न २५ दलको बैठक, राष्ट्रिय सरकार निर्माणमा जोड ।

• सर्वोच्च अदालतद्वारा उपराष्ट्रपति परमानन्द झासँग हिन्दीमा शपथ लिनुपर्ने कारणको लिखित जवाफ माग, एक साताभित्रमा जवाफ पठाउन आग्रह ।

**साउन १५ गते बुधबार**

• राष्ट्रपति डा. रामवरण यादवद्वारा ठूलो दलका नाताले नेकपा (माओवादी) लाई सात दिनभित्र सरकार गठनको आह्वान ।

• उपराष्ट्रपति परमानन्द झाद्वारा आफूले गरेको शपथग्रहणले नेपालीभाषीलाई चोट पुग्न गएकोमा दु:ख व्यक्त ।

• टाउको छुट्याएका दिदी-बहिनी गंगा-जमुनामध्ये गंगाको निधन ।

• श्रीलंकामा हुने सार्क शिखर सम्मेलनमा भाग नलिन सरकारलाई सहयोगी दल नेकपा (एमाले) को दबाब, माओवादीद्वारा सार्क सम्मेलनमा राष्ट्रपतिलाई पठाउन माग ।

# दूधे बालिकाको विवाह

**पृष्ठ १ बाट जारी**

कपिलवस्तुको शिवनगर गाविस, वडा नं. ७ छिटोहनीकी गाउँकी सातवर्षीया मनकुमारी रैदासको नौ वर्षीय बालकसित विवाह भएको थियो । किन भयो त यति सानैमा विवाह ? नि:सन्तान धर्मआमा बौना भन्छिन्– 'सातवर्षे कन्याको दान गरे सत्तरी हजार गाई दान गरेसरह फल मिल्छ रे । नि:सन्तानले सन्तान पाइन्छ रे । त्यति धेरै गाई दान गर्न नसके पनि फल पाउने आशाले कन्या दान गरें ।' उनले अर्को जन्ममा आफ्नै कोखका सन्तान खेलाउने तीव्र इच्छा रहेकाले धर्मछोरी पालेको र कन्यादान गरेको बताइन् ।

शिक्षाको घाम नपुगेको छोटीहनी गाउँमा ३० घरपरिवार छन् । पासी, रैदास, कवार आदि जातिको बसोबास भएको यो गाउँका सबै बालबालिकाको विवाह ७ देखि १४ वर्षभित्रै भएको छ । उनीहरूको विवाहको कारण भने फरक-फरक छ । स्थानीय सरस्वती पासीले छोरी बढे केटा नपाइने भएकाले आफ्ना पाँचवटै छोरीको विवाह सातदेखि नौ वर्षमा गरेको बताइन् । 'छोरी जति बढ्यो उति दाइजो बढ्दै जान्छ । छोरी ठूली भए थोरै दाइजोले हुने केटो भेटिँदैन ।' पासीले भनिन्– 'त्यसैले सानैमा विवाह गरिदिएकी हुँ ।'

सामान्य आर्थिक अवस्था भएका मणिराम रैदासले छोरी बढे समाजले कुरा काट्ने र विवाह नहुने भएकाले आफ्ना छोरीहरूको विवाह सानै उमेरमा गराएको बताए । 'छोरी बढे परपुरुषले नजर लाउँछ । अरूले नजर लाएकी छोरी मर्दले विवाह गर्दैन ।' आफैं वर खोजेर १० वर्षभित्रैमा तीन छोरीको विवाह गरेको बताउने रैदासले भने– 'पछि पछुताउनुभन्दा समयमै ध्यान पुऱ्याए ।'

गाउँकी दलित महिला कार्यकर्ता प्रभावती रैदास गुनासो गर्छिन्– 'बालविवाह गराउने परम्परादेखिको चलन हो भन्दै गाउँलेहरू बालविवाह गराउन नहुने कुरा सुन्दै सुन्दैनन् ।'


+2/SLC १ वर्षमै

❑ १ वर्षमै + २ पास गर्न चाहनुहुन्छ ?
❑ ७, ८, ९, १०, पास नगरी SLC दिन चाहनुहुन्छ ?
❑ Maths/Science नपढी SLC पास गर्न चाहनुहुन्छ ?
❑ SLC/+2 मा ५ वटा विषय पढे पुग्ने ।
❑ जागीरे गृहिणीहरूले घरमै वसी पढ्न सक्ने ।
❑ TU/HSEB/KU तथा विश्वभर मान्यताप्राप्त ।
❑ Nepali/English भाषामा परीक्षा दिन सकिने ।

अन्तिम भर्ना विशेष छुटमा

पाथ-फाईन्डर पुतलीसडक चोक, काठमाडौ 2005077





+2/SLC १ बर्षमै

SLC दिन चाहनेहरुले १बर्षमै Math/Sci नदिई SLC, SLC पास भई कम्तिमा १बर्ष ग्याप भए एकबर्षमै +2 गर्न सकिने भारतको सरकारी NIOS Delhi Board मा +2/SLC मा भर्ना खुल्यो





Exam काठमाण्डौमा Indian Embassy मा हुने
नेपालमा TU, KU, HSEB र विश्वभरी समकक्ष मान्यता प्राप्त
सहि परामर्श लिएर अध्ययन गरे मात्र पास गर्न सजिलो
KANTIPUR INTL OPEN EDUCATION
New Baneshwor KTM, Phone: 2044082, 2042831
Books, Questions, guide, CDs Provided



## ब्रिटिस आर्मी तथा सिंगापुर पुलिस

भर्ती हुनको लागि अति उपयोगी पुस्तक आर. के. तामाङ्ग र ए. के. मुखियाद्वारा लिखित "ब्रिटिस आर्मी र सिंगापुर पुलिस क्याप्सुल" प्रकाशित भयो । बजारमा सर्वत्र उपलब्ध छ ।

सगरमाथा प्रकाशन

प्रकाशक तथा वितरक भोटाहिटी, काठमाडौं, फोन नं. ०१-४२४९८१३



## होटल तालिम त्यो पनि छुटमा

२००३ मा स्थापित · नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक · Worldwide valid Certificate

COOK (1, 2, 3, 6 month) Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम

- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

Student Visa मा जानेलाई Special Discount

रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर — बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ — 2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Margement and Toursim Nepal) — नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग — 2040782, 016200757, 98510-93629
रयाडीसन होटल तालिम सेन्टर — नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि — 4464720, 9841-891131, 98510-93629



## अ.न.मि. (नर्स) तालिममा भर्ना खुल्यो

CTEVT बाट सम्बन्धन प्राप्त, २०५५ साल देखि संचालन भइरहेको यस तालिम केन्द्रमा अ.न.मि. (एक्जुलरी नर्स मिडवाइफ) नर्स विषयको १८ महिने तालिममा शैक्षिक बर्ष ०६५/६६ को लागि भर्ना खुल्यो । तालिम लिन इच्छुक SLC पास गरेका वा पुरक परिक्षा दिएका महिलाले २०६५ श्रावण २५ गते सम्म फारम भर्नुहोला ।

प्रवेश परिक्षा: २०६५ श्रावण ३२ गते

निशुल्क महिला छात्रावास (Girls Hostel) को व्यवस्था छ ।

सम्पर्क ठेगाना:
भक्तपुर प्राविधिक तालिम केन्द्र प्रा.लि.
कौशलटार (बालकोट), फोन: ६६३३१०७ समय: विहान १० देखि ५ बजे सम्म

## सम्पादकीय

# इन्धनको संकट

अहिले नेपालमा देखिएको इन्धन संकटलाई विश्लेषकहरू 'अभूतपूर्व' बताइरहेका छन् । त्यसो त अहिले इन्धन संकटको मारमा पर्ने मुलुकहरूमा नेपाल एक्लो होइन । खनिज तेल आयात गर्ने सबैजसो मुलुकले इन्धन संकट बेहोर्नुपरेको छ, तर फरक के छ भने इन्धन संकट बेहोरिरहेका सबैजसो मुलुकले खनिज तेलमा भएको चरम मूल्यवृद्धिका बाबजुद वैज्ञानिक ढंगले मूल्य समायोजन गरेर इन्धन आपूर्तिलाई सुचारु बनाएका छन् । ती मुलुकहरूमा मूल्यवृद्धिका बाबजुद पनि इन्धन संकटले विकराल रूप लिइसकेको छैन । ती मुलुकहरूमा हामीकहाँ जस्तो इन्धनका लागि घन्टौं लाइनमा बस्नुपर्ने बाध्यता पनि छैन, तर हामीकहाँ मूल्यवृद्धिका बाबजुद पनि जसरी इन्धन संकट गहिरिँदै गएको छ, त्यसले के संकेत गरेको छ भने हामीकहाँ प्रशासन जनताप्रति उत्तरदायी छैन । राजनैतिक दलहरू सरकार बनाउने खेलमा व्यस्त रहेको अहिलेको अवस्थामा मुलुकलाई इन्धन आपूर्ति गर्ने एक मात्र निकाय नेपाल आयल निगमले जुन किसिमको लापरवाही गरिरहेको छ त्यसले त्यसलाई 'भ्रष्टहरूको अखडा' भनेर आरोप लगाउनेहरू सही छन् भन्ने कुरालाई बल पुऱ्याइरहेको छ ।

नेपाल आयल निगमले जुन किसिमले तेल आयात र वितरण गर्नुपर्ने हो त्यसमा पारदर्शिता छैन भन्ने आरोप बेलाबखतमा लाग्दै आएको छ । त्यति मात्र नभै निगममा भ्रष्टाचार र कालोबजारीले प्रश्रय पाएको छ भने कुराको पुष्टि तेल वितरण गर्न नसकेर बन्द भएका पेट्रोल पम्पहरू र कालो बजारमा उपलब्ध तेलले नै गरिरहेको छ । अन्यथा निगमले पर्याप्त मात्रामा तेल आपूर्ति गर्न नसकेको अहिलेको अवस्थामा कालो बजारमा तेल कसरी आपूर्ति भैरहेको छ ? इन्धन व्यवसायमा संलग्न व्यापारीहरूसँग निगमका कर्मचारीहरूको साठगाँठ छ भन्ने कुरा सञ्चारमाध्यमहरूबाट बारम्बार प्रमाणसहित सार्वजनिक हुँदा पनि सरकार मौन बस्नुको अर्थ जो कसैले पनि सहजै लगाउन सक्छन् । यस्तो अवस्थामा पनि सरकारले कालोबजारी रोक्न नसक्नु, निगमका कर्मचारीले आफ्ना नजिकका पेट्रोल पम्पहरूलाई मात्र तेल उपलब्ध गराउनु र उपलब्ध तेल पनि सीमित मात्रामा वितरण गरी बाँकी तेल कालो बजारमा पुग्नुले यो मुलुकमा सरकारको अस्तित्व छ कि छैन भन्ने प्रश्न पनि उब्जिएको छ ।

अहिलेको अवस्था थप केही दिन जारी रहने हो भने मुलुकमा इन्धन संकट मात्र नभै अन्य दैनिक उपभोग्य वस्तुहरूको संकट गहिरिँदै जानेछ भन्ने संकेत इन्धनको अभावमा खाद्यान्नको ढुवानी समयमै हुन नसकेको कालीकोट र अछाममा देखा परेको खाद्यान्न संकटले दिइसकेको छ । अझै पनि हामीले समयमै अन्तर्राष्ट्रिय बजारअनुसार मूल्य समायोजन गरेर इन्धन आपूर्ति गर्न ढिलाइ गऱ्यौं भने खाद्यान्नलगायत अन्य दैनिक उपभोग्य वस्तुहरू आयातमा निर्भर रहने मुलुकका थुप्रै क्षेत्रमा भोकमरिलगायत अन्य समस्याहरू विकराल रूपमा देखा पर्नेछन्, तसर्थ यो विषयमा कामचलाउ नै भए पनि सरकारले तत्काल प्रभावकारी कदम चाल्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न ।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### शिक्षकको पीडा

शिक्षामा निजीकरणको मुख्य प्रभाव शिक्षित युवा वर्गमाथि परेको छ । केही नाम चलेकाबाहेक निजी लगानीमा सञ्चालित धेरैजसो विद्यालयमा काम गर्ने धेरै शिक्षकलाई नियुक्तिपत्र दिइएको हुँदैन । उनीहरूलाई सञ्चालकहरूको स्वेच्छाले अवकाशपत्रसमेत नदिई हटाइन्छ ।

यस्ता विद्यालयहरू जबर्जस्ती चलाइएका छन्, माध्यमिक तहसम्म ४ हजार रुपियाँ दिएर पढाउन बाध्य पारिएका स्नातकोत्तर शिक्षित पनि भेटिन्छन् । प्रतिभाशाली भएर पनि आर्थिक अवस्था कमजोर भएका कारण अभिशप्त स्नातकोत्तर उत्तीर्णहरू एकातिर निजी संस्थाबाट सताइएका छन् भने अर्कातिर राज्यको निरन्तर उपेक्षा भोगिरहेका छन् ।

सबै निजी संस्थाले आफ्ना श्रमिकमाथि अन्याय नगरेका होलान्, तर शिक्षा क्षेत्रमा चरम श्रमशोषण छ । निजी लगानीमा सञ्चालित धेरैजसो विद्यालयको निमाविसम्मको विद्यार्थी भर्ना प्रक्रिया हुकुमी शैलीको छ । प्राथमिक विद्यालय तहको प्रवेश परीक्षा उत्तीर्ण गर्न नसक्नेलाई निम्न माध्यमिक विद्यालयमा र निम्न माध्यमिक विद्यालय उत्तीर्ण गर्न नसक्नेलाई मिाध्यमिक विद्यालयमा भर्ना गर्न अभिभावकसँग 'लेनदेनको बार्गेनिङ गर्नेहरूबाट देशको शिक्षा क्षेत्र उज्यालिन सक्दैन । प्रवेश परीक्षाका बेला विषय-शिक्षकहरूले 'फलानो कक्षामा भर्ना हुन अयोग्य भनिसकेपछि पनि हुकुमी शैलीमा 'सञ्चालक वा 'सेयर होल्डरले स्वेच्छाले जुन मन लाग्यो त्यही कक्षामा भर्ना गरिदिने अनि शिक्षकलाई 'विद्यार्थीको शैक्षिक स्तरको कसीमा मूल्याङ्कन गर्न खोज्ने परम्परा अन्यायपूर्ण छ ।

सरकारी विद्यालयको शैक्षिक पृष्ठभूमिबाट आएका शिक्षकहरू निजी विद्यालयहरूमा शिक्षण गर्न मनोवैज्ञानिक रूपले पनि तयार छैनन्, किनभने यसले शिक्षामा वर्गीय खाडल जन्माएको छ भन्ने अनुभव उनीहरूलाई हुन्छ ।

निजी विद्यालयका मालिकहरूको सङ्गठन प्याब्सन र एन-प्याब्सनले शिक्षकहरूका समस्यातर्फ ध्यान पुऱ्याएका छैनन् । मालिकहरूको निरङ्कुश व्यवहारका कारण निजी विद्यालयका शिक्षकहरूको दह्रो सङ्गठन बन्न सकेको छैन । शिक्षकहरू देशका प्रबुद्ध नागरिक हुन्, तर शिक्षामा निजीकरणले अभिव्यक्तिको व्यक्तिगत स्वतन्त्रता कुण्ठित भएको छ । सरकारी विद्यालयको शैक्षिक पृष्ठभूमिबाट आएका शिक्षकहरूलाई कज्याएर चलेका निजी विद्यालयहरूले 'शिक्षामा निजीकरणको सफलताका सम्बन्धमा प्रष्टीकरण दिनुपर्छ । के लगानीकर्ताहरूको एक्लो प्रयासले मात्रै निजी विद्यालयहरू 'एसएलसी टपर भएका हुन् ? अधिराज्यभरिका सम्पूर्ण निजी विद्यालयमा काम गर्ने शिक्षकहरूले सरकारी विद्यालयका शिक्षकहरूले पाएजति तलब, भत्ता, बिदा र अन्य सुविधा पाएका छन् कि छैनन् ? यी प्रश्नको उत्तर दिने निकाय कुन हो ?

**–गोपाल विरही, काठमाडौं**

### असफल राष्ट्रिय पुस्तकालय

पुल्चोकमा नेपाल सरकारले नेपालबाट प्रकाशित सबै किसिमका पाठ्यसामग्री एवं विदेशबाट नेपालका सम्बन्धमा प्रकाशित हुने पुस्तकहरू संग्रह गर्ने उद्देश्यले नेपाल राष्ट्रिय पुस्तकालय स्थापना गरेको हो । यद्यपि यो पुस्तकालयले लक्ष्यअनुसार कार्य भने गरिरहेको छैन । पुस्तक खोजीका लागि जाने पाठकहरूले त्यहाँ चाहेको पुस्तक पाउँदैनन् ।

प्रकाशकहरूलाई पुस्तक उपलब्ध गराउन कर्मचारीहरूले कुनै पहल गरेका छैनन् । दुई दर्जनभन्दा बढी कर्मचारी भएको पुस्लकालयमा दैनिक सरदर पाँच जना आगन्तुक मात्र आउँदा पनि पाठक बढाउनेतिर पुस्तकालयको ध्यान जान सकेको छैन । पुस्तक कक्षमा पुस्तकहरू अव्यवस्थित तरिकाले छरपस्ट गरी राखिएको हुँदा भएका पुस्तक पनि फेला पार्न सकिँदैन ।

नजिकैका संयुक्त राष्ट्रसंघ, मानवअधिकार आयोग तथा कृषि विभागजस्ता निकायका प्रकाशनहरू त्यहाँ संकलन गरिएको छैन् । सञ्चारमाध्यम र छापाखानामार्फत प्रकाशकहरूलाई पुस्तकालयमा प्रकाशन दर्ता गर्न अनुरोध गर्नुपर्छ । कर्मचारीहरू पनि पुस्तकालयको बढी प्रयोग गराउन दतचित भएर लाग्नुपर्ने हुन्छ, तसर्थ जागिर खान मात्र नभएर पाठकहरूको सुविधामा पनि ध्यान जानु आवश्यक छ ।

जिल्ला जिल्लाबाट पुस्तक संकलन गरे पक्कै पनि उद्देश्यअनुरूप पाठ्य सामग्री उपलब्ध हुने थियो । असफल पुस्तकालयलाई सफल पार्न कर्मचारीहरूले पाठक एवं पुस्तकप्रेमीहरूसँग सहकार्य गर्नुपर्छ ।

**–रविन राचलिका, भक्तपुर**

### वैदेशिक रोजगार र सरकार

हाम्रो जस्तो अल्पविकसित मुलुकमा समृद्ध मुलुक अमेरिका जाने भनेपछि धेरै जना हुरुक्कै हुन्छन्, उनीहरू अमेरिकालाई आफ्नो सपनाको देश नै मान्छन् । पछिल्लो समय अमेरिकाको स्थायी बासिन्दा बन्न खुला गरिएको डिभी लट्री भर्नेको ठूलो भीडले पनि यो कुरा प्रस्ट पार्छ । तर त्यहाँ जान र टिक्न भने सहज छैन । पठनपाठनका लागि जाँदा पनि हाम्रो जस्तो अल्पविकसित मुलुकको शिक्षालाई त्यहाँ सहजै स्वीकारिँदैन । उता अंग्रेजी भाषा तथा राम्रो शिक्षा नभै राम्रो काम पाउने सम्भावना पनि हुँदैन, बरु प्राविधिक सीप वा ज्ञान भएकाहरूका लागि भने प्रशस्त अवसर छन् । युरोपियन देशहरू मात्र होइन, खाडी मुलुक तथा अन्य विभिन्न देशमा जान नेपालीहरू लालायित देखिन्छन्, किन ? कारण हो नेपालको आर्थिक स्थिति । यस्तो स्थितिमा सरकारले रोजगारीका अवसर प्रदान गरेर देशको उन्नतितर्फ लाग्नुपर्ने देखिन्छ, सीप सिकाउनु मात्र ठूलो कुरा होइन, क्षमताको सदुपयोग गर्नु पनि सरकारको कर्तव्य हो ।

वैदेशिक रोजगारबाट प्राप्त रकमलाई उत्पादनील क्षेत्रमा लगानी गरी सधैं विदेश जानुपर्ने परिस्थिति हटाई देशमै रोजगारी सिर्जना गर्ने वातावरण बनाउनु आजको आवश्यकता हो । अशिक्षाको भुमरीभित्र पिल्सिएका नेपालीहरू सीपदक्षताबाट पनि टाढा छन् । कुन कामका लागि कहाँ जाने भन्दा पनि आफ्नो स्तर उकास्न घरखेत बन्धकी राखेर उनीहरू आँखै चिम्लेर वैदेशिक रोजगारीका लागि कस्सिन्छन् ।

विदेश गएर नेपालीले पैसा कमाई आफ्नो देशमा घर बनाएको छ, छोराछोरीलाई राम्रो स्कुल पठाएको छ, साहूको ऋण तिरेको छ वा आफन्तको उपचार गराएको छ वा कुनै ठाउँमा लगानी वा व्यापार-व्यवसाय गरेको छ, तर ऊ मैले यसो गर्न सकें भन्दै आफ्नो सफलताको कथा सुनाउन मिडियासम्म पुग्दैन । महिला होस् वा पुरुष मिडियामा त त्यस्ता मानिसहरू मात्र पुग्छन्, जो अन्यायमा परेका छन्, जो ठगिएका छन्, अप्ठ्यारोमा परेका छन् । के यो लज्जास्पद कुरा होइन ?

रोजगार जीवनयापनका लागि हो, श्रम फलका लागि हो, वैदेशिक यात्रा सुख र समृद्धिको सपना हो । आज जतिसुकै परिवर्तन भए पनि त्यो सत्ता वा कुर्सीका लागि हो भन्ने स्पष्ट भैसकेको छ । हिजो डोको र ढाकर बोक्नेहरू आज पनि डोको र ढाकरमै व्यस्त छन्, हिजो गुन्द्रुक र सिस्नो खाने गरिबहरूलाई बिचरा भन्न कोही आएको छैन । यसमा मिडिया नै जिम्मेवार भएर अगाडि आएर बेरोजगार युवाहरूलाई नेतृत्व दिनुपर्छ, बाटो देखाउनुपर्छ ।

**–उदास सधेरी, सिन्धुली**

## तीतो सत्य

पैसा आफैमा केही होइन तर त्यसका पछाडि सबै दौडिरहेका हुन्छन् ।

मभन्दा हामी र हामीभन्दा हामीहरू भन्ने बानी बसालौं ।

जति फूल झरेर गए पनि बोट रुँदैन ।

**– टीकाराम अर्याल, स्याङ्जा**

अध्ययन सधैं उपयोगी हुन्छ ।

शुद्ध सम्पत्तिले मानिसलाई असल बनाउँछ ।

आँसुको भाषा सरल भए पनि धेरैले बुझ्न चाहँदैनन् ।

कसैको अमृत कसैका लागि विष बन्न पनि सक्छ ।

**– देवराम लामा, मकवानपुर**

देवताको बास मन्दिर र मूर्तिमा हुँदैन, त्यो त मानिसको आत्माभित्र हुन्छ ।

मानिसले सधैं आफ्नो स्वार्थ पूरा गर्न खोज्छ ।

वृक्ष जति फल्छ त्यत्ति नै झुक्छ ।

पीडा के हो भोग्नेलाई मात्र थाहा हुन्छ ।

**– बालाराम बुढामगर, ललितपुर**

नजान्नेले सिकाउन खोज्छ जान्नेले गरेर देखाउँछ ।

बढी बोल्ने मानिसभन्दा कम बोल्ने मानिससँग डराउनुपर्छ ।

मानिस अरूको कुरा काट्दा जति आनन्दित हुन्छ त्यति नै आफ्नो कुरा काट्दा दुःखित देखिन्छ ।

**– सन्तोष श्रेष्ठ, रामेछाप**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## साइबर गर्ल

### उमा थापा



मानवजीवनमा शारीरिक 'फिटनेस' कत्तिको आवश्यक छ भन्ने जान्न चाहनुहुन्छ भने उमा थापाका तस्बिर हेर्नुहोस् । परिचय डटकममा उमाका आकर्षक तस्बिरका साथमा योगाभ्यासका विभिन्न शैलीका बारेमा जानकारी पाउन सकिन्छ । १ सय ६२ सेन्टिमिटर अग्ली उमाले एरोबिक गरिरहेका क्षणलाई तस्बिरमा कैद गरिएको छ । सन् १९९८ देखि मोडलिङमा प्रवेश गरेकी उमाले शारीरिक अभ्यासकै कारण आफ्नो शरीर चुस्त भएको बताएकी छिन् । २५ अगस्टमा जन्मिएकी थापा वेबसाइटमा राखिएका तस्बिरहरूमध्ये स्लिभलेस टिसर्ट, रातो पाइन्ट र क्यापमा औधी आकर्षक देखिएकी छिन् । र्‍याम्प मोडलिङदेखि रेडियो उद्घोषणसम्मका सबै विधामा हात हालेकी उमा यो क्षेत्रमा अझै जमेर काम गर्ने इच्छा राख्छिन् । राम्रो नृत्य गर्ने थापा घुम्न तथा पौडी खेल्न पनि रुचि राख्छिन् । त्यसैगरी समाजसेवाका क्षेत्रमा सक्रिय हुने चाहना पनि उनमा छ । उमाको शारीरिक बनावट ३२x२४x३४ छ ।

## सहर चर्चा

### जनआन्दोलनका घाइते

जनआन्दोलनका गम्भीर घाइते विष्णुलाल महर्जन २७ महिनापछि फेरि चर्चामा छन् । जनआन्दोलन उत्कर्षमा पुगेका बेला नाराबाजीसहित आफ्नो निवास सतुंगलबाट कलंकी पुगेका महर्जन प्रहरीको चेपुवामा परेका थिए । प्रहरीको कुटाइबाट बेहोस भएपछि उनलाई मोडल अस्पताल पुऱ्याइएको थियो । त्यसबेला उनको गर्धनको मेरुदण्ड भाँचिएको थियो, फलस्वरूप टाउकोबाहेक अरू कुनै अंग चल्दैनथ्यो । २७ महिनाको लामो उपचारपछि उनी हालै घर फर्किएका छन् । खान खान तथा बोल्न सक्ने अवस्थामा ह्वील चेयरमा राखेर उनको घर पुऱ्याउँदा उनी खुसी देखिन्थे । सरकार तथा नागरिक समाजको पहलमा उनलाई राख्न सुविधायुक्त घर निर्माण गरिएको छ । एक छोरा तथा दुई छोरीका पिता महर्जनको अब बाँकी उपचार घरमै हुने भएको छ । ४० वर्षीय महर्जन भन्दै थिए, 'मैले जस्तो स्वतन्त्रताको लडाइँ अबको पुस्ताले गर्नुनपरोस् ।' चिकित्सकहरूका अनुसार उनले जीवनभर उपचार गर्नुपर्छ । जापानबाट आएका चिकित्सकहरूले उनलाई घरमै उपचार गरिरहेका छन् । जनआन्दोलनका दुई जना गम्भीर घाइतेमध्ये अर्का मुकेश कायस्थको भने अझै होस खुलेको छैन । मुकेश पनि केही महिनाअघि आफ्नो घर बनेपा फर्काइएका छन् ।



## मुखाले

एउटा हुकुम दिने (राजा) गए पनि अर्को हुकुम दिने (माओवादी) आएको छ ।

**केपी ओली, नेता, नेकपा (एमाले)**

अदालत न्यायमुखी होइन, न्यायाधीशको सेवामुखी भएको छ ।

**अनुपराज शर्मा**
**वरिष्ठ न्यायधीश, सर्वोच्च अदालत**

केही मानिस मलाई पुष्पकमल नामले सम्बोधन गर्न थालेका छन् । त्यो नाममा परम्पराको गन्ध आउँछ, प्रचण्डले भने पूरा नेपाल समेट्छ ।

**पुष्पकमल दाहाल**
**अध्यक्ष, नेकपा (माओवादी)**

मेरो अर्जुन दृष्टि संविधान निर्माणमा छ, मैले अरू केही हेर्छु भने पनि सक्तिनँ ।

**सुवासचन्द्र नेम्वाङ**
**सभाध्यक्ष, संविधानसभा**

हामीसँग पार्टीएकता हुन सकेन भने माओवादी खस्कने प्रक्रियातर्फ लम्कनेछ ।

**नारायणकाजी श्रेष्ठ 'प्रकाश'**
**महासचिव, नेकपा (एकताकेन्द्र, मसाल)**

राष्ट्रपतिले माओवादीलाई सात दिनको म्यादसहित सरकार बनाउन आह्वान गर्नु संविधानको उल्लंघन हो ।

**दिनानाथ शर्मा, नेता, नेकपा (माओवादी)**


आफ्नो बोली बोल्दा र आफ्नो लुगा लगाउँदा कसैले गाली गर्छ भने त्यो मेरो दोष होइन ।

**परमानन्द झा, उपराष्ट्रपति**

माओवादीलाई समावेशी नै चाहिएको भए पुष्पकमल दाहाल प्रधानमन्त्री किन हुने ? रामबहादुर थापा 'मगर' लाई पठाए हुन्न ?

**माधवकुमार नेपाल, नेता, नेकपा (एमाले)**

# उमेरले नछेकेको रहस्यमय प्रेम



पृष्ठ १ बाट जारी

शोभराजलाई भेटेपछि उनको खुलापन र बौद्धिक खुबीलाई नियालेर उनी निर्दोष व्यक्ति हुन् भन्ने थाहा पाएको निहिता बताउँछिन्। पहिलो नजरमै यो मानिस असाधारण खुबी भएको मानिस हो जस्तो लाग्यो, त्यसकारण मैले त्यही भेटमा आफ्नो मुटुमा शोभराजलाई बसाएँ, निहिता भन्छिन्- मेरो जन्म नै शोभराजका लागि भएको महसुस गरें।

परम्पराअनुसार परम्परागत संस्कृतिलाई पछ्याइरहेको मुलुकका निम्ति नौलो लाग्ने यो प्रेमका कारण विभिन्न लान्छना लागे पनि आफूमा विचलन नआएको निहिता बताउँछिन्। निहिताको परिवारमा प्रेमविवाह सामान्य थियो। उनका बुबा-आमाले पनि अन्तर्जातीय प्रेमविवाह गरेकाले प्रेमका विषयमा परिवार उदार थियो। बंगाली मूलका बाबु र नेपाली आमाकी सन्तान निहिता परिवारले दिएको खुलापनकै कारण आफ्नो प्रेमका सम्बन्धमा सबैभन्दा पहिले परिवारलाई नै जानकारी गराएको बताउँछिन्।

शोभराज चाँडै छुट्ने र उनीसँग नेपालमै वा फ्रान्स गएर जीवन बिताउने योजना बनाएको यी युवतीले बताइन्। यो प्रेमसम्बन्धलाई विदेश जाने बहाना भएको बताउनेहरू पनि छन्, निहिताले भनिन्- मलाई फ्रान्स जान शोभराजसग प्रेम गरिरहनुपर्दैन।

शोभराजसँग बस्ने समय जति भए पनि त्यो महत्त्वपूर्ण हुने निहिता जिकिर गर्छिन्। उनले भनिन्- म शोभराजसँग लामो समय खुसीसाथ बिताउनेछु।

**कसरी भेटिन् शोभराजलाई ?**

चार्ल्स शोभराजको जन्मकैद विरुद्धको अपिलका लागि फ्रान्सबाट आएकी इसावेल कौतापेरेले काठमाडौं आएपछि उनका लागि दोभाषे र गाइडका निम्ति भरपर्दो व्यक्तिको खोजी गरेकी थिइन्। दोभाषेका निम्ति पत्रिकामा विज्ञापन आएपछि निहिता सोही विज्ञापन र आफ्नो व्यक्तिगत विवरण बोकेर केन्द्रीय कारागर पुगेकी थिइन्। उनी त्यहाँ निर्धारित समयभन्दा ढिलो पुग्दा इसावेल फ्रान्स पुगिसकेकी थिइन्। त्यसकारण दोभाषे र गाइडका निम्ति उनले अवसर पाइनन्, तर एकै नजरमा चार्ल्स र उनीबीच एक प्रकारको भावनात्मक सम्बन्ध गाँसिइसकेको थियो। आफ्नो सहयोगका निम्ति आउने अन्य युवतीको तुलनामा विश्वासयोग्य भएकाले शोभराजले उनलाई आफ्नो खाना प्रबन्धका निम्ति काम गरिदिन आग्रह गरे। शोभराजको व्यक्तित्वबाट प्रभावित निहिता त्यो काम गर्न तयार भइन्।

**यसरी भयो प्रेम**

फलामे डण्डीभित्र बसेको कैदी र उनलाई भेट्न आउने युवतीबीच कसरी प्रेमको सूत्रपात भयो, धेरैलाई अचम्म लागेको हुनसक्छ। निहिताभन्दा अघि पनि अन्य युवतीले चार्ल्स शोभराजका निम्ति काम गरेका थिए, तर निहिता नै शोभराजको रोजाइमा कसरी परिन् त ? निहिता भन्छिन्- 'शोभराजकै भनाइमा यसअघि आउनेहरूभन्दा म विश्वासयोग्य भएकाले उनले मलाई साथी बनाएको बताउने गरेका छन्।' निहिता पहिलो भेटमै एक-अर्काबीच प्रेममय वातावरण सिर्जना भएको बताउँछिन्। पहिलो भेटलगत्तै दोस्रो भेट कतिखेर हुन्छ होला जस्तो भएको उनको अनुभव छ। जेलमा ५ फिट परको दूरीमा २० मिनेट बोल्न पाउने अवसरमा एक-अर्कासँग खुलेर गफ गर्ने गरेको उनी बताउँछिन्। 'प्रत्येक दिनको भेटमा एक-अर्काबीच प्रेम गाढा हुँदै गएको थियो।' निहिता भन्छिन्- 'शोभराजमा देखावटीपन छैन, म यस्तो वा त्यस्तो भनेर उसले फुर्ती लगाउँदैनन्, पढेको र यो संसारका हरेक गतिविधिलाई सूक्ष्म ढंगले बुझेको भए पनि ऊ बाठो भएर मैले यो जानेको छु भन्दैनन्, सोध्दै जाँदा उसले उत्तर दिँदै जान्छन्, ऊसँग यसरी नै विभिन्न जिज्ञासा राख्ने क्रममा म ऊप्रति अझ बढी आकर्षित हुँदै गएकी थिएँ।' शोभराजसँगको भेटमा उनको पढाइ, विभिन्न समयका यात्राप्रसङ्ग तथा विश्वराजनीतिका बारेमा गफ हुने गरेको निहिता बताउँछिन्। शोभराज अपराधी भएको भन्ने भए पनि उनीमाथिका आरोपहरू सत्य नहुन सक्छन् जस्तो लाग्दै गएको थियो। निहिता भन्छिन्- त्यसकारण मैले उसलाई अविश्वास गरिहाल्नुपर्ने वातावरण थिएन, वास्तविकता बुझेपछि उनी साँच्चै निर्दोष छन् भन्ने थाहा भयो।

दुई सातापछि नै उनीहरू अत्यन्तै नजिक भैसकेका थिए। जेलभित्र रहेका मानिसहरूबीच यो जोडीको प्रेमकथा रोमाञ्चक बनेको थियो। जेलप्रशासनका अनुसार उनीहरूले सार्वजनिक रूपमै आफ्नो प्रेमलाई प्रस्तुत गरेका थिए। 'त्यहि समयमा हुनसक्छ, शोभराजले हामी यति धेरै नजिक भैसक्यौं, के हामी जीवनभरका निम्ति साथी बन्न सक्छौं भनेर प्रेमप्रस्ताव राखे,' निहिता भन्छिन्- 'मैले हुन्छ भनें। त्यसपछि आमालाई लिएर गएँ, आमाले पनि शोभराजसँग कुराकानी गर्नुभयो र हाम्रो प्रेमका निम्ति हरियो झन्डा देखाइदिनुभयो।' दुवै राजी भएपछि जेलमै उनीहरूले औंठी साटासाट गरे। अहिले पनि निहिता प्रायः हरेक दिन शोभराजलाई भेट्न जेल पुग्छिन्। आगामी साउन २७ गते सर्वोच्च अदालतले शोभराजलाई सफाइ दिने आशामा बसेकी यी युवती त्यसलगत्तै शोभराजसँग विवाह गर्ने पक्षमा छिन्।

**शोभराजको बखान**

शोभराजकी गर्लफ्रेन्ड भएका कारण पनि उनले शोभराजका राम्रा पक्षको वर्णन गर्नु सामान्य हो, तर निहिता भन्छिन्– कसैसँग कफी खाएर मात्र उसलाई चिन्न सकिन्छ भन्ने आधारलाई म मान्न तयार छैन, विगत तीन महिनादेखि म उसको बानीव्यवहार, चालचलन र बोलचाल हेर्दै आएकी छु, मैले जति बढी उनलाई भेट्दै गएकी छु, त्यती नै बढी मन पराएकी छु।

**शोभराजको बचाउमा निहिता**

यतिखेर शोभराजको बचाउमा निहिता र उनको परिवार नै सक्रिय छ। निहिताकी कानुन व्यवसायी आमा शकुन्तला थापाले समेत यो केसमा शोभराजको पक्षमा काम गरिरहेकी छिन्। मैले पनि उसका बारेमा विस्तृत जानकारी पाएपछि यो केस लड्ने निर्णय गरेकी हु, शकुन्तला थापाले भनिन्- छोरीका कारण ऊसँग सेन्टिमेन्ट जोडिए पनि मैले उसका सम्पूर्ण कागजात अध्ययन गरेर मात्र यो निर्णय लिएकी हुँ। निहिताका अनुसार नेपाल सरकारले शोभराजमाथि लगाएका आरोपहरू मिथ्या हुन्। निहिता भन्छिन्- करिब ३० वर्षअघि भक्तपुरमा मारिएका दुई बेलायती युवतीको हत्यामा क्यानेडियन नागरिकको संलग्नता रहेको भनेर नेपाल सरकारले मिसिल तयार गरेको थियो।

१९९३ मा चार्ल्स शोभराज श्रृंखलाबद्ध युवती हत्याकाण्डमा सक्रिय रहेको भारत सरकारको प्रतिवेदन सार्वजनिक भएपछि तत्कालीन सरकारले शोभराजलाई शंकाका आधारमा अपराधी घोषित गरेको थियो। सन् २००३ मा नेपाल आएका शोभराजलाई सरकारले पक्राउ गरेर कानुनी कारबाहीका निम्ति जेल चलान गरे पनि अहिलेसम्म वास्तविक डकुमेन्ट पेस नगरी अन्यौलमा राखेको छ। यसपटक सर्वोच्च अदालतले वास्तविक कागजात माग्ने भएकाले शोभराजको विपक्षीले त्यो कागजात जुटाउनुपर्ने भएको छ। यदि उनीहरूले कागजात जुटाउन नसके शोभराज स्वतः रिहा हुनेछन्। निहिताका अनुसार वास्तवमा शोभराज सबैतिरबाट ठगिएका व्यक्ति हुन्।

**को हुन् निहिता ?**


निहिता विश्वास, संगीतकार निखिल विश्वास तथा अधिवक्ता शकुन्तला थापाकी छोरी हुन्। एक दशकदेखि ललितपुरमा बस्दै आएको यो परिवारलाई बंगाली भनेर परिभाषित गरिए पनि उनीहरू तीन पुस्ता अघिदेखि काठमाडौंमा बस्दै आएका हुन्। माथवरसिंह थापा आफ्नो पुर्खा भएको बताउने निहिताकी आमा माथवरसिंह थापा ट्रस्टकी अध्यक्ष पनि हुन्। हामीलाई त नेपाली नै होइन जस्तो गरियो, आक्रोशित मुद्रामा शकुन्तला थापाले भनिन्- हामीलाई एक्लो बनाउन खोजियो, तर हामी एक्लै छैनौं, हाम्रो परिवार तपाईंहरूले सोचेभन्दा ठूलो छ।

आमसञ्चार तथा पत्रकारितामा क्यारियर विकास गर्ने लक्ष्य बनाएकी निहिताले वैवाहिक जीवनसँगै अध्ययनलाई अघि बढाउने निर्णय लिएकी छिन्। निहिता भन्छिन्– अब मेरो पहिलो दायित्व शोभराजलाई निर्दोष सावित गर्नु हो। निहिताका धेरै ब्वाइफ्रेन्ड छन् भनिन्छ नि ? प्रत्युत्तरमा उनी भन्छिन्- मलाई मन पराउने धेरै हुन सक्छन्, तर मैले पहिलो प्रेम शोभराजसग गरेको हो।

**शोभराज को हुन् ?**

अपराधको संसारमा चार्ल्स शोभराजलाई विकिनीकिलरको संज्ञा पनि दिइन्छ। शोभराज युवतीहरूसँग प्रेमको नाटक गरेर उनीहरूलाई फसाइसकेपछि हत्या गर्ने अपराधीका रूपमा चिनिन्छन्। शोभराजले अहिलेसम्म १२ युवतीको हत्या गरेको आरोप छ। विष ख्वाएर हत्या गरेपछि अनुहार जलाएर नचिनिने बनाएर विकिनीसहितको लासमात्र छोड्ने हुँदा उनलाई विकिनीकिलर भनिएको हो। सन् १९४४ अप्रिल ६ मा भियतनाममा जन्मिएका चार्ल्स शोभराजकी आमा भियतनामी तथा बाबु भारतिय हुन्। उनका बाबु पाण्डेचरीका सिन्धी थिए। दुई देशका अभिभावक भएका शोभराजले सानै उमेरदेखि विभिन्न राष्ट्रमा हुर्कने अवसर पाए। शोभराज १६ वर्षको उमेरदेखि नै आपराधिक कार्यमा सक्रिय थिए भन्ने आरोप छ। अपराधकै क्रममा उनी भारत पसेका थिए। भारतमा उनले सुरुमा कार चोरीको धन्दा चलाएका थिए, जसमा उनकी श्रीमतीले उनलाई साथ दिएको बताइन्छ। सन् १९७३ मा होटल अशोकामा रहेको गहना लुटपाट उनको ठूलो अपराध थियो। उक्त आरोपमा उनी पक्राउ पनि परेका थिए, तर केही समयमै उनी जेलबाटै फरार भए। तर फरार रहेकै अवस्थामा सुरक्षाकर्मीले उनलाई पक्रिए, त्यसपछि धरौटीमा रिहा भएका शोभराजले अफगानिस्तानमा लुटपाट मच्चाएका थिए। विभिन्न मुलुकका पासपोर्ट बनाउन माहिर शोभराजलाई अफगानिस्तानमा पनि गिरफ्तार गरिएको थियो, त्यसबीच उनी इरान पुगे। भाइ आन्द्रेसँगको भेटपछि उनीहरूले ग्रीस र टर्कीमा आतंक मच्चाएका थिए। त्यहाँ दुवै भाइ पक्राउ परेका थिए। जसअनुसार उनीहरूलाई १८ वर्षको जेलसजाय सुनाइएको थियो, तर शोभराज त्यहाँबाट पनि भाग्न सफल भए। त्यसपछि उनले थाइल्यान्ड र हङकङमा तीन-तीन जना युवतीको हत्या गरेका थिए। यसबीचमा उनले नेपालमा पनि दुई ब्रिटिस नागरिकको हत्या गरेको आरोप छ। थाइल्यान्ड सरकारले खोजिरहेको थाहा पाएपछि उनी इजरायली नागरिकको हत्या गरी उसको पासपोर्ट प्रयोग गर्दै हिंडेका थिए।

थाइल्यान्ड सरकारले पक्रिए पनि उनी त्यहाँबाट पनि फरार भएका थिए। लामो समयसम्म नेपालको जेलमा टिकेका भनिएका शोभराजले सन् १९८६ मा भारतको तिहाड जेलमा भव्य भोज ख्वाएर भाग्न सफल भएका थिए। त्यो भोजमा उनी नशालु पदार्थ मिश्रण गरी सबैलाई बेहोस बनाएर भागेका थिए। त्यसपछि सन् २००३ सेप्टेम्बरमा काठमाडौंमा उनी पक्राउ परेका थिए। शोभराज अहिले पनि सम्पन्न व्यक्ति मानिन्छन्। उनी र उनकी श्रीमतीबीच सन् १९७४ मा सम्बन्धविच्छेद भएको भनिए पनि अहिलेपनि उनीहरूबीच निरन्तर सम्पर्क हुने गरेको शोभराजका वकिल लोकभक्त राणा बताउँछन्। पेरिसमा बस्दै आएकी उनकी श्रीमती र छोरीसँग भेटेर जीवन बिताउने कल्पनामा शोभराज रहेको एकथरी



सूत्र बताउँछ।

चार्ल्स शोभराज अहिले पनि सम्पन्न व्यक्तिमा गनिन्छन्। उनीसँग पर्याप्त पैसा पनि भएको बताइन्छ। त्यसबाहेक आफूले लेखेका पुस्तक तथा उनका बारेमा निर्माण गरिएका डकुमेन्ट्रीबाट पनि उनले थुप्रै पैसा कमाएका छन्। शोभराजले आफ्नै चलचित्र निर्माण तथा विभिन्न कम्पनी सञ्चालन गरिरहेको निहिता बताउँछिन्। चार्ल्सले आफ्नी श्रीमतीसँगको सम्बन्ध साथीको मात्र रहेको बताएको निहिताले बताइन्।

**खेल नम्बर एक**

शोभराज र निहिताले इन्गेजमेन्ट गरेको लामो समयसम्म पनि यो खबर केन्द्रीय कारागारभन्दा बाहिर आउन सकेको थिएन्। जेलभित्रको अनियमितताका बारेमा शोभराजको विरोध र त्यसमा निहिताले साथ दिएपछि यो समाचार बाहिर आएको निहिता बताउँछिन्। यता जेल प्रशासन भने उनीहरूले अश्लील कार्य उच्च विन्दुमा पुगेपछि यो समाचारबाहिर आएको उल्लेख गर्छ। निहिताका अनुसार त्यहाँभित्रको अन्यायका बारेमा बोल्न थालेपछि जेल प्रशासनले उनीहरूलाई भेट्न नदिन विभिन्न प्रयास गरेको थियो। जेलसम्बद्ध टासी लामाले यो समाचारबाहिर ल्याएको निहिता पक्ष उल्लेख गर्छ। निहिताका अनुसार बढी बाठो भए समाचार प्रकाशित गरेर धज्जी उडाइदिने धम्की दिइएको थियो। निहिता पक्षले प्रेमप्रसंग सार्वजनिक गर्न नचाहे पनि गलत ढंगले समाचार आएपछि बाध्य भएर आफूहरू पनि मिडियामा आउनुपरेको बतायो। मिडियामा आइसकेपछि तिमी नकारात्मक बाटोमा अगाडि बढिरहेकी छौ, अब एउटा आँधी आउँदैछ, त्यसको सामना गर्न तयार रहनु भनेर धम्की आएको निहिता बताउँछिन्। पछिल्ला दिनमा विभिन्न स्थानबाट फोन आउने र अपहरणको धम्की दिने गरेको उनले बताइन्। यो खेलमा जेलप्रशासन एक पक्ष र शोभराज र निहिता अर्को पक्ष छन्। निहिता भन्छिन्– अब म चाँडै नै जेलभित्र हुने विभिन्न कर्तुतको पर्दाफास गर्नेछु।

**खेल नम्बर दुई**

झट्ट सुन्दा पत्यार नलाग्नेजस्तो यो प्रेमप्रसंगलाई अहिले एकथरी खतरनाक षड्यन्त्रको संज्ञा दिन्छन्। उनीहरूका अनुसार यो प्रेमसम्बन्ध एउटा खेल मात्र हो। जसमा निहिता एक पात्र हुन्। यस विषयमा विभिन्न सञ्चारमाध्यमले सार्वजनिक गरेका समाचार सम्पूर्ण रूपमा गलत भएको निहिता परिवार बताउँछ। निहिता भन्छिन्– मैले साँचो प्रेम खुला रूपमा गर्दा यस्ता लाञ्छनाहरू भोग्नुपरेको छ। एकथरी भन्छन्– निहिता भारतिय गुप्तचर संस्था 'र' का निम्ति काम गरिरहेकी छिन्। ठूलो पैसा प्रयोग गरिएको यो खेलमा निहिताले शोभराजलाई प्रेममा फसाउन सफल भएकाले उनलाई गोटीका रूपमा प्रयोग गरिएको हो। नेपाली कानुनअनुसार चाँडै नै रिहा हुने तरखरमा रहेका शोभराज उम्केर भाग्न नपाऊन् भनेर गुप्तचर संस्था 'र' ले शोभराजलाई फन्दामा पार्न निहितालाई प्रयोग गरेको तर्क केहीको छ। भारतीय सञ्चारमाध्यमले आवश्यकभन्दा बढी स्थान दिइएको यो खेलमा समग्र भारत सरकारको भित्री चासो रहेको बाहिरी रूपमा पनि देखिएको छ। भारतमा करिब एक दर्जन मुद्दाका फरार अपराधी शोभराजलाई त्यहाँको कानुनले फाँसीको सजायसम्म सुनाउन सक्ने कानुनविद्हरू बताउँछन्, तर पैसाका निम्ति वा चर्चामा आउन यो प्रेम गरेको कुरा असत्य भएको निहिता जिकिर गर्छिन्।

**खेल नम्बर तीन**

चार्ल्स शोभराज खतरनाक अपराधी हुन् भनेर जसरी चरितार्थ गरिएको छ, त्यसलाई नेपाली परिवेशमा उल्ट्याउन यो खेल खेलिएको भन्नेहरू पनि छन्। उनीहरूका अनुसार शोभराज निर्दोष व्यक्ति हुन, उनीमाथि आरोपहरू थोपरिएको हो भनेर पुष्टि गर्ने प्रयास पनि हुनसक्छ। जसअनुसार नेपाली चेलीले उनका बारेमा सबै थाहा पाएर उनी निर्दोष छन् भन्ने पत्ता लाग्यो भनेर व्याख्या गर्न खोजिएको छ। नेपालीसँग सम्बन्ध गाँसिने भएपछि सामान्य रूपमा उनीप्रति सकारात्मक भावना वृद्धि हुने सम्भावना पनि हुन्छ। यो प्रेमप्रसंगमा जसरी निहिताले शोभराजलाई साँचो प्रेम गरेको बताएकी छिन् त्यसरी नै शोभराजले पनि उनीसँग प्रेम गरेका छन् त ? शोभराजले जेलबाहिर आउनका निम्ति निहितालाई प्रयोग गरेका पनि हुन सक्छन् भन्ने प्रश्न पनि महत्त्वपूर्ण छ।

# कृषि इन्जिनियरिङको अध्ययन

**राजु घिसिङ**

धरान- कृषिप्रधान मुलुक भएकाले कृषिको आधुनिकीकरण नभै विकसित नेपालको कल्पना गर्न सकिँदैन । कृषिमा यान्त्रीकरणको माध्यमबाट अत्यधिक उत्पादन गर्न सके कृषिमा आधारित ८० प्रतिशत नेपालीको जीवनस्तरमा सुधार आउने निश्चित छ । यान्त्रीकरणको माध्यमबाट कृषिलाई आधुनिकीकरण गर्न ठूलो संख्यामा कृषि इन्जिनियरहरूको आवश्यकता पर्छ ।


धरानस्थित पूर्वाञ्चल क्याम्पस कृषि इन्जिनियरिङ अध्यापन गराइने देशकै एक मात्र इन्जिनियरिङ क्याम्पस हो । सन् २००२ सालदेखि प्रारम्भ भएको स्नातक तहको चारवर्षे कोर्स (बीई एग्रीकल्चर) को डिग्री लिएका यहाँका सबै उत्पादन आकर्षक रोजगारीमा छन् । 'यहाँ पढेका कुनै कृषि इन्जिनियरले बेरोजगार हुनुपरेको छैन,' कृषि इन्जिनियरिङ विभागका प्रमुख दीपेन्द्रनाथ गुप्ताले बताए । कृषि इन्जिनियरिङ विद्यार्थी समाजका अध्यक्ष राजदीप श्रेष्ठका अनुसार नेपालमा कृषि इन्जिनियरको संख्या करिब ३ सय छ। जसमा पूर्वाञ्चल क्याम्पसबाट ३ ब्याचमा ६७ जना कृषि इन्जिनियर उत्पादन भैसकेका छन् ।


कक्षा-१२ र प्रवीणता प्रमाण-पत्र तहको नतिजा आएको एक महिनामा सामान्यतया प्रवेश परीक्षा सञ्चालन हुन्छ । कुनै पनि विषयमा डिप्लोमा इन इन्जिनियरिङ तथा विज्ञान विषय लिएर प्लस-२ वा प्रवीणता प्रमाण-पत्र तह कम्तीमा ५० प्रतिशत अंक ल्याई उत्तीर्ण गरेका विद्यार्थीहरू बीई एग्रीकल्चरको प्रवेश परीक्षाका निम्ति योग्य हुन्छन् । विज्ञानमा प्लस-२ वा प्रवीणता प्रमाण-पत्र तह उत्तीर्ण गरेका विद्यार्थीहरूले २ सय पूर्णांकको गणित अध्ययन गरेको हुनुपर्छ । बीई एग्रीको प्रवेश परीक्षामा फिजिक्स र गणितका समान १०० पूर्णांकको प्रश्न सोधिन्छ । कुल ४५० पूर्णांकको प्रवेश परीक्षामा रसायनशास्त्र, इन्जिनियरिङ ड्रइङ तथा अंग्रेजीबाट समान ५० पूर्णांकको प्रश्न दिइन्छ ।


आठ सेमेस्टरको बीई एग्रीकल्चरमा प्रत्येक वर्ष २४ जना विद्यार्थी भर्ना लिइन्छ । नियमित र डोनेसन (शुल्किय) कोटामा १२/१२ जना विद्यार्थीलाई पढाइन्छ । नियमित कोटाका विद्यार्थीले डिपोजिटसहित ३ हजार ४ सय रुपैयाँ भर्ना शुल्क र प्रतिसेमेस्टर १ हजार ५ सय रुपैयाँ शुल्क तिर्नुपर्छ । डिपोजिटसहित भर्नामा ४० हजार रुपैयाँ बुझाउनुपर्ने शुल्कीय कोटाका प्रतिसेमेस्टर २९ हजार ५ सय रुपैयाँ शुल्क तोकिएको छ । विभिन्न छात्रवृत्तिमा अब्बल विद्यार्थीहरू नियमित कोटामै अध्ययन गर्न पाउँछन् । मासिक ९० रुपैयाँ मात्र शुल्क लाग्ने सीमित कोटाको छात्रावास, पुस्तकालय एवं प्रयोगशालाको पनि व्यवस्था छ ।


त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गतको पूर्वाञ्चल क्याम्पस धरानको तीनकुनेमा छ । बीई एग्रीकल्चरमा फार्म पावर एन्ड मेसिनरी, प्रोसेस एन्ड फुड एग, वाटर म्यानेजमेन्ट, स्वाइल कन्जर्भेसन एन्ड वाटरसेड म्यानेजमेन्ट तथा रुरल इनर्जी गरी कुल ६ वटा विषय अध्ययन गर्नुपर्छ । कृषिको आधुनिकीकरण गर्दै कृषिमा आधारित उद्योगहरू स्थापना तथा विकास गर्न कृषि इन्जिनियरहरू आवश्यक पर्छ । कृषि इन्जिनियरको सहयोगमा सस्तो मूल्यमा भारत निकासी भैरहेका नेपाली कच्चापदार्थ, जडीबुटी नेपालमै प्रशोधन गरेर स्थानिय बजारमा सस्तो मूल्यमा वितरण गर्न सकिन्छ ।


कृषि इन्जिनियरिङले कृषि यान्त्रीकरण, उत्पादन वृद्धि, बजार व्यवस्थादेखि पुन उत्पादनसम्मको अध्ययन-अनुसन्धान गर्छ । थोरै परिश्रम र लगानीबाट धेरैभन्दा धेरै उत्पादन गर्न कृषि इन्जिनियर चाहिन्छ । नेपालको विकास गर्न हजारौं कृषि इन्जिनियरको आवश्यकता भएकाले यो विषय अध्ययन गरेका विद्यार्थीहरूको भविष्य सुरक्षित रहेको विभागीय प्रमुख दीपेन्द्रनाथ गुप्ता बताउँछन् । गुप्ता भन्छन्- 'कृषि इन्जिनियरले कृषि, सिञ्चाइ, माटो संरक्षण, पानी वितरण व्यवस्थापन, सडक आयोजना तथा ग्रामीण विकासमा कार्यरत सरकारी कार्यालय, संस्थान, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, कृषि एवं खाद्य प्रशोधन उद्योगहरूमा काम पाउँछन् ।'














# रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङमा आकर्षण

धरान- पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट २८ वर्षअघि प्रारम्भ भएको रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङको अध्ययन हाल धरानस्थित पूर्वाञ्चल क्याम्पसमा भैरहेको छ । ओभरसियर अर्थात् प्रवीणता प्रमाण-पत्र तहसरहमा ३ वर्षे 'डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङ' अध्ययन गर्न सकिन्छ ।

पूर्वाञ्चल क्याम्पसमा रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङमा बर्सेनि २४ जना विद्यार्थी भर्ना लिइन्छ । वि.सं. २०५२ सालदेखि पूर्वाञ्चल क्याम्पस, धरानमा यो विषय सारिएको हो । हालसम्म यहाँन्यून शुल्क लाग्ने नियमित विद्यार्थीको कोटामा सबै २४ जना अध्ययन गरिरहेका छन् । प्रवेशिका परीक्षामा कम्तीमा ५० प्रतिशत तथा सव-ओभरसियर तहमा ६८ दशमलव ३३ प्रतिशत अंक ल्याएका विद्यार्थीहरू रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङ अध्ययनका निम्ति योग्य ठहरिन्छन् । डिप्लोमा तहको अन्य इन्जिनियरिङ विषयसरह यो विषयको पनि प्रत्येक वर्ष भदौ महिनामा प्रवेश परीक्षा सञ्चालन गरिदै आएको छ ।


वैदेशिक रोजगारमा जान चाहने विद्यार्थीहरूका निम्ति रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङ सबैभन्दा राम्रो विषय भएको रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङ विभागका प्रमुख विश्वप्रसन्न अमात्य बताउँछन् । शैक्षिक भ्रमणमा विभिन्न कम्पनीमा पुग्दा कम्पनीहरूले आकर्षक पारिश्रमिकमा जागिरको अफर गरिरहेको दृष्टान्तले नेपालमै पनि यो विषय अध्ययन गर्ने विद्यार्थीको क्यारियर सुरक्षित रहेको अमात्यले बताए ।


दूरसन्चार,दूध डेरी, ठूला होटल तथा उद्योगहरूमा रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङ अध्ययन गरेका कामदारको सधैं आवश्यकता पर्छ । लामो समयसम्म खाद्यसामाग्री सुरक्षित राख्न रेफ्रिजेरेटर प्रयोग गर्ने चलन बढ्दै गएकाले यो विषय अध्ययन गरेका विद्यार्थीलाइ रोजगारी खोज्न गाह्रो पर्दैन ।


त्यसैगरी विश्वव्यापी रूपमा मौसममा वृद्धि भैरहेको तातोपना र प्रतिस्पर्धात्मक व्यवसायीकरणका कारण घट्दो मूल्यमा रेफ्रिजेरेटर पाइनुले प्रयोगकर्ताको संख्या बढेको छ । प्राध्यापक अमात्यका अनुसार यो विषय अध्ययन गरेका जनशक्ती थोरै हुनु र रेफ्रिजेरेशनको प्रयोग बढ्नुले यसको आकर्षण थपेको छ ।


आवश्यक मात्रामा जनशक्ति उत्पादन भए नेपालका ठूला उद्योगहरू धानिरहेका भारतीय प्राविधिकहरू विस्थापन गरी ठूलो रकम बिदेसिनबाट जोगाउन सकिन्छ । मेकानिकल कार्य धेरै भएकाले यो विषय कम्युनिस्ट मुलुकहरूमा मेकानिकल विभाग र पुँजीवादी मुलुकहरूमा इनर्जी युटिलाइजेसन विभाग अन्तर्गत अध्यापन गराइन्छ । जम्मा ६ सेमेस्टरको डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङको पहिलो वर्षमा मेकानिकल र इलेक्ट्रिकल विषय पढ्नुपर्छ । दोस्रो वर्षमा रेफ्रिजेरेसन, एयर कन्डिसनिङ तथा इलेक्ट्रिकल अध्यापन गराइन्छ । अन्तिम वा तेस्रो वर्षमा रेफ्रिजेरेसन र एयर कन्डिसनिङ मात्रै पढ्नुपर्छ ।


यो विषयमा भर्ना पाउन प्रवेश परीक्षामा अंग्रेजी, गणित र विज्ञान विषयबाट ५०-५० पूर्णांकको प्रश्न सोधिनेछ भने रसायशास्त्रको प्रश्न २५ पूर्णांकको रहनेछ । प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूले धरौटीसहित भर्नामा २ हजार ४ सय रुपैयाँ शुल्क तिर्नुपर्छ । विद्यार्थीहरूबाट प्रतिसेमेस्टर १ हजार १ सय ९३ रुपैयाँ शुल्क लिइँदै आएको छ । हरियाली, शान्त वातावरणमा प्रयोगशाला, पुस्तकालय र छात्रावासको पनि व्यवस्था छ । डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयर कन्डिसनिङ इन्जिनियरिङ उत्तीर्ण गरेपछि स्नातक तहको जुनसुकै विषयमा पनि इन्जिनियरिङ अध्ययन गर्न पाइन्छ ।











# इन्जिनियर बन्ने हो ?

**आशिष लुइँटेल**

'प्लस टु' सकिएपछि इन्जिनियर बन्न के-के गर्नुपर्ने हो, मलाई केही थाहा थिएन । अग्रजहरूसँग बुझ्न थालें अनि 'इन्ट्रान्स प्रिपरेसन'का लागि एक इन्स्टिच्युटमा भर्ना भएँ । सबैतिर बुझ्दै गएँ अनि थाहा भयो- विज्ञान संकायमा 'प्लस टु' वा आईएस्सी वा सो सरह उत्तीर्ण गरेपछि अथवा एसएलसीपछि तीनवर्षे ओभरसियरिङको कोर्स पूरा गरेपछि इन्जिनियरिङको कोर्ष पढ्न योग्य भइन्छ । यो कोर्स गर्न चार वर्ष लाग्छ, तर आर्किटेक्चरका लागि भने पाँचवर्षे कोर्स गर्नुपर्छ ।

'प्लस टु'को 'रिजल्ट' लिएर काठमाडौं विश्वविद्यालयमा प्रवेश परीक्षामा सामेल भएँ र छनौटमा पनि परें । इन्जिनियर पनि कुन फिल्ड के बन्ने ? के-के विषय पढ्न सकिन्छ र त्यसका लागि के गर्नुपर्छ, यतिबेला सबैमा कौतूहलता छ । कलेज तथा विश्वविद्यालयहरूले धमाधम आवेदन फर्म लिइरहेका छन् । अरू विषय पढेकाहरूको तुलनामा प्राविधिक जनशक्ति 'बेरोजगार' हुनु नपर्ने र बजारमा पनि यिनीहरूको बढ्दो मागका बीचमा यसप्रति धेरैको आकर्षण रहेको पाइन्छ । त्यसमाथि धेरैको सानैदेखिको लक्ष्य नै डाक्टर वा इन्जिनियर बन्ने हुनाले पनि यसप्रति धेरै विद्यार्थीको चासो देखिन्छ ।

**कहाँ पढ्न पाइन्छ ?**

हाम्रो देशका त्रिभुवन, काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयअन्तर्गत ३० भन्दा बढी इन्जिनियरिङ कलेज सञ्चालनमा छन् । १५ वर्षअघि सिभिल इन्जिनियरिङ मात्र पढाइ हुने नेपालमा अहिले इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, कम्प्युटर, मेकानिकल, इन्भायरोमेन्ट, आर्किटेक्चर, एग्रीकल्चर, इन्फर्मेसन टेक्नोलोजी, जियोमेटिक्सजस्ता विषय छानी-छानी पढ्न पाइन्छ, जसको आ-आफ्नो ठाउँमा उत्तिकै महत्त्व छ ।

**कति खर्च लाग्छ ?**

निजी क्षेत्रका कलेजहरूले बी.ई. को चारवर्षे कोर्सका लागि २ लाखदेखि ४ लाखसम्म र पाँचवर्षे कोर्स ब्याचलर अफ आर्किटेक्चर (बी.आर्क.) का लागि साढे २ लाखदेखि ४ लाखसम्म लिने गरेका छन् । यसरी हेर्दा तुलनात्मक रूपले सस्ता छन् नयाँ कलेज, तर विद्यार्थीहरूको आकर्षण भने पुराना तथा स्थापित कलेजहरूतिरै छ ।

**कस्तो छ नेपालमा पढाइ ?**

निजी कलेजका लागि पर्याप्त शिक्षक नपाइने समस्या पनि छन् । अहिले पनि निजी स्तरमा खुलेका धेरै कलेजमा बीईका विद्यार्थीलाई भर्खरै बीई उत्तीर्णहरूले नै पढाइरहेका छन् । कम्प्युटर तथा इलेक्ट्रोनिक्स विषयमा यसो नगरी सुखै छैन । उदेकलाग्दो र विडम्बनाको कुरा त कतिसम्म छ भने राजधानीबाहिरका केही कलेजमा बीई अनुत्तीर्ण विद्यार्थीहरू पनि अस्थायी अध्यापक बनेका छन् । नियमतः यसो गर्न पाइँदैन, तैपनि यो क्रम रोकिएको छैन । यद्यपि यसो भन्दैमा निजी कलेजमा बीईको पढाइ नराम्रो हुन्छ भन्नेचाहिँ होइन । ५-६ करोडदेखि १४-१५ करोडसम्म लगानी गरिसकेका निजी कलेजहरू सर्वगुणसम्पन्न नभए पनि छिमेकी मुलुकहरूको तुलनामा सस्तोमा इन्जिनियरिङ शिक्षा उपलब्ध गराउन सफल छन् । देशभर बर्सेनि २ हजार ६ सय विद्यार्थी इन्जिनियरिङको स्नातक तथा स्नातकोत्तर तहमा भर्ना हुन्छन् र बर्सेनि १२-१४ सय इन्जिनियर उत्पादन हुन्छन् ।

**काम पाइन्छ ?**

निजी क्षेत्रमा इन्जिनियरिङ कलेज खुलेपछि नेपाली इन्जिनियरहरूको सङ्ख्या ह्वात्तै बढेको छ, तर मुलुकमा विकास निर्माण एवं आर्थिक क्रियाकलाप अवरुद्ध हुँदा उनीहरू पनि बेरोजगारहरूको भीडमा धकेलिँदैछन् । इन्जिनियरहरूको उत्पादन बढेको छ तर अवसरहरू भने बढेका छैनन्, बरु भएका पनि घट्दै गएका छन् । दूरसञ्चार र विद्युत् प्राधिकरणमा अति न्यून सङ्ख्याबाहेक सरकारी सेवामा इन्जिनियरहरूको प्रवेश अवरुद्धजस्तै छ । असुरक्षित वातावरणका बीच काम गर्न नसकिने अवस्था आएको तथा राजधानी र सदरमुकामभन्दा बाहिर गएर काम गर्न सक्ने अवस्था नभएकाले अवसरहरू खुम्चिएका हुन् ।

भर्खरै इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियर बनेका गौतम मोक्तान सिरहाको एक गाउँमा सर्वे गर्न जाँदा अपहरणमा परे । अपहरणबाट छुटेलगत्तै उनी देश छाड्ने तयारीमा छन् । यस्ता घटनाले मनोवैज्ञानिक त्रास फैलाएको छ, काम गर्ने वातावरण खल्बलिएको छ । आफ्नो देशमा इन्जिनियरिङ पढेपछि जानेको कुरा देशमै बाँड्न पाए देश छिटै उन्नति र विकासको पथमा लाग्ने थियो, तर स्थिति त्यस्तो नहुँदा नचाहँदा-नचाहँदै विदेशी भूमिमा सेवा गरिरहनुपरेको छ ।

इन्जिनियरिङ कलेज र तिनका उत्पादनको सङ्ख्यालाई हेरेर केही वर्षभित्रै बेरोजगार इन्जिनियरहरूको ताँती लाग्ने आशङ्का पनि गरिन्छ । यद्यपि प्राविधिक दक्षता संसारभर बिक्ने भएकाले 'ग्लोबल मार्केट' मा प्रभाव छोड्ने सम्भावनाहरू पनि उत्तिकै छन् । यो शिक्षा लिएपछि भोक भोकै मर्नुचाहि पर्दैन, आफैं पनि केही गर्न सकिन्छ ।

### इन्जिनियरिङ अध्ययन हुने क्याम्पस र विषय

| | |
|---|---|
| **पुल्चोक क्याम्पस** | **स्नातकोत्तर तह**<br>अर्बान प्लानिङ, स्ट्रक्चरल, इन्भाइरोमेन्टल, वाटर रिसोर्सेस, रिनुएबल इनर्जी, इन्फर्मेसन एन्ड कम्युनिकेसन, पावर सिस्टम तथा जिओटेक्निकल इन्जिनियरिङ ।<br>**स्नातक तह (बी.ई./बी.आर्क)**<br>सिभिल, आर्कीटेक्चर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल तथा कम्प्युटर इन्जिनियरिङ । |
| **पूर्वाञ्चल क्याम्पस, धरान** | **स्नातक तह (बी.ई.)**<br>सिभिल र एग्रीकल्चर इन्जिनियरिङ ।<br>**डिप्लोमा तह (इन्जिनियरिङ प्रवीण)**<br>सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, कम्प्युटर, मेकानिकल तथा रेफ्रिजेरेसन एन्ड एयर कन्डिसन । |
| **पश्चिमाञ्चल क्याम्पस, पोखरा** | **स्नातक तह (बी.ई.)**<br>सिभिल र इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन इन्जिनियरिङ ।<br>**डिप्लोमा तह (इन्जिनियरिङ प्रवीण)**<br>सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, कम्प्युटर, मेकानिकल तथा अटोमोबाइल । |
| **थापाथली क्याम्पस, काठमाडौं** | **स्नातक तह (बी.ई.)**<br>इन्डस्ट्रियल ।<br>**डिप्लोमा तह (इन्जिनियरिङ प्रवीण)**<br>सिभिल, आर्किटेक्चर, इलेक्ट्रोनिक्स, कम्प्युटर, मेकानिकल तथा अटोमोबाइल । |

# इन्जिनियरिङको आकर्षण

**राजु घिसिङ**

प्राविधिक जनशक्तिको अभाव विकासोन्मुख देशहरूको प्रमुख समस्या हो । पर्याप्त प्राविधिक जनशक्तिको आपूर्ति नभै देश विकासको कल्पना गर्न सकिँदैन । स्वदेशी प्राविधिक जनशक्तिकै अभावमा नेपाली उद्योग, परियोजनाहरूमा कार्यररत विदेशी नागरिकहरूमार्फत ठूलो रकम विदेश गैरहेको तीतो सत्य लुकाउन सकिँदैन ।

केही वर्षयता नेपाली अभिभावकहरूमा शैक्षिक चेतनामा आएको वृद्धिको प्रभावले विद्यार्थीहरू सुरक्षित भविष्यको खोजीमा क्यारियर बन्ने विषयको अध्ययनमा जोड दिन थालेका छन् । जुनसुकै देशमा पनि प्राविधिक जनशक्ति बेरोजगार नहुने भएकाले इन्जिनियरिङतर्फ नेपाली विद्यार्थीहरूको आकर्षण बढेको छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थानको स्थापनासँगै नेपालमा कलेज स्तरमा इन्जिनियरिङ विषयको अध्ययन-अध्यापन प्रारम्भ भएको हो । यसअघि सव-ओभरसियर र ओभरसियर तहको प्राविधिक जनशक्ति तालिमबाट उत्पादन गरिन्थ्यो ।

इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गतका पुल्चोक, थापाथली, पूर्वाञ्चल र पश्चिमाञ्चल क्याम्पस आधुनिक सुविधाहरूको अभाव झेल्दै सबैभन्दा सस्तो शुल्कमा अब्बल इन्जिनियरहरू उत्पादन गरिरहेका छन् । त्रिभुवन विश्वविद्यालयको तुलनामा महँगो शुल्कमा काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयको सम्बन्धनप्राप्त ३ दर्जन क्याम्पसमा प्रमाणपत्र र स्नातक तहमा इन्जिनियरिङको अध्यापन भैरहेको छ । स्नातकोत्तर तह पुल्चोक क्याम्पसमा मात्र पढ्न पाइन्छ ।

प्रमाणपत्र तहसरहको इन्जिनियरिङ अध्ययनलाई 'डिप्लोमा इन इन्जिनियरिङ' र 'इन्जिनियरिङ प्रवीण' भनिन्छ । इन्जिनियरिङ प्रवीण उत्तीर्ण ओभरसियर हुन्छन् । स्नातक तह ( बी.ई.) उत्तीर्ण गरेपछि मात्रै इन्जिनियर हुन सकिन्छ । तीनवर्षे इन्जिनियरिङ प्रवीण अध्ययनका निम्ति प्रवेश परीक्षा भदौ महिनामा हुँदैछ । चारवर्षे बीई र पाँचवर्षे बीआर्कको प्रवेश परीक्षा पनि भदौ महिनामै हुँदै आएको छ । बीई अन्तिम वर्षको नतिजा आएको एक महिना नबित्दै स्नातकोत्तर तहको अध्ययनका निम्ति प्रवेश परीक्षा हुन्छ ।

प्रवेशिका (एसएलसी) वा सो सरहको परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषय लिई कम्तीमा ५० प्रतिशत अंक ल्याई उत्तीर्ण भएका विद्यार्थीहरू इन्जिनियरिङ प्रवीण अध्ययनका निम्ति योग्य हुन्छन् । सव-ओभरसियर तहमा कम्तीमा ६८ दशमलव ३३ अंक हासिल गरेका विद्यार्थीहरू पनि सम्बन्धित विषयमा इन्जिनियरिङ प्रवीण अध्ययन गर्न योग्य मानिन्छन् । उनीहरू प्रवेश परीक्षा उत्तीर्ण गरेर इन्जिनियरिङ प्रवीण अध्ययनका निम्ति भर्ना हुन सक्छन् । कुल १ सय ५० पूर्णांकको प्रवेश परीक्षामा अंग्रेजी, गणित र विज्ञानबाट समान ५०-५० अंकको प्रश्न सोधिन्छ ।

उच्च माध्यमिक वा प्रवीणता प्रमाणपत्र तहमा भौतिक विज्ञान अध्ययन गरेका वा विज्ञान विषय लिई २ सय पूर्णांकको गणित अध्ययन गरी कम्तीमा ५० प्रतिशत अंक ल्याएका विद्यार्थीहरूले बीई अध्ययनका निम्ति प्रवेश परीक्षा दिन सक्छन् । कम्तीमा ५० प्रतिशत अंकमा इन्जिनियरिङ प्रवीण उत्तीर्ण विद्यार्थीहरू पनि बीई अध्ययनका निम्ति योग्य मानिन्छन् । कुल ४ सय ५० पूर्णांकको प्रवेश परीक्षामा फिजिक्स र गणितबाट समान १ सय तथा बेसिक कन्सेप्ट अफ ड्रइङ, अंग्रेजी र रसायनशास्त्रबाट समान ५० अंकको प्रश्न सोधिन्छ ।

इन्जिनियरिङ अध्ययन संस्थानलाई एसियामै अब्बल इन्जिनियरहरू उत्पादन गर्ने शैक्षिक संस्था मानिन्छ । त्यसैले त्रिभुवन विश्वविद्यालयको सर्टिफिकेट अन्तर्राष्ट्रिय बजारमा सजिलै बिक्छ । सीमित स्रोत, साधन, सुविधामा पनि न्यून शुल्कमा इन्जिनियरिङ अध्ययन संस्थानले ३६ वर्षयता अब्बल इन्जिनियरहरू उत्पादन गर्दै आएको छ । प्राविधिक जनशक्तिलाई स्वदेश तथा बिदेशमा ठूलो पारिश्रमिक दिइने भएकाले पनि विद्यार्थीहरूको ध्यान इन्जिनियरिङतर्फ केन्द्रित हुँदै आएको पूर्वाञ्चल क्याम्पसका सहायक प्राध्यापक विश्वप्रसन्न अमात्य बताउँछन् । जागिरे बन्न नचाहने प्राविधिक जनशक्तिको आफ्नै हातमा सीप हुने भएकाले उनीहरू निजी व्यवसाय सञ्चालन गरेर पनि राम्रो आम्दानी गर्न सक्छन् ।

वि.सं. १९९९ सालमा नेपाल प्रवेश गरेको इन्जिनियरिङ शिक्षा स्नातकोत्तर तहमा २०५३ सालदेखि पुल्चोक क्याम्पसमा अध्यापन प्रारम्भ भएको हो । आर्किटेक्चर विभागअन्तर्गत अर्बान प्लानिङ तथा सिभिल विभागअन्तर्गत स्ट्रक्चरल, इन्भाइरोमेन्टल, वाटर रिसोर्सेस, रिनुएबल इनर्जी, इन्फर्मेसन एन्ड कम्युनीकेसन, पावर सिस्टम र जियोटेक्निकल इन्जिनियरिङमा स्नातकोत्तर तहमा अध्यापन भैरहेको छ । सिभिल, आर्कीटेक्चर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल, कम्प्युटर, इन्डस्ट्रियल र एग्रिकल्चर इन्जिनियरिङमा स्नातक तह सञ्चालन भैरहेको छ । सिभिल, आर्कीटेक्चर, इलेक्ट्रोनिक्स, कम्प्युटर, मेकानिकल, अटोमोबाइल, रेफ्रीजेरेसन एन्ड एयर कन्डिसन तथा इलेक्ट्रिकल विषयमा डिप्लोमा तहमा अध्यापन गराइन्छ ।


# कर्कट राशिमा सूर्यग्रहण

आज साउन १७ गते शुक्रबार पूर्णकालीन सूर्य ग्रहण लाग्दैछ । यो ग्रहण सूर्य कर्कट राशिमा भएको बेला लाग्न थालेको हो । १ दशमलव ०३९ इकाइको अधिकतम नाप भएको यस ग्रहणको पूर्णरूप सबैभन्दा पहिले क्यानाडाको नुनाभुतमा देखिनेछ । अन्तर्राष्ट्रिय अन्तरिक्ष अध्ययन केन्द्र नासाका अनुसार पूर्ण सूर्य ग्रहण उत्तरी रुस, पश्चिम मंगोलिया र चीनमा पनि देखिनेछ । १ दशमलव ०३९ इकाइको अधिकतम सूर्य ग्रहण सबैभन्दा बढी समय १ सय ४७ सेकेन्डसम्म उत्तरी रुसमा देखिनेछ ।

नेपालमा भने सबैभन्दा पहिले स्थानीय समय अनुसार डडेलधुरामा दिउँसो ४ बजेर १७ मिनेट ४२ सेकेन्डमा गहण सुरु हुने पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । नेपालमा सबैभन्दा बढी ६४ दशमलव ८ प्रतिशत नाप भएको ग्रहण इलाममा देख्न सकिनेछ । यसपटक सूर्यलाई चद्रमाले केवल साढे दुई मिनेटका लागि छेकेको पृथ्वीका केही मानिसले मात्र देख्नेछन् । यी भाग्यमानी मानिसहरू ग्रिनल्यान्ड, मध्यरुस, मंगोलिया तथा चीनवासीहरू हुनेछन् ।

नेपालबाट भने शुक्रबारका दिन खण्डग्रास सूर्यग्रहणमात्र देख्ने सकिनेछ । चद्रमाले सूर्यलाई ४ बजेर २२ मिनेटमा ढाक्न सुरु गर्नेछ भने ६ बजेर १३ मिनेटमा ग्रहणको समाप्ति हुनेछ । तक्षशिला एकेडेमी विशालनगरले उक्त घटना हेर्न चाहने इच्छुक विद्यार्थी, शिक्षक तथा जिज्ञासुहरूका लागि टेलिस्कोपबाट हेर्ने सुविधा उपलब्ध गराउन लागेको खगोल विज्ञ जयन्त आचार्यले बताएका छन् ।

काठमाडौंमा दिउँसो ४ बजेर २२ मिनेट ७ सेकेन्डमा सुरु हुने ग्रहण १ घन्टा ५० मिनेट ५४ सेकेन्डपछि साँझ ६ बजेर १३ मिनेट १ सेकेन्डमा अन्त्य हुनेछ । पर्यटकीय नगर पोखरामा सबैभन्दा लामो अवधिसम्म ग्रहण लाग्नेछ । त्यहाँ २ घन्टा १ मिनेट ४६ सेकेन्ड ग्रहण लाग्नेछ । पोखरामा दिउँसो ४ बजेर २० मिनेट ४७ सेकेन्डमा सुरु भएर साँझ ६ बजेर २२ मिनेट ३३ सेकेन्डमा सकिनेछ ।



### नेपालको सूर्य ग्रहण तालिका

| स्थान | ग्रहण सुरु | ग्रहण अन्त्य | अवधि |
|---|---|---|---|
| बाग्लुङ | 16:20:04 | 18:12:24 | 1:52:20 |
| भैरहवा | 16:22:15 | 18:13:23 | 1:51:08 |
| भक्तपुर | 16:22:14 | 18:13:04 | 1:50:50 |
| भरतपुर | 16:22:14 | 18:13:07 | 1:50:53 |
| विराटनगर | 16:23:32 | 18:13:50 | 1:50:18 |
| वीरगन्ज | 16:24:57 | 18:14:06 | 1:49:09 |
| बुटवल | 16:21:49 | 18:13:10 | 1:51:21 |
| डडेलधुरा | 16:17:42 | 18:11:21 | 1:53:39 |
| धनगढी | 16:19:03 | 18:12:03 | 1:53:00 |
| धरान | 16:24:15 | 18:13:44 | 1:49:29 |
| हेटौंडा | 16:22:42 | 18:13:23 | 1:50:41 |
| इलाम | 16:24:09 | 18:13:32 | 1:49:23 |
| जनकपुर | 16:24:19 | 18:14:03 | 1:49:44 |
| जुम्ला | 16:18:06 | 18:11:21 | 1:53:15 |
| काठमाडौं | 16:22:07 | 18:13:01 | 1:50:54 |
| नेपालगन्ज | 16:20:41 | 18:12:48 | 1:52:07 |
| पाटन | 16:22:11 | 18:13:02 | 1:50:51 |
| पोखरा | 16:20:47 | 18:22:33 | 2:01:46 |
| राजविराज | 16:24:50 | 18:14:08 | 1:49:18 |
| सल्यान | 16:20:07 | 18:12:26 | 1:52:19 |
| सिलगढी | 16:17:53 | 18:11:24 | 1:53:31 |
| सिन्धुली | 16:23:12 | 18:13:28 | 1:50:16 |
| सुर्खेत | 16:18:29 | 18:14:46 | 1:56:17 |
| दाङ | 16:20:39 | 18:12:43 | 1:52:04 |

**स्रोत : नासा**

# अन्तरिक्ष विज्ञान अध्ययन गर्ने अवसर

आज सूर्यग्रहण लाग्दैछ । पूर्वीय संस्कृतिमा सूर्यग्रहणको धार्मिक महत्त्व भए पनि सूर्यग्रहणले विद्यार्थीलाई चन्द्र, सूर्य र पृथ्वीका बारेमा जान्ने उत्सुकता पैदा गर्ने गरेको छ । विभिन्न कालखण्डमा हुने ग्रहणहरूको अवलोकनबाट कैयौं मानिसले विज्ञान अध्ययन गर्ने हौसला पाएका हुन्छन् ।

पशिक्षकहरूले विद्यार्थीहरूलाई 'चालको सिद्धान्त' पढाउँदा ग्रहणलाई प्रयोगात्मक व्याख्या गर्न प्रयोग गर्न सक्छन् । ग्रहण अवलोकन गर्दा प्रयोग गरिने दूरबिन, क्यामेरा आदिको बनावट र प्रयोग गर्दा अपनाइने सिद्धान्तहरू यस अवसरमा सिकाउनु बढी प्रभावकारी हुन्छ । ग्रहणका बेला हुने प्रकाशको उतार-चढाव, प्रकाशको मात्रा नाप्ने विज्ञान फोटोमेट्रीका वास्तविक रहस्यहरू थाहा पाउन र जान्नका लागि सुनौलो अवसर हो । जीवविज्ञानका विद्यार्थीहरूले वनस्पति र प्राणीजगत्मा ग्रहणले पार्ने असरहरूका बारेमा विस्तृत अध्ययन गर्न सक्छन् ।

स्कुले विद्यार्थीहरूले वैज्ञानिक अध्ययन सुरु गर्ने पर्वका रूपमा सूर्यग्रहणलाई मनाउन सक्छन् । ग्रहणमा देखिने सूर्यका विभिन्न आकृतिका चित्र बनाएर विद्यार्थीहरूले सूर्यको बनावटका बारेमा थप जानकारी हासिल गर्न सक्छन् ।

**सूर्यग्रहण हेर्ने सजिलो र सुरक्षित तरिका**

ग्रहणका बेला सूर्यको प्रकाशमा पराबैजनी किरणहरू उत्पन्न हुने हुँदा सीधै हेर्नु स्वास्थ्यका लागि हानिकारक छ । ग्रहणको किरणले अन्धो बनाउन सक्ने भएकाले सुरक्षित तरिका अपनाएर ग्रहण हेर्नु बुद्धिमानी हुन्छ । पराबैजनी किरणले आँखाको नानीको कोश नष्ट पारी अन्धोपना हुने कुरा वैज्ञानिकहरूले पुष्टि गरिसकेका छन् ।

नेगेटिभ, सिडीको डिस्क आदि प्रयोगले पराबैजनी किरण छेक्न नसक्ने हुँदा तिनको प्रयोग गरेर ग्रहण हेर्नु हुँदैन । दूरबिनको सीधा प्रयोग पनि असुरक्षित मानिएको छ ।

सूर्य ग्रहण हेर्न सबैभन्दा सुरक्षित र सजिलो उपायका रूपमा छायाँ चित्रमार्फत् हेर्नुलाई वैज्ञानिकहरूले सिफारिस गरेका छन् । यसका लागि एउटा सेतो कार्डबोर्ड र अर्को कालो कार्डबोर्ड चाहिन्छ । कालो कार्डबोर्डमा पिनले घोचेर एउटा सानो प्वाल बनाई सूर्यतिर फर्काइन्छ । सेतो बोर्डचाहिँ यस कालो कार्डबोर्डको प्वालबाट सूर्यग्रहणको छाया उतार्नका लागि प्रयोग गरिन्छ । प्रस्टसँग ग्रहण हेर्नका लागि कार्डबोर्डहरूको दूरी कम्तीमा पनि एक मिटर हुनुपर्छ ।

हातका औंलाहरूलाई जोडेर सूर्यग्रहण छायाँमा हेर्न सकिन्छ । फराकिला पात भएका रूख रहेको जमिनमा पनि सूर्य ग्रहणका चन्द्राकार आकृतिहरू देखिन्छ । दूरबिनबाट सेतो कार्डबोर्डमा छायाँ पारेर सूर्य ग्रहण हेर्नु अर्को सजिलो उपाय हो । ग्रहणको किरणबाट बालबालिकाले आँखाको ज्योति गुमाउन सक्ने भएकाले अभिभावक वर्ग सचेत रहनु आवश्यक छ ।

**रविन राचलिका**

# सन्देहको घेरामा वाइफाई प्रविधि

इन्टरनेट प्रयोगकर्तालाई बेतार (वायरलेस) प्रविधिको आगमनले धेरै सुविधा थपेको छ । केही वर्षपहिलेसम्म कोठाको कुनै कुनामा बसेर इन्टरनेटमार्फत बाहिरी संसारसँग सम्पर्क गरिन्थ्यो । यही काम आज ल्यापटप, मोबाइल तथा अन्य बेतार प्रविधिको आगमनका कारण झन् सहज भएको छ । वाइफाई प्रविधि अर्थात् विनातार कम्प्युटरको सबैभन्दा ठूलो फाइदा भनेको घर तथा अफिसबाहिर हुँदासमेत इन्टरनेट प्रयोग गर्न पाउनु नै हो । वाइफाई प्रविधिमा फ्रिक्वेन्सी ब्यान्डको प्रयोग गरिन्छ, जसलाई आईएसएम ब्यान्ड भनिन्छ र यो निःशुल्क उपलब्ध हुन्छ ।

यो फ्रिक्विन्सी ब्यान्डमा एक्सेस प्वाइन्ट र कम्प्युटर हुन्छ । एक्सेस प्वाइन्ट इन्टरनेटसँग कनेक्ट रहन्छ भने डाटा आईएसएम ब्यान्डमार्फत कम्प्युटरबाट एक्सेस प्वाइन्टसम्म जान्छ । वाइफाई प्रविधिबाट कम्प्युटरलाई ठीक त्यसै गरी उपयोगमा ल्याउन सकिन्छ जसरी मोबाइल फोन प्रयोगमा ल्याउन सम्भव भएको थियो ।

यो प्रविधिले एक ठाउँमा थुनिएर गर्नुपर्ने झन्झटिला परिपाटीबाट मानिसलाई मुक्ति दिएको छ । कैयौं समानता भए पनि मोबाइल फोन र वाइफाई प्रविधिबीच विभेद छन् । विज्ञहरूका अनुसार मोबाइल फोनमा टावरको रेन्ज १० देखि १५ किलोमिटरसम्म हुन्छ भने वाइफाई प्रविधिमा यो क्षमता ५० देखि १ सय मिटर मात्र, यसैकारण वाइफाई प्रविधिको प्रयोग घर तथा अफिसमा बढी प्रयोग गर्न थालिएको छ ।

मोबाइलको प्रयोगबाट स्वास्थ्यमा के-कति असर पर्छ वा पर्दैन ? यस विषयमा अनुसन्धान चलिरहको छ तर अब वाइफाई प्रविधिको प्रयोग र यसले स्वास्थ्यमा पार्ने प्रभावबारे पनि अनुसन्धान गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । लामो समयसम्म रेडियो विकिरणमाझ बस्दा कस्तो प्रकारको असर हुन्छ ? अनुसन्धानमा जुटेका स्वीडेनस्थित क्यारोलिन्स्का इन्स्च्युटका ओली योहान्सिन भन्छन्– अहिलेसम्मको नतिजाले गुणसूत्रमा कमी आउँछ भने एकाग्रता प्रभावित हुने स्मरणशक्ति पनि कमजोर बनाउने देखिन्छ । यहाँसम्म कि क्यान्सरको आशंकालाई पूर्ण रूपमा नकार्न सकिँदैन । महत्त्वपूर्ण प्रश्न वाइफाई प्रविधिको विकिरण जुन स्तरमा हुन्छ, के त्यो साँच्चै हानिकारक छ त ? यसले विकसित मुलुकलाई निकै पिरोलेको छ ।


अमेरिकास्थित क्यालिफोर्निया विश्वविद्यालय कम्प्युटर विभागका प्राध्यापक राजीव बग्डादिया भन्छन्- हालसम्म त्यस्तो कुनै नतिजा आएको छैन जसले वाइफाई प्रविधिलाई स्वास्थ्यका निम्ति हानिकारक भएको देखाओस् । विकिरणले स्वास्थ्यमा असर गर्ने नै रहेछ भने पनि मोबाइलको तुलनामा वाइफाई बढी सुरक्षित छ । उनी भन्छन्- मोबाइल फोनको प्रयोग कानमा राखेर गरिन्छ, यसैकारण स्वास्थ्यमा असर गर्ने सम्भावना देखिन्छ तर वाइफाई प्रविधिमार्फत ल्यापटप कम्प्युटरको प्रयोग शरीरभन्दा केही पर राखेर गरिने हुनाले दूरीका कारण तुलनात्मक रूपमा विकिरणको स्तर कम हुन्छ ।

विश्वस्वास्थ्य संगठन (डब्लुएचओ) ले पनि हालसम्म वाइफाई प्रविधिबाट उत्पन्न विकिरणले स्वास्थ्यमा पार्ने असर पत्ता लगाउन सकेको छैन । वेलायतको हेल्थ प्रोटेक्सन एजेन्सीका अध्यक्ष विलियम स्टिवर्ट भन्छन्- विकिरणले निश्चित रूपमा शरीरमा असर पार्छ । वाइफाई प्रविधिको विकिरणले शरीरमा असर गरोस् वा नगरोस् यसले उपयोग गर्नुअगाडि प्रयोगकतालाई एकपटक सोच्न बाध्य तुल्याउँछ ।

# क्वान्टा इक्जिविसन सम्पन्न

कीर्तिपुर– पहिलो पटक आयोजित भौतिकशास्त्रसम्बन्धी प्रदर्शनी क्वान्टा इक्जिविसन-२००८ गत शनिबार सम्पन्न भएको छ । गत बिहीबार प्रारम्भ भएको प्रदर्शनी तीन दिनसम्म चलेको थियो । भौतिकशास्त्र केन्द्रीय विभाग द्वितीय वर्षमा अध्ययनरत विद्यार्थीको आयोजनामा भएको उक्त प्रदर्शनी कक्षा ९, १० र प्लस टुमा अध्ययनरत विद्यार्थीहरूले अभिरुचिपूर्वक अवलोकन गरेका थिए ।

आयोजक कमिटीका संयोजक अनुप पाण्डे भन्छन्- '१५ हजारभन्दा बढी विद्यार्थीले प्रदर्शनीको अवलोकन गरेका छन । विश्वमै दुर्लभ मानिएका र वैज्ञानिकहरूले गरेका अध्ययन-अनुसन्धानहरूको भिडियो, आफूलाई मन परेका वैज्ञानिकहरूसँग प्रत्यक्ष अन्तर्क्रिया गर्न पाइने व्यवस्था विद्यार्थीहरूले धेरै मन पराए ।'



भौतिकशास्त्रमा विकसित नयाँ-नयाँ सिद्धान्तको जानकारी आदान-प्रदानका साथै व्यावहारिक जीवनमा भैतिकशास्त्रको प्रयोगको महत्त्व देखाउने उद्देश्यका साथ सम्पन्न उक्त प्रदशर्नीमा कलेजहरूले आ-आफ्ना स्टलहरू राखेर भाग लिएका थिए ।

नेशनल ओपन कलेज कक्षा १२ का विद्यार्थी मुक्ति भण्डारी भन्छन्- 'सौर्यकिरणबाट चल्ने कजेली स्टोभ जसमा भात पकाउन सकिने र विद्युत् पनि निकाल्न सकिनेबारेको प्रयोग मलाई धेरै मन प-यो ।'

प्रदर्शनीका मुख्य आकर्षणहरूमा एम.एम.को फ्रिक्वेन्सीलाई प्रसारण गर्ने र प्राप्त गर्ने प्रविधि, ल्यान्ड लाइन फोनले कसरी काम गर्छ ? र धेरै ठूलो भोल्ट कसरी निकाल्ने ? भन्ने विषयमा गरिएको प्रयोग, धूवाँबाट विद्युत् निकाल्ने, इन्धनको प्रयोगविना पानी तान्ने पम्पको प्रयोग, सोलर कुकर, धूवाँको तातोले पानी शुद्धीकरण गर्ने प्रविधिको परीक्षणहरू थिए ।


प्रदर्शनीमा खगोलशास्त्रसम्बन्धी नयाँ तथ्यहरूको भिडियो, आइन्स्टाइन र उनले गरेका उल्लेखनीय कामहरू, फेनमेन डायग्राम, र स्टेफेन हवकिङ्सको जीवनीबारे पनि जानकारी गराइएको थियो ।

'वैज्ञानिक अध्ययन-अनुसन्धानका क्षेत्रमा पर्याप्त लगानी नभएकाले उपलब्धिहरू पनि निराशाजनक देखिएको छ, आयोजक कमिटीका सदस्य सुवासकुमार श्रेष्ठले भने- 'भौतिकशास्त्रको अध्ययनपछि प्लस टु पढाउन वा अमेरिकाका लागि अप्लाई गर्नुपर्ने बाध्यात्मक परिस्थितिको अन्त्य भएर नेपालमै अध्ययन-अनुसन्धानको वातावरण सिर्जना गर्न हामीले प्रदर्शनीको आयेजना गरेका हौं ।'

**–हरिप्रसाद भण्डारी**

# पोखरामा सूचना प्रविधिको महोत्सव

पोखरा-सूचना र प्रविधिको पहुँच व्यापक बनाउने उद्देश्यले यहाँ सूचना प्रविधि महोत्सव सम्पन्न भएको छ । सूचना प्रविधिको प्रदर्शनी मात्र हुँदै आएको पोखरामा यस्तो महोत्सवका रूपमा कमै हुने गरेको छ ।



गण्डकी कलेज अफ इन्जिनियरिङ एन्ड साइन्सको आयोजनामा लामाचौरस्थित क्याम्पस हातामा भएको महोत्वसमा सूचना तथा सञ्चार प्रविधि र कम्प्युटर सफ्टवेयरसम्बन्धी विभिन्न जानकारी प्रदर्शनीमा राखिएको थियो । प्रदर्शनी हेर्न सर्वसाधारण विभिन्न स्कुल तथा कलेजका विद्यार्थीहरूको घुइचो देखिन्थ्यो ।

क्याम्पसका विद्यार्थीले तयार गरेका सफ्टवेर प्रणालीहरू, तिनका प्रजेक्टका अतिरिक्त दुर्गम गाउँलाई विश्वव्यापी सूचना सञ्जालमा जोड्ने वायरलेस नेटवर्किङ प्रविधिका बारेमा जानकारी गराइयो । म्यागासेसे पुरस्कारबाट सम्मानित महावीर पुनको अभियानमा म्याग्दी र कास्कीका विभिन्न गाउँमा सञ्चालित इन्टरनेट, फोन, इमेल, हाटबजार अनलाइन व्यापारको स्टल विशेष आकर्षक बनेको थियो । पुनको सो प्रविधिमा यही क्याम्पसका विद्यार्थीको समेत सहयोग थियो ।

सूचना प्रविधिको विकासमा सन् २००५ मा १ सय २६ औं स्थानमा रहेको नेपाल अहिले झरेर १ सय ५० औं स्थानमा पुगेको छ । क्षेत्रमा यसरी पछि पर्दै गएको अवस्थामा यस्तो महोत्सवले सूचना प्रविधिको विकासमा ठोस योगदान दिने साउथ एसियन नेटवर्क अपरेटर्स समूहका अध्यक्ष गौरवराज उपाध्यायले साप्ताहिकलाई बताए ।




# क्रेज रियालिटी सोको

रोजिन शाक्य

प्रत्येक आइतबार बेलुकी नौ बजे कान्तिपुर टेलिभिजनको पर्दामा रविन एन्ड द न्यू रिभोलुसनका रविन तामाङ, १९७४ एडीका मनोज केसी तथा ड्रमर देव राना सातापिच्छे सहभागी रक ब्यान्डहरूको प्रस्तुति र पर्फमेन्सलाई नियाल्न र मूल्यांकन गर्न व्यस्त देखिन्छन्। सुरजसिंह ठकुरी र मानवी ढकालद्वारा सञ्चालन भैरहेको यो प्रस्तुति हो 'स्प्राइट ब्यान्ड च्यालेन्ज- फ्रिडम टु रक'। उता इमेज च्यानलमा प्रत्येक शनिबार र आइतबार बेलुकी आठदेखि नौ बजे पूर्व मिस नेपाल रुवी राणा, फोटोग्राफर राजभाइ सुवाल र डिजाइनर मुक्ता श्रेष्ठ सहभागी युवती मोडलहरूको हाउभाउ, सुन्दरता, व्यक्तित्व र प्रस्तुतीकरणलाई मूल्यांकन गरिरहेका देखिन्छन्। पल्लवी ढकालले सञ्चालन गरिरहेको यो प्रस्तुति हो 'एक्टिभ इमेज मेगा मोडल'।

यसैगरी शुक्रबार ८:४५ बजेतिर सञ्चालिका शशि खड्का नेपाल टेलिभिजन-२ को पर्दामा देखिन्छिन् कार्यक्रम 'घिन्ताङ' का साथमा। सहभागी कलाकारहरूको नृत्य प्रस्तुतिको मूल्यांकन भैरहेको देखिन्छ यो कार्यक्रममा। तीन फरक-फरक विधालाई समेटेको तर एउटै अवधारणा, रियालिटी सोमा आधारित देखिन्छ, स्प्राइट ब्यान्ड च्यालेन्ज, एक्टिभ इमेज मेगा मोडल र घिन्ताङ। ब्यान्ड च्यालेन्जमार्फत् उत्कृष्ट रक ब्यान्डको छनौट हुँदैछ भने मेगा मोडलमार्फत् उत्कृष्ट मोडलको। घिन्ताङले उत्कृष्ट नृत्य कलाकारको खोजी गर्दैछ। यी तीनवटै प्रस्तुतिले अडिसन राउन्ड हुँदै एलिमिनेसन र अन्ततः सर्वोत्कृष्ट छनौट गर्ने लक्ष्य लिएका छन्।

नेपाल टेलिभिजन- दुई को पर्दामा सर्वोत्कृष्ट नृत्य कलाकारको खोजीमा अघि बढेको कार्यक्रम 'घिन्ताङ' ले सात महिनाको यात्रा पार गरिसकेको कार्यक्रम निर्माता प्रसन्न पौडेल बताउँछन्। पौडेलका अनुसार १ हजार ५ सयजनाको आवेदनबाट ५ सय ३५ जनालाई छनौट गरी अडिसन गरिएको र विविध चरण हुँदै उत्कृष्ट ३५ जना छनौट गरिएको थियो। त्यसपछि टप ट्वेन्टी र हाल टप टेन राउन्डसम्म पुगेको उनी बताउँछन्। कार्यक्रम अघि बढ्ने क्रममा टप फाइभ हुँदै उत्कृष्ट छानिने छ। कार्यक्रमलाई रोचकता र विविधता दिन उत्कृष्ट ३५ जनाको राउन्डमा चलचित्रका गीतमा नृत्य प्रस्तुत गरिएको थियो। त्यसपछि टप ट्वेन्टीमा गैरचलचित्र, टप टेनमा लोक नृत्य र टप फाइभमा शास्त्रीयलगायत सबैखाले नृत्यलाई प्राथमिकता दिइने प्रसन्न बताउँछन्। उत्कृष्ट ३५ को राउन्डबाट नै एसएमएस भोटिङको व्यवस्था गरिएको घिन्ताङले आगामी दुई महिनाभित्र सर्वोत्कष्ट नृत्य कलाकारको छनौट गर्नेछ। विजेताले ५० हजार नगद पुरस्कारका साथै अन्य उपहार प्राप्त गर्ने निर्माता प्रसन्नको कथन छ।



उत्कृष्ट रक ब्यान्डको छनौटका लागि आयोजना गरिएको स्प्राइट ब्याण्ड च्यालेन्जले पनि अडिसन राउन्ड पार गरी इलिमेनसन राउन्डतर्फ अघि बढेको छ। ५० भन्दा बढी रक ब्यान्डबाट अडिसन लिएपश्चात् ४० वटा ब्यान्डबाट ६ वटा ब्यान्ड सेमिफाइनलमा पुग्ने यो कार्यक्रमको इभेन्ट व्यवस्थापनको जिम्मा लिएको भोग एड एन्ड इभेन्ट म्यानेजमेन्टका प्रभात रिमाल बताउँछन्। सेमिफाइनलदेखि एसएमएस भोटिङ प्रारम्भ हुने र यी ब्यान्डले पब्लिक पर्फमेन्स पनि दिने कुरा प्रभातले जानकारी दिए। कार्यक्रमका विजेताले एक लाख नगद पुरस्कार र आफ्नो म्युजिक भिडियो बनाउने अवसर प्राप्त गर्नेछ भने द्वितीय र तृतीय हुने ब्यान्डले क्रमशः ५० र ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

मोडल कस्तो हुनुपर्छ भन्ने प्रश्नको उत्तरको खोजीमा लागेको एक्टिभ इमेज मेगा मोडल पनि इलिमिनेसन राउन्डमा पुगिसकेको छ। आवेदन दिएका डेढ सय जना युवतीको अडिसनबाट ५४ जना र त्यसपछि ३१ जना हुँदै उत्कृष्ट १६ जनाले अन्तिम चरणमा प्रवेश पाएका छन्। मेगा मोडलमा निर्णायक रहेका ग्ल्यामर फोटोग्राफर राजभाइ सुवालका अनुसार नेपाली परिवेश सुहाउँदो व्यक्तित्व भएको, मोडलिङका सबै विधामा उपयुक्त हुने युवतीको छनौट गर्नेछ मेगा मोडल कार्यक्रमले। आत्मविश्वास, सुन्दरता, फेसन, व्यक्तित्व, प्रस्तुति र पर्फमेन्सलाई आधार मानेर भैरहेको मेगा मोडल विजेताले भने नगद पुरस्कार, वेभ म्यागेजिनको कभर गर्ल हुने अवसरसँगै विज्ञापन, म्युजिक भिडियोलगायतका मोडलिङ अवसर पाउनेछन्। साधारण युवती पूर्ण मेकओभर र ग्रुमिङपश्चात् मेगा मोडलका रूपमा परिणत हुनु यो कार्यक्रमको विशेषता रहनेछ।

घरमै बसेर सूचना, समाचार र मनोरञ्जन प्राप्तिका लागि भरपर्दो माध्यम बनेको छ- टेलिभिजनको पर्दा। च्यानलहरूको संख्यात्मक वृद्धिका कारण दर्शकको रोजाइका लागि थुप्रै विकल्प पनि उपलब्ध भएका छन्। फलस्वरूप दर्शक एउटै च्यानल हेर्न बाध्य छैनन्। दर्शकको ध्यानलाई सकेसम्म आफ्नो च्यानलमा केन्द्रित गराइरहन टेलिभिजन च्यानलहरूले राम्रै कसरत गर्नुपरेको देखिन्छ। अहिले विभिन्न च्यानलहरूले सूचना प्रवाह गर्ने, समाचार सम्प्रेषण गर्ने र मनोरञ्जन प्रदान गर्ने शैलीमा नयाँ प्रयोग, फरक प्रस्तुति र पृथक शैली अपनाउँदै गएको देखिन्छ। त्यसैको फलस्वरूप हो रियालिटी सोको अवधारणा। जसको प्रयोग र प्रसारणबाट टेलिभिजन च्यानललाई लोकप्रियता र व्यावसायिक सफलता हात परेको देखिन्छ अर्थात् रियालिटी सोले टेलिभिजन च्यानलको टीआरपीलाई निकै प्रभाव पारेको अनुभव हुन्छ। दर्शकलाई प्रशस्त मनोरञ्जन, टेलिभिजनलाई व्यवसाय र संलग्न सबैलाई सफलता र चर्चा, यी सबका कारण रियालिटी सो हिंजोआज सानो पर्दाको संसारमा हटकेक बन्न पुगेको छ।

बनावटी नहुनु र वास्तविकताकै आधारमा प्रस्तुत हुने भएकाले रियालिटी सो दर्शकको रोजाइमा पर्न थालेको धारणा फोटोग्राफर राजभाइ सुवालको छ। मेगा मोडलमा निर्णायकका रूपमा संलग्न सुवालका अनुसार रियालिटी सोले घरमा बसेर टेलिभिजन हेर्ने दर्शकको मनोभावनालाई प्रतिनिधित्व गर्छ। त्यसैले आफूले निर्णायक भएर सहभागीको कमेन्ट वा प्रशंसा गर्दा धेरै कुरा सोचविचार गर्नुपरेको उनको अनुभव छ। ब्यान्ड च्यालेन्जसँग आबद्ध प्रभात रिमालको विचारमा पब्लिक सहभागिता रियालिटी सोको लोकप्रियताको प्रमुख कारण हो। रिमालका अनुसार यस्ता प्रस्तुतिले सहभागीको प्रतिभा त पब्लिक सामु ल्याउँछ नै साथी सहभागी आफैले आफूलाई चिन्ने, आफूलाई सुधार्ने अवसर पाउँछ। दर्शकले पनि आफ्नो प्रतिनिधित्व सहभागीमा देख्छ र यदि उसमा त्यस्तै प्रतिभा भएको महसुस भएमा अर्कोपटक ऊ आफै सहभागी हुन प्रेरित हुन्छ। घिन्ताङका निर्माता प्रसन्नका अनुसार रियालिटी सोहरू सहभागिता, पपुलारिटी एवं भ्युअरसिपका कारण बढी चर्चामा छन्। उनको विचारमा दर्शक, सहभागीहरूमार्फत् यी कार्यक्रमसित भावनात्मक रूपले जोडिन पुग्छन् र यसप्रति क्रेज बढ्दै जान्छ।

दर्शकको प्रत्यक्ष सहभागिता नै प्रमुख आधार हुने रियालिटी सोमा सूचना प्रविधिको विकाससँगै एसएमएस भोटिङले विशेष प्राथमिकता पाएको देखिन्छ। जसका आधारमा कार्यक्रमका सहभागीले कार्यक्रमबाट बाहिरिने वा अन्तसम्म रहने कुराको निर्णयमा महत्त्वपूर्ण भूमिका खेल्छ। रोमाञ्चकता, मनोरञ्जन र धेरै-थोरै ड्रामाले दर्शकको कौतुहलतालाई बाँध्न सक्ने रियालिटी सोको अर्को विशेषता हो यसको प्रस्तुतीकरण र सेट डिजाइन।

प्रायोजकसित पैसा नभएर लगानी कम भएको नभई प्रायोजकले बढी लगानी गर्न नखोजेर यस्ता रियालिटी सोमा बजेट अभावको समस्या पर्दामा देखिएको प्रभात बताउँछन्। व्यावसायिक पक्ष एकातिर रहे पनि कुनै पनि विधाको विकास र त्यस विधामा दक्ष र प्रतिभावान् व्यक्तिको खोजीमा लगानी गर्नु सामाजिक उत्तरदायित्व हुने तर प्रायोजकमा त्यो उत्तरदायित्व बोध नभएकाले रियालिटी सोहरूले बजेट अभावको समस्या भोग्नुपरेको प्रभातको धारणा छ। प्रसन्नको धारणा टेलिभिजन च्यानलको विज्ञापन दर कम रहेकाले यस्ता कार्यक्रमको लागत बढी भएर पनि लगानी कम देखिएको भन्ने छ तर कन्सेप्टको मामिलामा भने नेपाली रियालिटी सोको स्तरीयतामा खोट लगाउन नमिल्ने प्रसन्न बताउँछन्।

रियालिटी सोको अवधारणा पश्चिमेली टेलिभिजन च्यानलबाट विकसित भएको भए पनि भारतीय टेलिभिजन च्यानलहरूमा यो अवधारणामा बनेका कार्यक्रमहरूको लोकप्रियता र आकर्षणबाट नेपाली दर्शक एवं टेलिभिजन च्यानल प्रभावित भएको पाइन्छ।

भारतीय टेलिभिजन च्यानलहरूमा विशेष गरी सांगीतिक रियालिटी शोको सबैभन्दा बढी क्रेज देखिन्छ। सम्भवतः यसै कारणले गर्दा इण्डियन आइडल, सारेगामा, स्टार भ्वाइस अफ इण्डिया, फेम गुरुकुल, के फोर किशोर र अहिले वार-परिवार, जुनुन, धुम मचादे, से सावा सावा, एक से बढकर एकजस्ता सांगीतिक रियालिटी सोहरूले चर्चा पाएका छन्। फरक प्रस्तुति एवं पृथक सोंचले सांगीतिक प्रतिस्पर्धा भएर पनि सांगीतिक रियालिटी सोहरूको आ-आफ्नै विशेषता देखिन्छ। जहाँ इण्डियन आइडल, सारेगामा, स्टार भ्वाइस अफ इन्डिया, उत्कृष्ट गायक/गायिकाको छनौटमा आधारित थिए। त्यही फेम गुरुकुलले युगल गायन जोडीको खोजी गरेको थियो भने वार-परिवारले सांगीतिक परिवार खोजिरहेको छ।

त्यसैगरी जुनुनले लोक, सुफी र चलचित्र संगीतमा उत्कृष्टताको खोजी गर्दैछ भने धूम मचादेले उत्कृष्ट स्टेज पर्फमेन्स दिन सक्नेको खोजी गरेको छ। सांगीतिक प्रतिस्पर्धाका अतिरिक्त नृत्य विधामा आधारित बुगीउगी, नच बलिए र झलक दिखलाजाको लोकप्रियता पनि कम छैन। यी दुवै कार्यक्रमको दुईवटा संस्करण प्रस्तुत भैसकेका छन्। हास्य विधालाई रियालिटी सोमा प्रस्तुत गर्ने क्रममा द ग्रेड इण्डियन लाफ्टर च्यालेन्जको रूपमा स्टार वानको प्रयास पनि उत्तिकै सफल रह्यो। उल्लेखित रियालिटी सोका अतिरिक्त एमटीभीमा रोडिज र स्पिट्ज भिल्ला, च्यानल भीमा गेट गोरजियसले आफ्नो छुट्टै पहिचान बनाएको देखिन्छ। यी सबै रियालिटी सोभन्दा अघि नै जीटीभीमा प्रसारण भएको अन्ताक्षरी र सोनीमा प्रसारण हुँदै आएको बुगीउगीको सफलताको आफ्नै कथा छ जुन अझै पनि कायमै छ।

नेपाली परिवेशमा भने टेलिभिजन च्यानलहरूको विकासक्रमसँगै ब्यान्ड च्यालेन्ज, घिन्ताङ र मेगा मोडलजस्ता रियालिटी सोले हाल नेपाली दर्शकलाई आफ्नै किसिमले मनोरञ्जन प्रदान गरिरहेको छ। तथापि धेरै समयपूर्व नै नेपाल टेलिभिजनको पर्दामा प्रतिभाको डबली, तिम्रो सुर मेरो गीत, आँगनजस्ता कार्यक्रमले रियालिटी सोको अवधारणालाई नेपालीमाझ प्रस्तुत गरिसकेका छन्। त्यसपछिका समयमा नगद पाँच लाख, अन्ताक्षरी, सुपर एक्टिङ कम्पिटिसन, नेपाली तारा, नेपाल स्टार, बागिना, द गेम सो, साउथ एसियन स्टार, मोहनी लाग्ला है, ब्याण्ड भास्कर आदि विभिन्न रियालिटी सोले नेपाली दर्शकलाई मनोरञ्जन प्रदान गरेका छन्।

# पोखरामा जम्यो डान्स पार्टी



तस्बिर : सुरज श्रेष्ठ

पोखरा- पोखरामा डान्सपार्टी आयोजना नभएको धेरै भैसकेको थियो। डान्सपार्टी भनेपछि हुरुक्कै हुने पोखराका डान्सपारखीहरूलाई यसले व्याकुल बनायो। लामो समयको रिक्ततालाई चिर्दै गएको शनिबार लेकसाइडको क्लब प्याराडिसो पार्टी चराहरूको हूलले थेग्न नसक्ने भयो। डान्सपारखीहरूको चाहनालाई मध्यनजर गर्दै विपिन र प्रतीकले डान्सपार्टीको चाँजोपाजो जुराएका थिए। यस पटक आयोजना गरिएको डान्सपार्टी अलि बेग्लै देखिन्थ्यो। सधैं जसो रात परेपछि हुने डान्सपार्टी यसपालि भने दिउँसै गरियो। शनिबारको बिदाको सदुपयोग गर्दै डान्सपार्टीमा तन्नेरी-तरुनीहरूको हूल बाक्लियो।

डान्सपार्टीमा कामुक पहिरनमा युवतीहरूको तडकभडक बेग्लै देखिन्थ्यो। दिउँसोको ठिक एक बजे डिजेले रिमिक्स गरेर हिन्दी गीत बजाएपछि बिस्तारै डान्स फ्लोरमा युवायुवतीहरू उत्रिन थाले। डान्सपार्टी करिब ७ घण्टा चलेको थियो।

# फर्किए रमित



एक महिनाअघि अमेरिका जाँदा धेरैले नायक रमित ढुंगाना उतै हराउँछन् भन्ने अनुमान गरेका थिए तर उनी फर्किए। नेपाल आउनेबित्तिकै उनले चलचित्र 'बिदाइ'को छायांकनमा भाग लिँदै आफू कहिल्यै नेपाली चलचित्रबाट बिदा नहुने बताए। अमेरिका उड्ने बेलामा पनि उनी फर्कन्छु भन्दै थिए। ठ्याक्कै एक महिनापछि फर्किएर उनले आफूलाई वचनको पक्का साबित गरे। रमित अमेरिका जानुको कारण उतै बन्ने एक चलचित्रमा अभिनय गर्नु थियो। अमेरिकामा छायांकन हुने अंग्रेजी चलचित्रमा रमित नायक भएको कुरा धेरैलाई पचेको पनि थिएन, कतिले ओठ लेप्याए। जबकि उनले त्यहाँ गएर 'डिनायल' शीर्षकको अंग्रेजी चलचित्रमा अभिनय गरे। आफूबाहेक चलचित्रका एक जना अर्का नेपाली नायक पनि रहेको रमितले बताए। अन्य सबै कलाकार अमेरिकी नै हुन्। चलचित्रमा रमित आफ्नो पहिलो चलचित्रको पहिलो चर्चित गीत 'मुग्लिनपारि तरेर गण्डकी'को रिमिक्समा नाचेका छन्, हलिउडकी सामान्य अभिनेत्री लोराका साथ। अमेरिकामै बसोबास गरिरहेका प्रवीण चन्दको निर्देशनमा बनेको चलचित्र 'डिनायल'को छायांकन अमेरिकी शहरहरू टेक्सास, डालस र न्युयोर्कमा गरिएको छ। 'यो चलचित्र नेपालमा पनि हेर्न पाइनेछ,' -रमितले बताए।





# कथा होइन फाइट बिक्छ

कस्तो चलचित्र बिकाउ हुन्छ ? नेपालको परिप्रेक्ष्यमा यसको उत्तर खोज्न कठिन छ। व्यावसायिक दृष्टिकोणमा कहिले प्रेमकथामा बनेका चलचित्र सफल भएका छन् भने कहिले द्वन्द्वप्रधान चलचित्र सफल भएका छन्, तर हलिउड र बलिउड चलचित्रहरूमा जस्तो एउटै शैलीका चलचित्र निरन्तर सफल हुने ट्रेन्ड भने यहाँ चलेनन्। बलिउडमा ९० को दशकअघि र पछि द्वन्द्वप्रधान चलचित्रलाई दर्शकले रुचाउँथे, त्यसपछि ९० को दशकको अन्त्यतिर प्रेमकथामा आधारित चलचित्र सफल भए। यतिखेर त्यहाँ वास्तविक सामाजिक घटना र सूक्ष्म विषयमा बनेका चलचित्र सफल हुन थालेका छन्।

यता हामी भने पुरानै प्रयोगमै व्यस्त छौं। केही समयअघि मात्र एउटा यस्तो चलचित्र सार्वजनिक भयो, जहाँ फाइटै-फाइट मात्र राखिएको छ। जेनी कुँवरले निर्माण गरेको चलचित्र घायलमा डेढ दर्जन फाइटका दृश्य छन्। किन फाइट मात्र ? निर्मात्री तथा नायिका कुँवरले भनिन्- 'कथाले नै फाइट मागेको छ।' अझ अघि बढेर उनले भनिन्- 'अब नेपाली चलचित्रमा फाइटको ट्रेन्ड चल्छ।' चलचित्र चलाउनका निम्ति निमात्री कुँवरले यतिसम्म भन्नु ठीकै पनि हो, तर चलचित्र हेर्दा निर्देशकभन्दा द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठको काम बढिरहेछ भन्ने स्पष्ट हुन्छ। कथाले फाइटको दृश्य नै मागेको थियो भने योगेन्द्र श्रेष्ठलाई नै निर्देशक बनाएको चलचित्र अझ राम्रो हुन्थ्यो कि ? फाइटका दृश्यका लागि श्रेष्ठले मेहनत गरेकै हुन् तर चलचित्र नचलेपछि जेनीलाई चाहिँ थाहा भयो होला फाइटको ट्रेन्ड चलेको होइन रहेछ भन्ने कुरा।

# सुध्रियो सम्बन्ध






डिसीको संवाद हो यो। अभिनयका साथै निर्देशनको क्षेत्रमा समेत व्यस्त डिसीले अर्को चलचित्र निर्देशक सोभित बस्नेतसँग तीन महिनाअघि बिग्रिएको सम्बन्ध सुधार गरेपछि उनले आफ्नो परम्परागत संवादलाई पुनः व्यवहारमा लागू गरे। करिब तीन महिनाअघि सोभित बस्नेतको चलचित्र 'दानवीर'को छायांकन हुँदा-हुँदै डिसी अचानक छायांकनस्थलमा उपस्थित हुन छाडेका थिए। डिसीले अभिनय गर्न आनाकानी गरेपछि निर्देशक बस्नेतले पनि डिसीबिना नै चलचित्रको छायांकन अघि बढाए। भनिन्छ, चलचित्रको छायांकन बीचमै छाडेकोमा सोभित तथा डिसीबीच बोलचाल नै बन्द भएको थियो, तर निर्माता बस्नेतको पहलमा अहिले सोभित र डिसीबीच सम्बन्ध सुध्रिएको मात्र छैन, डिसीले 'दानवीर' को बाँकी छायांकन पूरा गर्ने तथा स्वरांकनमा समेत सहभागी हुन सहमति पनि जनाइसकेका छन्। केही समयअघि सोभितको नयाँ चलचित्र 'जंगबाज' को शुभमुहूर्तको उद्घोषक दिनेश डिसीले नै गरेपछि उनीहरूको सम्बन्ध सुध्रिएको कुरा पुष्टि भएको थियो।

'चलचित्र क्षेत्र र राजनीतिमा कोही पनि स्थायी शत्रु तथा स्थायी मित्र हुँदैनन्,' रेडियो तथा टेलिभिजनबाट राम्रो ख्याति कमाएपछि चलचित्र क्षेत्रमा जम्ने तयारी गरिरहेका कलाकार दिनेश

# आरप्रेमी



चलचित्र 'जंगबाज'को मुहूर्त भएको दिन बिहान एउटा अखबारमा रेजिना उप्रेतीले चलचित्र नखेलाएको झोंकमा ढुंगा हानेर निर्देशक सोभित बस्नेतलाई कुटिन् भन्ने खबर पढ्न पाइयो। साँझको ककटेल पार्टीमा सोभित एउटा कुनामा बसेर केही साथीलाई सुनाउँदै थिए- 'म आरप्रेमी हुँ। त्यसैले त यो चलचित्रमा तीन जना आर अक्षरबाट नाम आउने नायिका लिएको छु।' हुन पनि उनले जंगबाजमा नायिका रुश्मा राई, नयाँ नायिका रञ्जिता गुरुङ र अतिथिमा नायिका ऋचा घिमिरेलाई अभिनय गराउँदै छन्। शोभित भन्दै थिए- 'एउटी आरको प्रेमी बन्दा मैले पाएको दुःख आज बिहान अखबारमा पढिहाल्नुभयो। यो चलचित्रमा त झन तीन जना आर छन्।' हामी उनको कुरा सुनेर चुपचाप फर्कियौं। बाटोमा रेजिनाले अखबारमा भनेको कुरा सम्झिरह्यौं- 'मलाई सोभित बस्नेतको चलचित्रमा अभिनय गरेर हिट हुनु छैन। न उनी राम्रो चलचित्र बनाउन जान्ने निर्देशक हुन्, न ह्याण्डसम नै छन्, न पैसावाल हुन्, न अविवाहित नै। त्यस्तो मानिससँग म किन केजी हुन्छु ? ऊ मसँग नाम जोडेर चर्चामा आउन चाहन्छ।' एउटीले त वचनवाणदेखि ढुंगासम्म प्रहार गरिन्। तीन जनासँग चाँहि बचेर रहनुहोला– हाम्रो सल्लाह सोभितलाई।



# कस्तो संजोग ?

नेपाली चलचित्र उद्योगमा नायिकाहरूको संख्या उल्लेख्य रूपमा बढिरहेको भए पनि निर्माता-निर्देशकले अर्की करिश्मा मानन्धर जन्माउन सकेका छैनन्। अमेरिकाबाट स्वदेश फर्कने तयारी पूरा गरिसकेकी करिश्माले पनि यो कुरा अनुभव गरेको हुनुपर्छ। पलायन भएको आधा दशक भैसक्दा पनि नेपाली चलचित्रमा आफ्नो माग उत्तिकै रहेको अनुभव गरेर हो अथवा आफ्नी समकालीन नायिका गौरी मल्ल पनि नेपाली चलचित्रमै फर्किएका कारणले हो, करिश्मा नेपाल फर्कने पक्का भएको बताइन्छ। करिश्मा भाग्यमानी नै छिन्, दुई वर्षअघि केही समयका लागि नेपाल आउँदा अभिनय गरेको चलचित्र 'मनमा माया' ले यही बेला प्रदर्शन हुने अवसर पाएको छ। करिश्मा काठमाडौंमा ल्यान्ड हुँदा उनकै तस्बिरसहितको 'मनमा माया' का पोस्टरले उनलाई एयरपोर्टदेखि नै स्वागत गरिरहेका हुनेछन्। सायद चलचित्रका मधुसूदन सिलवाललाई करिश्मा अब अमेरिका छाडेर नेपालमै बस्छिन् भन्ने जानकारी थियो होला, त्यसैले त उनले करिश्मा नेपाल फर्कने साइत पारेर चलचित्र प्रदर्शनको साइत जुराएको !

# विरोधी अनुहार एकसाथ





कुनै बेला असाध्यै मिल्ती थियो युवराज लामा र अशोक शर्माको। क्याफेमा गएर चिया खादाँदेखि सार्वजनिक कार्यक्रममा सहभागी हुँदासमेत एउटै समयमा पुग्थे उनीहरू। एउटै गाडीमा त कति हिंडे कति। उनीहरूले भन्ने कुरा पनि एउटै लाइनको हुन्थ्यो।

अहिले उनीहरूको सम्बन्ध नयाँ मोडमा छ, कार्यक्रममा भेट हुँदा सकेसम्म बोल्दै बोल्दैनन्, बोले पनि केवल औपचारिकता मात्र निर्वाह गर्छन्। मञ्चमा भाषण गर्दा त एकले अर्काको ठ्याक्कै विरोध गरिहाल्छन्। राजधानीमा हालै आयोजित एक चलचित्रको शुभमुहूर्त कार्यक्रममा गजबको संयोग देखियो। जहाँ अहिलेका परस्पर विरोधी मानिने युवराज लामा र अशोक शर्मा एउटै मञ्चमा देखिए। उनीहरूलाई देख्नेबित्तिकै गाइँगुइँ सुरु भैहाल्यो, आयोजक पक्षले गजबको नाटक गरेको रहेछ, अर्को अचम्मलाग्दो कुरा लामा र शर्माका चर्का विरोधी उद्धव पौडेल पनि त्यही मञ्चमा आसीन थिए।

मुहूर्तका लागि उद्घोषकले कलाकारको नाम बोलाए, त्यसमा पनि शर्मा र लामाकै नाम थियो। उनीहरू त त्यो चलचित्रको कलाकार पो रै'छन्। हामीले निर्माता लामासँग सोध्यौं– बोल्नै गाह्रो मान्ने मानिससँग कसरी अभिनय गर्नुहुन्छ ? लामाले कूटनैतिक जवाफ दिँदै भने 'नीतिका कुरा अभिनयमा लागू हुँदैन।'



नायिकाको मोबाइल : एक चलचित्रको छायांकनबाट फुर्सदमा रहेकी नायिका गरिमा पन्त आफ्नो मोबाइल प्रशंसकहरूलाई देखाउँदै।

## लभगुरु




**म १९ वर्षीया युवती हु। मेरा प्रेमी २१ वर्षका छन्। हामी दुवै एक–अर्कालाई विगत एक वर्षदेखि मन पराउँछौं, अहिले आएर हामीबीच यस्तो समस्या आएको छ कि न म उसलाई विश्वास गर्न सक्छु, न त आफ्ना साथीहरूको विश्वास गर्न सक्छु। उसले मबाहेक अर्की एउटी युवतीलाई पनि मन पराउँछ रे। उनीहरूको जात पनि मिल्छ रे। मसँग उसको जात मिल्दैन र पनि म उसलाई आफूलाई भन्दा बढी माया गर्छु। साथीहरूले मलाई यस्ता कुरा सुनाउँछन्, ऊ होइन भन्छ। अब म के गर्न सक्छु। उसको विश्वास गरेर जीवनभरि साथ दिऊँ कि साथीहरूको विश्वास गरूँ ?**

**–आर.**

नेपालीमा एउटा उखान छ, 'कागले कान लग्यो भनेर कागको पछि दौडनु हुँदैन'। प्रेमको पहिलो सर्त नै विश्वास हो। एक अर्कालाई विश्वास नगरी प्रेमसम्बन्ध सफल हुँदैन। तपाईंको पत्रबाट मैले के बुझेँ भने साथीहरूले भनेको आधारमा तपाईं आफ्नो प्रेमीमाथि शंका गर्दै हुनुहुन्छ। के कहिल्यै तपाईंले आफ्नो प्रेमीलाई साथीहरूले भनेको युवतीसँग देख्नु वा भेट्नुभएको छ ? साथीहरूको कुरा सुनेर तपाईं आफ्नो सम्बन्ध बिगार्दै हुनुहुन्छ जस्तो मलाई लागेको छ। जबसम्म तपाईं उसको अन्य युवतीसँगको प्रेमसम्बन्धका बारेमा यथेष्ट प्रमाण भेट्नुहुन्न तबसम्म उसलाई शंका गर्नु उचित हुँदैन।

# सेलिब्रेटी परिवारसँग

**साप्ताहिक समाचार**



काठमाडौं- हरिवंश आचार्य यसपटक मदनकृष्ण श्रेष्ठ होइन, गायक छोरा मोहित आचार्यसँग देखापरे। कसैले सोधिहाल्यो- 'मदनदाइ खोइ ?' उनले मदनकृष्ण कुनै अर्को कार्यक्रममा व्यस्त रहेकाले छोरालाई लिएर आएको बताए। रामकृष्ण ढकाल श्रीमती नीलम र दुई वर्षीया छोरी रानीसँग आइपुगे। पपगायक निमा रुम्बा पनि श्रीमती शेलीसँग आइपुगे। रामकृष्ण र निमाको गेटअप उस्तै देखिन्थ्यो। सेतो कुर्ता सलवारमा समयभन्दा दस मिनेटअगावै आएकी 'काली सुन्दरी' नायिका ऋचा घिमिरे भने एक्लो भइन्।

यद्यपि उनी कूटनैतिक भाषामा भन्दै थिइन्- 'म एक्ली छैन। यहाँ आएजति सबै मेरा साथीभाइ र आफन्तहरू त हुन् नि।' यो गत शुक्रबार दिउँसोको कुरा हो। कोरियाबाट पोखरा र पोखराबाट काठमाडौंको भाटभटेनीमा गत वर्ष 'ब्युटिक्लब एस'को सञ्चालन थालेकी सौन्दर्यविज्ञ सान्द्रा पुनले सौन्दर्यका विभिन्न पाटाको प्रशिक्षण दिने कार्य पुतलीसडकस्थित अद्वैतमार्गमा प्रारम्भ गरिन्, जसको उद्घाटन ती सबै सेलिब्रेटीले आ-आफ्ना परिवारसँग गरे। फर्कने बेला हरिवंश आचार्य भन्दै थिए- 'यो उमेरमा कपाल र अनुहार बनाउन थालियो भने छिल्लिएको बूढा भन्लान्।'


## फिल्मी खबर

• नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवलाई चलचित्रकर्मी तथा चलचित्र पत्रकारहरूले पनि बधाइ दिएका छन्। गत आइतबार तथा सोमबार क्रमशः नेपाल चलचित्र प्राविधिक संघ तथा चलचित्र पत्रकार संघका पदाधिकारीले राष्ट्रपति यादवसँग भेट गरी नेपाली चलचित्र क्षेत्रको वर्तमान स्थितिका सम्बन्धमा अवगत गराएका थिए। राष्ट्रपतिसँगको भेटको नेतृत्व चलचित्र प्राविधिक संघका तर्फबाट सन्तु तामाङले नेतृत्व गरेका थिए भने पत्रकार संघबाट शान्तिप्रियले नेतृत्व गरेका थिए।

• रोधी प्रोडक्सनको चलचित्र 'नानु-दुई' को च्यारिटी सो राजधानीमा सम्पन्न भएको छ। समलिंगीको कथामा आधारित यो चलचित्रमा प्रितम गुरुङ्ग, भाइराम श्रेष्ठ, सुनिता गुरुङ्ग, प्रभु गुरुङ्ग, राजु गुरुङ्ग, रैना आले आदिले अभिनय गरेका छन्। चलचित्रका निर्देशक तथा निर्माता प्रितम गुरुङ्ग हुन्।

• नायक तथा खलनायकको भूमिकामा देखिने दिनेश शर्मा अब चलचित्र निर्माता हुने भएका छन्। केही समयअघि डिजिटल प्रविधिको चलचित्र निर्माण गरिसकेका उनले निर्माण गर्ने चलचित्रको शीर्षक 'दानव' राखिएको छ। साउनको अन्तिम सातादेखि छायाङ्कन थालिने उक्त चलचित्रमा विराज भट्ट, गणेश उप्रेती, शीतल केसी, जयकिशन बस्नेत, बालदीप राई आदिले अभिनय गर्दैछन्। कृष्ण चापागाईं निर्देशक रहने उक्त चलचित्रका गीतहरुको रेकर्डिङ् हालै गरिएको छ। चलचित्रमा वसन्त सापकोटाको संगीत रहनेछ।

• पन्ध्र वर्षअघि चितवनको दासढुंगा भन्ने स्थानमा भएको जीप दुर्घटनमा परी निधन भएका एमालेका तत्कालीन महासचिव मदन भण्डारी तथा संगठन विभाग प्रमुख जीवराज आश्रितको निधनपछिको रहस्यलाई निर्देशक मनोज पण्डितले वृत्तचित्र मार्फत देखाउने भएका छन्। 'दासढुंगा' शीर्षकको उक्त वृतचित्रको निर्माण अपिल विष्टले गर्दैछन्। वृत्तचित्रमा रंगकर्मी अनुप बरालले मदन भण्डारीको अभिनय गर्दैछन्। वृत्तचित्रको अनुसन्धान किरण पौड्यालले गर्दैछन्।





# अन्धगल्छीमा नेपाली वीरको छायांकन

माइक्रोमुभी प्रा.लि.को ब्यानरमा निर्माण हुने 'नेपाली वीर' चलचित्रको छायांकन म्याग्दी जिल्लाको दानाक्षेत्रमा पर्ने संसारको सर्वाधिक गहिरो 'अन्धगल्छी' र वरपरका तातोपानी, रुप्से, गलेश्वरधामलगायत क्षेत्रमा गरिएको छ। रिम विश्वकर्माद्वारा निर्देशित चलचित्र नेपाली वीरमा रमित ढुङ्गाना र उषा पौडेलको मुख्य अभिनय छ। सहायक नायक/नायिकाका रूपमा अभिनव रेग्मी र स्वीकृति खरेलले प्रशस्त मेहनत गरेका छन्। चलचित्रमा मुख्य खलनायक गोविन्द पौडेल छन्।

चलचित्रमा नृत्य निर्देशन कविराज गहतराज, द्वन्द्वनिर्देशन रामजनक र छायांकन महेन्द्र थापाले गरेका छन्। निर्देशक विश्वकर्माले नेपाल आमा, एक पलको जीवन र बन्धन यो मायाको आदि चलचित्रको निर्देशन अनुभव सँगालेका छन्। चलचित्रको कथा, पटकथा र संवादसमेत निर्देशक विकको रहने नेपाली वीरमा रामचन्द्र अधिकारी, राजेन्द्र केसी, शंकर आचार्यजस्ता पुराना कलाकारले पनि अभिनय गरेका छन्।

'राष्ट्रियतामाथिको अतिक्रमण' मूल विषय बनाएर निर्माण गरिएको चलचित्र नेपाली वीरमा नेपाली राष्ट्रियता, चन्द्रसूर्य झन्डा र नेपाली माटोको माया जगाउने तथा राष्ट्रवादका अतिरिक्त व्यावसायिक चलचित्रमा हुने ग्यामर पनि समावेश गरिएको निर्देशक विश्वकर्माले बताए।

सहरदेखि परको दुर्गम नेपाली बस्तीहरूमा सीमांकन गर्दै 'ब्रबिम' नामक नाईकेले खोलानालालगायतका प्राकृतिक स्रोत-साधनमाथि कब्जा जमाउँदै सोझासाझा नेपालीलाई दुःख दिन थाल्छ। यसरी अन्डरवर्ल्ड समूहले नेपाली भूमि अतिक्रमण गरी त्यहाँका नेपालीलाई दमन गरेको समाचार एक पत्रिकामा प्रकाशित भएपछि सहरमा बस्ने राष्ट्रप्रेमी युवाहरू 'प्रताप' को नेतृत्वमा सत्य पत्ता लगाउन उक्त अतिक्रमित भूमिमा पुग्छन्।

त्यहाँ उनीहरूको गाउँले युवती रूपमासँग भेट हुन्छ। रूपमाको घरमा बसेर उनीहरूले भूमि अतिक्रमणको मुख्य कारण प्राकृतिक स्रोतमाथि कब्जा गर्नु हो भन्ने कुरा पत्ता लगाउँछन् र गाउँलेहरूमा राष्ट्रप्रेमको भावना जागृत गराउँदै विद्रोहका लागि तयार पार्ने प्रयास गर्छन्। उता गाउँमा कोही नयाँ मानिस प्रवेश गरेको अण्डरवल्डका मानिसहरू थाहा पाउँछन् र आक्रमण गर्छन्। गाउँमा गएका युवालाई अन्डरवल्डका मानिसहरूले आक्रमण गरेको समाचार खाद्यान्न लिन झरेका खच्चड गोठालाहरूले सहरमा पुर्‍याउँछन्।

यो समाचारले सबैमा सनसनी फैलन्छ। हरेक नेपालीको रगत उम्लेर आउँछ। उनीहरू नेपाली भूमिमा कसैले कुदृष्टि लगाए दोस्रो नालापानीको युद्ध लड्न तयार भएको भन्दै अतिक्रमित भूमिमा जान्छन् र अतिक्रमणकारीलाई परास्त गरी चन्द्रसूर्य अंकित झन्डा गाड्छन्। ग्ल्यामरको स्थान न्यून रहेको यो चलचित्रलाई द्वन्द्वप्रधान चलचित्र भन्न सकिन्छ।

–घनश्याम खड्का

## जम्का भेट



चलचित्रबाट त्यति चर्चा हुँदैन जति चर्चा म्युजिक भिडियोमा अभिनय गरेर पाइन्छ। पछिल्लो समयकी व्यस्त एवं चर्चित मोडलको नाम हो जेनिषा मोक्तान। रेश्मा सुनुवारको नयाँ गीतमा मोडलिङ गरेर एकाएक चर्चामा आएकी जेनिषा अहिले नेपालकी व्यस्त मोडलका रूपमा चिनिन्छिन् तर पनि उनी यसलाई पेसा बनाउने तयारीमा छैनन्। रहरमा मोडलिङ प्रारम्भ गरेको बताउने जेनिषा आफू चर्चित हुनुको श्रेय निर्देशक भूषण दाहाललाई दिन्छिन्।

**तपाई निकै चर्चामा आउनुभयो नि ?**

रेश्मा दिदीले निकै मेहनत गरेर गाउनुभएको थियो, त्यसैले मैले पनि जस पाएँ, म्युजिक भिडियो पनि राम्रो बनेर होला धेरैले यसै भन्न थाल्नुभएको छ।

**यो म्युजिक भिडियोले यति धेरै चर्चा पाउलाजस्तो लागेको थियो ?**

सुरुमा त मैले त्यस्तो केही सोचेकी थिइनू, तर गीत सुन्दा भने निकै राम्रो लागेको थियो। आफूले गरेको कामको प्रशंसा हुँदा रमाइलो लाग्दो रहेछ।

**अब त मोडलिङमा जमेर लाग्ने होला नि ?**

मलाई त खासै मन छैन, यसैमा क्यारियर बनाउँला भनेर सोचेकी छैन। केवल आफ्नो रहर पूरा गर्न यसमा काम गरेकी हुँ।

**त्यसपछि अरूमा मोडलिङ गर्नुभएन त ?**

काम त गरेकी छु, त्यसपछि छवटाजति म्युजिक भिडियोमा काम गरें तर मैले यसलाई पेसा बनाउने सोच बनाएकी छैन, सायद यसैमा लाग्दिन होला।

**फुर्सदको समय कसरी बित्छ ?**

बिहानको कलेज सकेपछि फुर्सद भएसम्म म ठमेलमा हुन्छु, मलाई ठमेलको रमझम साह्रै मन पर्छ, त्यतैतिर रमाउँछु।

**ठमेलमा के छ त्यस्तो धेरै मन पर्नुको कारण ?**

किन हो कुन्नि मलाई पहिल्यैदेखि ठमेल मन पर्‍यो, अर्को कुरा मेरा धेरैजसो साथी त्यतैतिर हुन्छन्, त्यही भएर पनि होला ठमेल रमाइलो लाग्छ।

## तपाईंले अहिलेसम्मको जिन्दगीमा बिर्सने नसक्ने गरी गरेको भूल के हो ?




विवाह ! मैले विवाह गरें, जुन सबैभन्दा ठूलो भूल सावित भयो। जीवनमा मैले थुप्रै सफल चलचित्रका कथा लेखें, तर आफ्नै जीवनका निम्ति असफल कथा लेख्न पुगेछु जस्तो लाग्छ अहिले। ढिलो विवाह गरे पनि मेरो वैवाहिक जीवन सफल भएन।

**विकास आचार्य, चलचित्र लेखक/निर्देशक**

एकछिन है....एउटै पनि छैन ...सानातिना गल्ती त गरिए होलान, तर बिर्सनै नसक्ने भूल भने गरिएको छैन, तपाईंले प्रश्न गरेपछि अहिलेसम्म याद नआउनुले त्यस्तो ठूलो भूल नगरेको पुष्टि हुन्छ नि, हैन ?

**हरिहर शर्मा, वरिष्ठ नाट्यकर्मी**

एक्कासि आएन त हौ, एकछिन है....कलेजमा हुँदा मैले आईए दोस्रो वर्षको परीक्षा नदिनु ठूलो भूल थियो, गल्ती त धेरै गरियो, तपाईंले दिउँसो सोध्नुभयो, राति सोधेको भए फ्याट्टै आउँथ्यो। ए, एकपटक हङकङको कार्यक्रममा एकदमै धेरै मादक पदार्थ खाएर कार्यक्रममा सहभागी हुन सकिनँ, त्यो सम्झिँदा अहिले पनि नराम्रो लाग्छ।

**राजेश पायल राई, गायक**

म त चकचके स्वभावकी भएकाले धेरै भूल गरेकी छु। इलाहाबादमा विद्यार्थी हुँदा मैले एउटा ठूलो गल्ती गरेकी थिए। हामीलाई होलीको समयमा बाहिर जान सख्त मनाही थियो। होली कसरी मनाउने होला भनेर म र मणिप्रिया नामकी साथीले एउटा योजना बनायौं। होस्टेलमा पाउरोटी ल्याउनेलाई भाङ ल्याउन लगायौं र त्यो भाङ समोसामा मिसाइदियौं, जुन समोसा खाएर वार्डेनसहित सबै जनालाई भाङ लाग्यो। त्यसबापत प्रिन्सिपलले भोलिपल्ट सजाय दिए।

**रागिनी उपाध्याय, चित्रकार**

विवाह, हाहाहा हुन त प्राकृतिक नियमअनुसार विवाह गर्नैपर्छ। यो उत्तर नराख यार, भाउजूले पढेपछि मलाई घरबाट निकाल्दिने होला नि ...मिलाएर लेख है, यो विवाह भन्ने कुरो खाने पनि पछुताउँछ, नखाने पनि पछुताउँछ भन्ने उखान नै छ नि, त्यसैले नखाएर पछुताउनुभन्दा खाएर नै पछुताउनु राम्रो भनेर विवाह गर्‍या हो। विवाह नगरेको भए झन् ठूलो भूल हुन्थ्यो होला..... ।

**प्रभात रिमाल, आरजे**

# मिस पश्चिमाञ्चल कल्चर शोमा

पोखरा- ब्युटी कन्टेस्ट हुने भनेपछि सञ्चारमाध्यमहरूमा चर्चा-परिचर्चा बढी नै हुन्थ्यो, तर यस पटक भने दुई ठूला सौन्दर्य प्रतियोगिता हुने मिति नजिकिँदै गए पनि बेखबर बनेका छन्।

किन यसो भयो त ? जवाफ सहज छ- अखिल नेपाल महिला संघ क्रान्तिकारीले सौन्दर्य प्रतियोगिता नगर्न आयोजकहरूलाई दबाब दिँदै आएका छन्, तर हरेक वर्ष राजधानीमा हुँदै आएको मिस नेपाल र पोखरामा हुँदै आएको मिस पश्चिमाञ्चलको तयारी भित्री रूपमा भने भैरहेको छ। आयोजकहरूले कार्यक्रमका बारेमा सञ्चारकर्मीहरूलाई पनि जानकारी दिइरहेका छैनन्। उनीहरूले प्रतिस्पर्धीहरूलाई भित्रभित्रै प्रशिक्षणहरू प्रदान गरिरहेका छन्।

क्रान्तिकारी महिला संघको बारम्बार दबाबका कारण मिस पश्चिमाञ्चल अन्ततः हङकङ कल्चर सो ट्यालेन्ट कन्टेस्टको नाममा परिणत भएको छ। किन मिस पश्चिमाञ्चललाई कल्चर सोमा ढालेको ? आयोजक समिति द लुक्स फेसन होम्सका रवीन्द्र बज्रचार्यले भने- 'क्रान्तिकारी महिला संघको चेतावनीका कारण यसलाई कल्चर शोमा ढाल्नुपरेको हो।' कल्चर सो नामकरण गरिए पनि प्रतियोगिता भने सुन्दरी प्रतियोगिताकै शैलीमा हुनेछ। आयोजकहरूले पहिरनलाई मात्र कल्चरमा ढाल्ने तयारी गरेका हुन्।

कार्यक्रम अघिल्ला वर्षहरूमा भएको मिस पश्चिमाञ्चलकै शैलीमा हुने भएको छ। अखिल नेपाल महिला संघ, क्रान्तिकारीले मिस पश्चिमाञ्चल गरे दुर्घटना बेहोर्नुपर्ने चेतावनी दिएपछि अन्योलमा परेका आयोजकहरू अन्ततः कार्यक्रमको नाम परिवर्तन गरेर प्रतियोगिता गर्ने निर्णयमा पुगेका हुन।



धम्की र दबाबका कारण यस पटक प्रतियोगितामा सोचेजति प्रतिस्पर्धी सहभागी नहुने निश्चित छ। कार्यक्रमको प्रचारप्रसार पनि कम गरेकाले प्रतिस्पर्धी कम भएको आयोजक समितिकै राजेश जोशीले बताए।

अहिले प्रतियोगितामा १२ जना प्रतिस्पर्धीले मात्र सहभागिता जनाएका छन्। करिब एक महिनादेखि आयोजकहरूले उनीहरूलाई ऱ्याम्पमा क्याटवाक गर्ने देखि अन्य विविध ज्ञान दिँदै आएका छन्। साउन १८ गते हुने भनेर तोकिएको यो कार्यक्रम नाम परिवर्तनलगायत धम्की-अवरोधका कारण २५ गते सरेको छ। नाम परिवर्तन भए पनि हामीले ट्यालेन्ट देखाउन पाउने भएका छौं, सहभागी सुन्दरी लक्ष्मी गुरुङले भनिन्- जुन रूपमा भए पनि प्रतियोगिता हुनुपर्‍यो भन्ने हाम्रो मान्यता हो। अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय सचिवालय सदस्य सुशीला सिम्खडाले 'सौन्दर्य प्रतियोगिताले नेपाली महिलाहरूको उपहास गर्दै आएको बताइन्।'

उता हिडेन ट्रेजरले मिस नेपाल प्रतियोगितामा पोखराका युवतीहरूका छनौटका लागि द लुक्स फेसन होम्सका कोरियोग्राफर रवीन्द्र बज्राचार्यलाई जिम्मेवारी दिएको थियो, तर बज्राचार्यलाई क्रान्तिकारी महिलाहरूले युवतीहरू नपठाउन बारम्बार चेतावनी दिएका कारण उनले पोखराबाट मिस नेपालका लागि सहभागी पठाउन सकेनन्। यस पटक भने मिस नेपालमा पोखराको सहभागिता शून्य भएको छ।

–शिव शर्मा

## चलचित्र

# यतीको खोजीमा



भिजुअल प्रोडक्सन सेन्टर प्रा.लि.को प्रस्तुति नेपाली एड्भेन्चर चलचित्र 'यतिको खोजीमा' (In Search of Yeti) भोलि शनिबार कोरियाको सिउलमा प्रथम प्रदर्शन गरिने भएको छ। यो चलचित्र नेपालीकै लगानीमा नेपालको प्रमुख पर्यटकीय स्थल मनाङ, मुस्ताङ, सिकलेस, पोखरा, लाङटाङ, बन्दीपुर, अन्नपूर्ण सर्किट एरिया, काठमाडौं आदि ठाउँमा छायांकन गरी एक वर्षभन्दा बढी समय लगाएर निर्माण गरिएको पहिलो नेपाली एड्भेन्चर चलचित्र हो। अत्याधुनिक प्रविधिका साथ बिल्कुलै नौलो विषय र कथावस्तु भएको यो चलचित्र विल्कुल फरक धारको भएकाले पनि चर्चित छ। नेपाली चलचित्रको इतिहासमै पहिलो पटक क्यारेक्टर एनिमेसन गरिएको छ। एनिमेटर अच्युत गजुरेलले रहस्यमय हिममानव यतिलाई एनिमेसनबाट तयार गरेका हुन्। करिब ४ हजार ३ सय फिटको उचाइमा द्वन्द्वका दृश्यहरू खिचिएको द्वन्द्व निर्देशक रोशन श्रेष्ठ बताउँछन्। चलचित्रमा ५ दशमलव १ सराउन्ड साउन्डले दर्शकलाई अझ बढी सन्तुष्टि दिने कुरामा नायक तथा निर्माता लक्ष्मण बस्नेत विश्वस्त छन्। चलचित्रको विषयमा विस्तृत जानकारी तथा ट्रेलर http://www.insearchofyeti.com वेबसाइटमा उपलब्ध छ। आदिवासी, प्राकृतिक प्रकोप, विश्वकै रहस्यमय नेपालको हिमाली भेगमा रहेको भनिएको यति सँगको संघर्षका साथै एक्सन, फ्रिक्सन, सस्पेन्स, थ्रिलर, संस्कृति, मनोरञ्जन र आकर्षक मनमोहक दृश्यहरूले भरिपूर्ण यो चलचित्रलाई सन्तोष ढकालले निर्देशन गरेका हुन्। नायिकाको भूमिकामा अमेरिकी नागरिक पामेला सान्टरेली छन्। प्रमुख कलाकारहरूमा दिव्यश्वर गौतम, स्वामी कृष्ण, सुनीता गन्धर्व, पेमा शेर्पा आदि छन्।

# अगली और पगली



प्रायः हास्यचलचित्रमा नायकको भूमिका निर्वाह गर्ने रणवीर शौरी पुनः एकपटक कमेडी चलचित्र 'अगली और पगली' को मुख्य भूमिकामा देखिएका छन्। यस पटक उनको साथमा छिन् बलिउडकै कामुक नायिका मल्लिका शेरावत। यी दुई कलाकारबीचको खिचातानीमा आधारित चलचित्र 'अगली और पगली' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। चलचित्रका नायक कविर खुला हृदय भएका युवक हुन्। उनी विगत दस वर्षदेखि इन्जिनियरिङ अध्ययन गरिरहेका छन्, तर सफलता हात लागेको छैन। असफलताकै बीचमा कुहु (मल्लिका) को प्रवेश भएपछि कविरको जीवनमा पनि नाटकीय परिवर्तन आउँछ। कविरलाई कलेज भर्ना भएदेखि नै एउटी सुन्दर युवतीसँग प्रेम गर्ने रहर हुन्छ, तर उनले सपनामा पनि नचिताएकी युवती कुहुलाई प्रेमिकाका रूपमा पाउँछन्, जसले उनलाई अर्धनग्न अवस्थामा दौडाएकी मात्र छैनन्, सिटै नभएको साइकलमा दौडाएकी छिन्, अग्लो हिल भएको जुत्ता लगाउन बाध्य पारेकी छिन्। यी दुई अनौठा प्राणीबीचको अनौठो प्रेमसम्बन्धमै चलचित्रको कथा घुमेको छ। सचिन खोटले निर्देशन गरेको यो चलचित्रमा मल्लिका तथा रणवीरका अतिरिक्त टिनु आनन्द, सुस्मिता मुखर्जी, भिहाङ नायक, भारती अचरेकर, पायल रोहतोगी, सपना भागवानी आदि कलाकारको प्रमुख भूमिका छ भने पुरानी नायिका जिनत अमान विशेष भूमिकामा देखिन्छिन्। अनु मलिक यो चलचित्रका संगीतकार हुन्।

# द मम्मी : टम्ब अफ द ड्रागन इम्पेरर

युनिभर्सल पिक्चर्सले निर्माण गरेको चलचित्र 'द मम्मी : टम्ब अफ द ड्रागन इम्पेरर' को प्रदर्शन पनि आजैदेखि गरिंदैछ। यसअघि पनि हलिउडमा 'द मम्मी' शीर्षकको चलिचत्र निर्माण भैसकेको छ। यो त्यसैको सिक्वेल हो। चलचित्रमा ब्रेन्डन फ्राजर, जेट लि, मारिया बेल्लो, माइकल यिहो तथा जोन हन्नाहको प्रमुख भूमिका छ। एक्सन तथा एड्भेन्चरको श्रेणीमा राखिएको यो चलचित्रको निर्देशन रोब कोहेनले गरेका छन्। डरलाग्दा एक्सन दृश्य समावेश गरिएको यो चलचित्रलाई १३ वर्षभन्दा कम उमेरका दर्शकलाई हेर्न नहुने वर्गमा राखिएको छ। पौराणिक कथामा आधारित द मम्मीको कथा चीनसँग जोडिएको छ। चलचित्रमा नायक रिक ओ'कनल, उनका छोरा एलेक्स, श्रीमती इभेलिन तथा भाइ जोनाथन एउटा साहसिक यात्रामा निस्किएका छन्। उनीहरूको उद्देश्य २ हजार वर्ष पुरानो चिहानलाई मृत्युशैय्याबाट उठ्न नदिनु हो। 'मम्मी' भनिने उक्त चिहान ब्यूँतिए संसार नै तहसनहस हुने पूर्वघोषणाअनुसार चलचित्रका मुख्य पात्र उक्त चिहानलाई ब्यूँतनै नदिने प्रयासमा लाग्छन्।

# तस्बिर



कलेजको नाट्यटोलीका नायक हुन्छन् रिमेश अधिकारी र नायिका हुन्छिन् प्रेरणा शर्मा। रिमेश नाटकमा प्रेरणासमक्ष प्रेम अभिव्यक्त गर्न सक्दैन, किनकि ऊ वास्तवमै प्रेरणालाई एकतर्फी रूपमा मन पराउँछ। प्रेरणा भने यो कुराबाट अनभिज्ञ छिन् र उनी 'प्ले ब्वाई' पुष्पराज पुरुषसँग एकतर्फी प्रेम गर्छिन्। उनको भनाइमा पुष्प व्यवहारमा युवतीहरूको पछि लागेको जस्तो देखिए पनि वास्तविकतामा ऊ भावुक युवक हो। अनि आरम्भ हुन्छ त्यागका कुरा। पुष्प रिमेशका लागि प्रेरणालाई त्याग्न खोज्छ भने रिमेश पुष्पका लागि। प्रेरणा दुवैसँग खुलेर प्रेम गर्न सक्दिनन्। नारायण पुरीको सहायक भै दर्जनौं चलचित्रमा काम गरिसकेका नवल नेपालले पहिलो पटक निर्देशन गरेको यो चलचित्र उनको पहिलो चलचित्रजस्तो लाग्दैन। अभिनयमा रिमेश चलचित्रको केन्द्र भएका छन् भने पुष्पराज हरेक किसिमको अभिनयमा पोख्त देखिएका छन्। नायिका प्रेरणा शर्माले एकाध स्थानमा राम्रो काम गरे पनि अझै उनलाई प्रशिक्षणको आवश्यकता देखिन्छ। वसन्त सापकोटाको संगीत तथा पुष्पराज र नवलको गीत रचना कथामा सुहाए पनि संगीत संयोजनमा कञ्जुस्याइँ गरिएको जस्तो लाग्छ। सुशील छेत्री, दिलीप रायमाझी तथा सौजन्य सुब्बा चलचित्रका अतिथि कलाकार हुन्।

## पहिलो विश्व

### दौड हाई हिलको





मस्कोमा बार्षिक रुपमा आयोजना हुने हाई हिल दौडमा न्युनतम साँढे ३ ईन्च अग्लो हिल लगाएरे दौड्दै महिलाहरु।

# यौनका खेलाडी पक्राउ

पश्चिमी मुलुकमा अहिले यौनलाई प्रतिस्पर्धामा परिणत गर्ने लहर चल्न थालेको छ। अमेरिकामा वार्षिक रूपमा कसको यौनक्षमता कति छ भनेर प्रतिस्पर्धा नै हुन्छ। यस्तै किसिमको प्रतिस्पर्धा हालै ग्रीसको जाकिन्थोस टापुमा आयोजना गर्ने क्रममा यौनका खेलाडीहरूलाई



प्रहरीले पक्राउ गरेको छ। मुथमैथुनको प्रतिस्पर्धा आयोजना गर्ने क्रममा स्थानीय ग्रीक पुरुषहरूले छ जना ब्रिटिस महिलालाई लिएर उक्त प्रतिस्पर्धाको आयोजना गर्न लागेका थिए। उनीहरूले उक्त मुखमैथुनलाई भिडियो क्यामेराले खिची इन्टरनेटमार्फत् प्रचार गर्ने सोच बनाएको बताएका छन्। ग्रीसको यो टापुमा बेलायतका पर्यटकहरूको भ्रमण हालका वर्षमा बढ्दै गएको छ। केही समयअघि उनीहरूले वाइल्ड पार्टीको आयोजना गरेपछि प्रहरीले उक्त टापुमा आफ्नो गस्ती बढाएको थियो। अहिले पक्राउ परेका महिलालाई वेश्यावृत्तिको अभियोग लगाइएको छ भने पुरुषहरूलाई यौनसम्पर्कका लागि उकासेको अभियोग लगाइएको छ।



# महँगो सुरक्षित यौनसम्पर्क

सुरक्षित यौनसम्पर्कका लागि कन्डमलाई भरपर्दो साधन मानिन्छ। एड्स तथा जनसंख्या नियन्त्रण गर्न विभिन्न संघसंस्थाले कन्डमलाई कतिपय मुलुकमा निःशुल्क वितरणसमेत गर्ने गरेका छन् भने कतिपय मुलुकमा यो किनेर प्रयोग गर्नुपर्ने अवस्था छ। खरिद गरेर प्रयोग गर्ने मुलुकहरूमध्ये कुन देशमा कन्डम महँगो छ भनेर गरिएको बजार सर्वेक्षणले के देखायो भने आयरल्यान्डका नागरिकले सुरक्षित यौनसम्पर्कका लागि सबैभन्दा बढी रकम तिर्ने गरेका छन्। हाल आयरल्यान्डमा एक प्याकेट कन्डमको मूल्य १ हजार २ सय २४ रुपैयाँ पर्ने गरेको छ। युरोपकै अर्को मुलुक नेदरल्यान्डका बासिन्दाले एक प्याकेट कन्डमका लागि १ हजार ७१ रुपैयाँ तिर्छन् भने इङ्ल्यान्डका नागरिकले १ हजार ३ रुपैयाँ तिर्छन्। अमेरिकामा भने सहर हेरेर कन्डमको मूल्य फरक छ। न्यूयोर्कमा एक प्याकेट कन्डमलाई ९ सय ८६ रुपैयाँ पर्छ भने लस एन्जलसमा ९ सय ३५ रुपैयाँ पर्छ। त्यसैगरी मियामीमा ९ सय १ रुपैयाँ, सिकागोमा ८ सय ८४ रुपैयाँ, सियाटलमा ७ सय ८४ रुपैयाँ तथा डेनभरमा ७ सय १४ रुपैयाँ पर्छ। उक्त बजार सर्वेक्षणमा सबैभन्दा कम मूल्य तिरेर कन्डम किन्नेमा चीनको सङ्घाई सहरका बासिन्दा देखिएका छन्। उनीहरूले एक प्याकेट कन्डमका लागि ३ सय ६ रुपैयाँमात्र तिर्ने गरेका छन्। कन्डमको मूल्य यति चर्को हुनुको कारण जनसंख्या कम भएर होइन। वातावरणविद्हरूका अनुसार कन्डमलाई पुनःप्रयोग गर्न नसकिने र यसलाई नष्ट गर्दा वातावरणीय क्षति बढ्ने हुनाले प्रयोगकर्ताबाटै प्रयोगको शुल्क लिन यति चर्को मूल्य राखिएको छ।



### अन्त्यमा...

कुनै पनि मुलुकको राष्ट्रियतामा अन्य मुलुकले हस्तक्षेप गऱ्यो भने त्यसको विरोध अवश्य हुन्छ। राष्ट्रियताको आन्दोलनमा कसरी विरोध जनाइन्छ भन्ने कुरा भने फरक-फरक देखिन्छ। जापान र दक्षिण कोरियाबीच एक टापुको स्वामित्वका लागि लामो समयदेखि विवाद भैरहेको छ। दक्षिण कोरियाको डाक्डो टापु जापानले अतिक्रमण गरेर यसको नाम परिवर्तन गरी ताकेसिमा राखेको छ, तर दक्षिण कोरिया डाक्डो टापु आफ्नो ऐतिहासिक धरोहर भएको र जापानले अतिक्रमण गरेको बताइरहेको छ। दक्षिण कोरियाले हालै अतिक्रमणको रोष देखाउन भूमिगत रेलसेवामा राखिएका जापानमा निर्मित कन्डमका सबै विज्ञापनलाई हटाएको छ। जापानको नम्बर वान लेखेर राखिएका २ सयको संख्यामा रहेका त्यस्ता विज्ञापनलाई स्थानीय निकायले हटाएको छ।



## सानो पर्दा

• मोडलिङ गर्दागर्दै भिडियो जक्की बनेकी सोभिता सिंखडा सानो पर्दामा नेपाली चलचित्रसम्बन्धी कार्यक्रम सञ्चालन गरेर चर्चित भएकी छिन्। सिंखडाले सञ्चालन गर्ने चलचित्रसम्बन्धी कार्यक्रम 'नमस्ते कलिउड' को प्रसारण समय भने परिवर्तन गरिएको छ। यसअघि बुधबार साँझ ७:३० बजे प्रसारण भैरहेको उक्त कार्यक्रम साउनको पहिलो सातादेखि शनिबार साँझ ७:३० बजे प्रसारण हुन थालेको छ।

• नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको चलचित्रसम्बन्धी कार्यक्रम 'क्ल्याप बोर्ड' तथा 'पर्दा' को प्रसारण रोकिएको छ। निर्माता पक्षले दिएको जानकारी अनुसार यही साउन महिनादेखि यी दुवै कार्यक्रमको सञ्चालन रोकिएको हो। क्ल्याप बोर्डको सञ्चालन चलचित्र पत्रकार राजन घिमिरेले गरिरहेका थिए भने पर्दाको सञ्चालन सरिता लामिछानेले गरेकी थिइन्।

• नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'मेरी बास्सै'को प्रसारण दिन सारिएको छ। हरेक शुक्रबार राति पौने नौ बजे प्रसारण हुने यो श्रृंखला अब हरेक शनिवार राति त्यही समयमा आउन थालेको छ। केदार घिमिरे र सीताराम कट्टेलले अभिनय तथा निर्देशन गरेको यो श्रृंखलामा केही रमाइला हास्यदृश्य पनि थपिएका छन्। चलचित्रमा खलनायकको अभिनय गरिरहेका अभिनेता सुनील थापा पनि श्रृंखलामा आउन थालेपछि दर्शकहरूले यो श्रृंखलालाई अझ बढी रुचाएको बताइन्छ। सुनील सीतारामले अभिनय गरिरहेको 'धुर्मुस' चरित्रको मामाको भूमिकामा श्रृंखलामा देखिएका थिए। धुर्मुस र सुन्तलीको मनकामना भ्रमणलाई पनि श्रृंखलामा देखाइँदैछ भने 'माग्नेबूढा' बनेका केदार घिमिरेको छोरालाई पनि श्रृंखलामा देखाइन थालेको छ। छोराको भूमिका केदारका आठ वर्षीय छोरा आशिष घिमिरेले नै अभिनय गरिरहेका छन्।

• टेलिनायिका सौजन्य सुब्बा अब सानो पर्दाबाट पूर्ण रूपमा ठूलो पर्दाका चलचित्रहरूमा अभिनय गर्ने तयारीमा छिन्। फाट्टफुट्ट ठूला पर्दाका चलचित्रमा देखिए पनि अझै सुहाउने भूमिकामा देखिन उनी केही दिनदेखि बढेको तौल घटाउने अभियानमा लागेकी छिन्। हरेक दिन व्यायामशाला गएर उनले चार दिनमा डेढ किलो वजन घटाएको बताइन्। 'अब तपाईंहरूले मलाई मोटी भन्ने दिन निकै कम छ।' -उनले रमाइलो शैलीमा साप्ताहिकसँग भनिन्। सुब्बाले अभिनय गरिरहेको श्रृंखला 'जिन्दगी-अलवेज कम्प्रोमाइज' इमेज च्यानलबाट हरेक मंगलबार राति साढे आठ बजे प्रसारण भैरहेको छ। जसमा उनी नायक आर्यन सिग्देलकी जुम्ल्याहा दिदीका रूपमा देखिएकी छिन्। सागर लामिछानेको निर्देशन रहेको उक्त श्रृंखलामा अजय श्रेष्ठ र अमृतजंग बस्नेतको पनि मुख्य भूमिका छ। त्यसैगरी नायिका सुब्बाले अभिनय गरिरहेको श्रृंखला 'संस्कार'को पनि कान्तिपुर



टेलिभिजनमा ३३ भाग प्रसारण भैसकेको छ। गायक बाबु बोगटीलगायत अन्य कलाकारले अभिनय गरिरहेको यो श्रृंखलाका निर्देशक रेशराज आचार्य हुन्। नायिका सौजन्यले हाल नयाँ श्रृंखलामा अनुबन्ध नभएको पनि साप्ताहिकलाई बताइन्।

## साताको स्वर



### बाबु बोगटी

**'तिम्रो लागि...' गीतको भाव के हो ?**
सेन्टिमेन्टल स्लो रकमा आधारित यो गीत एक जोडी प्रेमि-प्रेमिकाप्रति समर्पित छ। प्रेमिले प्रेमिकालाई व्यक्त गरेका शुभकामना गीतमा समेटिएको छ।

**गीतका लक्षित वर्गबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**
पप संगीत मन पराउने श्रोताहरूबाट सकारात्मक प्रतिक्रिया पाएको छु। श्रोताले गीतको शब्द मन पराउनुभएको छ।

**म्युजिक भिडियो कस्तो छ ?**
अहिले चलिरहेको शैलीभन्दा केही पृथक् भए पनि गीतले मागेका सबै कुरा भिडियोमा पूरा भएको छ।

**गीतको शब्द तथा संगीतसमेत आफैले तयार पार्न कत्तिको कठिन भयो ?**
गीतको तीनवटै विधामा आफैले काम गर्दा सबै विधामा उत्तिकै मेहनत गर्नुपर्छ। त्यही मेहनतको फल अहिले पाइरहेको छु।

**यो गीत संगीत प्रतियोगितामा समेत प्रतिस्पर्धी भएको रहेछ नि ?**
स्रोताहरूले मन पराइदिनुभएकैले यो गीत पुरस्कारका लागि प्रतिस्पर्धी भएको हो।

**महिनामा** एकपटक आयोजना हुने सांगीतिक कार्यक्रम 'पलेँटी' को गत शुक्रबार दार्जीलिङका दाजु-भाइ संगीतकर्मी सहभागि भए। बद्री खरेल तथा दुर्गा खरेलले कार्यक्रममा आफ्नो सबैभन्दा लोकप्रिय गीत 'बोलाऊँ भने तिमीलाई बात लाग्ने डर..' प्रस्तुत गर्दा दर्शकदीर्घामा बसेका संगीत पारखीहरू मुग्ध भएका थिए। नेपालयले पाटनको आरशालामा आयोजना गरेका उक्त कार्यक्रममा गायक दाजुभाइले 'बान्की परेकी माया बान्की परेकी', 'ए ढाकाटोपीमा हेर' लगायत डेढ दर्जन लोकप्रिय गीत प्रस्तुत गरे। उमेरले पाँच दशक पूरा गरिसकेका यी संगीतकर्मी दाजुभाइ पहिलो पटक एकल सांगीतिक कार्यक्रममा सहभागी भएका हुन्। विगत चार वर्षदेखि प्रत्येक अंग्रेजी महिनाको अन्तिम शुक्रबार आयोजना भैरहेको 'पलेँटी' को आगामी श्रृंखलामा हास्यकलाकार मदनकृष्ण श्रेष्ठ गायकका रूपमा प्रस्तुत हुँदैछन्।

**आदिवासी** गीतकार समाज नेपालको वर्तमान कार्यसमिति विघटन गरी सचिवालय समिति गठन भएको छ। समाजद्वारा जारी विज्ञप्तिमा जनाइएअनुसार समाजको दोस्रो महाधिवेशन गत असार महिनाभित्रमा सम्पन्न भैसक्नुपर्नेमा विविध कारणले हुन नसकेपछि सचिवालय समिति गठन गरिएको हो। गठित तीन सदस्यीय सचिवालय समितिका अध्यक्षमा शुभ मुकारुङ, संयोजक तथा सचिव दीपेन्द्र दीनदुखी तथा सदस्य उपेन्द्र सुब्बा छन्।

**आधुनिक** गीत तथा गजल गाएर चर्चामा आएका पोखरेली गायक रामभक्त जोजिजुद्वारा स्वरबद्ध गीतहरूको नयाँ संग्रह 'चुनौती' को गत शुक्रबार पोखरामा विमोचन भएको छ। संस्कृतिकर्मी सर्वज्ञमान प्रधानांगले उक्त संग्रह विमोचन गरेका हुन्। समारोहमा गायक जोजिजुद्वारा लिखित गीतहरूको पुस्तकको साहित्यकार सरुभक्तले विमोचन गरे। गायक जोजिजुले यसअघि चारवटा गीतिसंग्रह तयार पारिसकेका छन्।

**गायक** खगेन्द्र सिंहले आफ्नो चर्चित गीत 'जिउँदा जिउँदै...' को म्युजिक भिडियो तयार पारेका छन्। चितवनमा छायांकन गरिएको स्लो रक गीतको उक्त भिडियो आगामी महिना सार्वजनिक हुनेछ। गीतिसंग्रह 'एक्स्ट्रिम' मा समावेश गरिएको उक्त गीतको भिडियोको निर्देशन बिभोर पोखरेलले गरेका हुन् भने अर्जुन तिवारी यसका छायाँकार। चितवनकी मोडल रीता तामाङले उक्त भिडियोमा अभिनय गरेकी छिन्। भिडियोमा नारीले भोग्नुपरेका पीडालाई समेटिएको छ।

**नेपाली** सांगीतिक क्षेत्रमा दुई प्रतिभावान् कलाकारको उदय भएको छ। गत शनिबार पाटनढोकास्थित यलमाया केन्द्रमा आयोजित सांगीतिक कार्यक्रममार्फत ती गायक-गायिका सांगीतिक क्षेत्रमा प्रवेश गरेका हुन्। हिमाली दीक्षित तथा इलुम दीक्षित आफ्नो स्वरमा सजिएको पहिलो गीतिसंग्रह 'पाटनढोकैमा' को लोकार्पण गर्दै सांगीतिक क्षेत्रमा प्रवेश गरेका हुन्। सांगीतिक समारोहमा गीतिसंग्रहको विमोचनसँगै गीत-संगीतको प्रस्तुति तथा म्युजिक भिडियोको प्रदर्शनसमेत गरिएको थियो। आफू जन्मेर हुर्किएको स्थानप्रति उक्त गीतिसंग्रह समर्पण गरेका गायक-गायिकाले बताएका छन्। हरि महर्जनको संगीत-संयोजनमा संग्रहमा नौ गीत समावेश छन्। समारोहमा गायक-गायिकाले संग्रहमा रहेका पाटनढोकैमा, तिमीलाई सम्झिन, यो जिन्दगीमा, गंगा तिमी आदि गीत गाएका थिए।

**बेलायतमा** जन्मिएर उतै हुर्किएका आइनिमा शेर्पा पपगायक बनेका छन्। आफूले गाएका गीतहरूमा आफ्नै शब्द तथा संगीत राख्न रुचाउने आइनिमाले आगामी महिना बजारमा आउने गीतिसंग्रहको नाम 'जून २९' राखेका छन्। सेला पपदेखि लोक पपसम्मका गीतहरू तयार पारेको बताउने गायक आइनिमा अहिले संग्रहको 'तिमीलाई नै' गीतको म्युजिक भिडियो निर्माणको क्रममा छन्। उनको म्युजिक भिडियो तीन जना एवार्ड विजेता व्यक्तिहरूले तयार पार्देछन्।

**हङकङमा** बसेर एचकेनेपाल डटकम सञ्चालन गरिरहेका गीतकार टंक सम्बाहाम्फेले आफ्नो रचनाका दसवटा गीत समावेश गरेर एउटा गीतिसंग्रह तयार पारेका छन्। 'सार' शीर्षक राखिएको उक्त संग्रहका गीतहरू कृष्णभक्त राईले गाएका छन्।

**सांगीतिक** कार्यक्रमको क्रममा अमेरिका पुगेका गायक दीपेशकिशोर भट्टराई उतैबाट जापानमा आयोजना हुने सांगीतिक कार्यक्रममा सहभागी हुँदैछन्। आगामी साउन २४ गते जापानमा आयोजना हुने सांगीतिक कार्यक्रममा उनले गीत-संगीत प्रस्तुत गर्नेछन्।

**गीतिसंग्रह** उत्पादन गर्ने संगीत कम्पनीहरूको संख्या बढिरहेको अवस्थामा तीन जना संगीतकर्मी मिलेर एउटा नयाँ कम्पनी स्थापना गरेका छन्। पञ्चरत्न म्युजिक एन्ड मेलोडी नाम राखिएको उक्त कम्पनीको सञ्चालन गायिका संगीता राई, संगीतकर्मी बी. पाण्डे तथा रामकुमार अधिकारीले गरेका हुन्। यसबीच गायक भुवन सुप्तिहाङले पाँच वर्षको अन्तरालमा श्रोतामाझ ल्याउने गीतिसंग्रह 'सजेसन' को बजार प्रवर्द्धन सोही कम्पनीले गर्ने भएको छ। भुवनले यसअघि २०६० सालमा गीतिसंग्रह 'तिम्रो माया' श्रोतामाझ ल्याएका थिए।

**शास्त्रीय** संगीतलाई प्राथमिकता दिने उद्देश्यले स्थापना भएको सुम्निमा कल्चर एकेडेमीले नियमित कार्यक्रमअन्तर्गत गत शनिबार ललितपुरको सातदोबाटोस्थित आफ्नै कार्यालयमा 'शास्त्रीय संगीत विशेष' कार्यक्रमको आयोजना गऱ्यो। कार्यक्रममा शास्त्रीय संगीतका गुरु कैलाश राईका साथै प्रकृति लामा, रेवत राई, चन्दा घिसिङ आदि संगीतकर्मीले विभिन्न राग गाएर दर्शकहरूलाई शास्त्रीय संगीतको स्वाद पस्किए। ती कलाकारहरूलाई मनोज गौतमले तबलामा तथा मण्डल साम्पाङले हार्मोनियममा साथ दिएका थिए।

**कमलादीस्थित** प्रज्ञाभवनको प्रेक्षालय गत शनिबार भरिभराउ थियो। नागपोखरी महोत्सवको सहयोगार्थ नक्साल युवामण्डलले आयोजना गरेको 'हिमाली साँझ' शीर्षकको सांगीतिक कार्यक्रमको मनोरञ्जन लिन दर्शकहरूको ठूलो जमात त्यहाँ भेला भएको थियो। कार्यक्रममा गायिका रिमा गुरुङ, सत्यराज आचार्य, स्वरूपराज आचार्य, दीप श्रेष्ठ, कुन्ति मोक्तान, सुरेश कुमार, छिरिङ भुटिया तथा शीतल-सुवानी मोक्तानले गीत-संगीत प्रस्तुत गरेका थिए।

**गायक** प्रमोद खरेल आफ्नो दोस्रो एल्बम 'सेन्टिमेन्ट्स' को एउटा गीत 'बाँचेको थिएँ, तिम्रै लागि, तिमीले जिन्दगी डुबाइदियौ' का कारण चर्चामा छन्। त्यही गीतले उनलाई पहिलो एल्बम 'निर्दोष मायालु' को चर्चित गीत 'लाग्छ तिमी सागरसरि' ले भन्दा बढी चर्चा दियो। गीतले चर्चा पाएपछि उनले उक्त गीत आफूले पाएको प्रेम वियोगको पीडा पोख्दै गाएको रहस्य खोलेका छन्। कुनै पनि स्थानमा उक्त गीत गाउँदा भक्कानो छाडेर रुन मन लाग्ने बताउँदै गायक खरेलले गीत रेकर्ड हुँदासम्म प्रेमिका साथै रहेकी तर अचानक उनले छाडेर गएपछि त्यो गीत आफ्नै लागि गाउन पुगेको जस्तो लागेको बताए।

### लाइभ शो

- द ग्रुप फोर क्रिएसन तथा केटीएम फन पार्कले गत साता प्रेस विज्ञप्ति जारी गर्दै 'संगीत आन्दोलन-२०६५' शीर्षकको कार्यक्रम आयोजना गर्न लागेको जनाएको छ। आयोजक संस्थाले जनाएअनुसार उक्त कार्यक्रम भृकुटीमण्डपस्थित काठमाडौं फनपार्कमा आगामी भदौ १५ गतेदेखि २१ गतेसम्म तथा त्यसपछि पछि प्रत्येक महिनाको एकपटक उक्त कार्यक्रम सञ्चालन हुनेछ। 'शान्तिका लागि संगीत, संगीत चोरेर होइन किनेर सुनौं तथा संगीतमा भेदभाव नगरौं' भन्ने नाराका साथ सञ्चालन हुने उक्त कार्यक्रमको उद्देश्य नेपाली गीत-संगीत, कला एवं कलाकारहरूको हौसला, प्रोहत्सान तथा विकास गर्नु भएको आयोजकहरूले बताएका छन्।

### अफबिट



कस्तो छ नाना : धरानको अरुणटोलका बालबालिकालाई कपडा वितरण गर्दै हिपहप गायक निर्णय श्रेष्ठ। शान्तिका निम्ति शिक्षायात्रामा उनले धरान र धनकुटाका २ सय ७ जना बालबालिकालाई कापी, लताकपडा, डटपेन, पेन्सिल, रबर र पेन्सिल कटर वितरण गरे। तस्बिर : राजु घिसिङ

### ब्यान्ड बक्स




सामाजिक संस्थामा संलग्न भएका व्यक्तिहरूद्वारा स्थापना भएको हेटौंडाको ब्यान्ड हो- सिजन ब्यान्ड। २०५२ सालमा स्थापना भएको यो ब्यान्डका चार सदस्य युवा सांस्कृतिक मञ्चसँग आबद्ध रहेको र त्यहाँ गाउने-बजाउने क्रममा थप दुई सदस्य भएर ब्यान्ड स्थापना गरेको गायक सुजिल कर्माचार्य बताउँछन्। सामाजिक संस्थासँगै सांगीतिक संसारमा पनि प्रवेश जनाएका सिजन ब्यान्डका सदस्यहरूले कन्सर्ट गरेर आफ्नो ब्यान्डको उद्घाटन गरेका थिए। धेरै स्टेज सो गरिसकेको यो ब्यान्डले स-साना सोहरूबाहेक ४० वटा कार्यक्रम गरिसकेको छ। नेपालको वीरगन्ज, नारायणगढ, पोखरा, काठमाडौंलगायत विभिन्न ठाउँमा ब्यान्डसहित र विदेशमा हङकङ, जापान, अमेरिका तथा अस्ट्रेलियामा गायक तथा लिड गिटारिस्ट सुजिल कर्माचार्यले सोलो स्टेज कार्यक्रम गरिसकेका छन्। प्रायः विदेशमा हुने कार्यक्रममा गायकले मात्र सहभागिता जनाउनुको कारण ब्यान्डका सबै सदस्यलाई विदेश लान आयोजक पक्षले समस्या देखाएको सुजिल बताउँछन्। ब्यान्डका मुख्य गायक चन्द्र लामा विदेशिएपछि यो ब्यान्डको स्टेज सो कम भएको र भैहाले पनि ब्यान्डका पूरा सदस्यको सहभागिता नहुने तीतो यथार्थ सुजिलले सुनाए।

ब्यान्डले ख्याल ख्यालैमा, सिजन र सात तियाँ एक्काइस गरी तीनवटा एल्बम सार्वजनिक गरिसकेको छ। ब्यान्डमा शैलेन्द्र प्रधान किबोर्डमा, ज्ञानेन्द्र प्रधान रिदम गिटार र गायनमा, सञ्जय श्रेष्ठ बेस गिटारमा, चन्द्र लामा ड्रम र गायनमा, सुजिल कर्माचार्य लिड गिटार र गायनमा छन्। त्यस्तै ब्यान्डको व्यवस्थापनको जिम्मेबारी उपेन्द्र श्रेष्ठमाथि छ। अहिलेको अवस्थामा संगीतमा लागेर बाँच्न सकिने भएकाले सांगीतिक क्षेत्रलाई रुचिका लागि मात्र नभएर पेसाका रूपमा पनि लिन सकिने दाबी सुजिलको छ। सिभिल इन्जिनियर सुजिल यी दुई क्षेत्रमध्ये कुनै एक क्षेत्र रोज्नुपर्दा सांगीतिक क्षेत्र नै रोज्ने बताउँछन्। सोलो एल्बम भूमो निकालेर थप चर्चा पाएका सुजिलले चाँडै भूमोको दोस्रो भाग श्रोतामाझ ल्याउने भएका छन्।


–अरुणा भट्टराई

## नजिकबाट — कविता आले



| | |
|---|---|
| जन्ममिति | : २०१२ भदौ २८ |
| जन्मस्थान | : इलाम |
| घरमा बोलाउने नाम | : फूलमाया |
| नामको अर्थ | : हजुरआमाले जेठी नातिनी भएकाले मायाले राखेको |
| पहिलो गीत | : संक्रान्ति बजार मान्छेको हजार |
| नजिकका साथी | : पद्मा श्रेष्ठ |
| सबैभन्दा बढी माया | : आमाको लाग्थ्यो |
| मनपर्ने गीत | : जलेवाले पानी खायो, मलेवाले देख्यो |
| रुचि | : संगीत गुनगुनाइरहनु, अभिनय |
| सांगीतिक गुरु | : गोपाल योञ्जन |
| परिचय | : गायिका, अभिनेत्री |
| राशि | : कर्कट |
| मनपर्ने उपहार | : पूर्वेली पहिलो गायिकाको रूपमा पाएको सम्मान |
| मनपर्ने नायक | : जसले कथावस्तु बुझेर छर्लङ्ग पार्छ |
| घुम्न मनलागेको स्थान | : रविबजार (मामाघर) |
| रिस उठेको बेला | : अन्तर्मुखी भएर बस्छु |
| मनपर्ने बानी | : मेरो खाना खाने तरिका |
| मन नपर्ने बानी | : मनमा लागेको सबै भनिदिने |
| रमाइलो क्षण | : २०४९ सालमा श्रीमान्सँग युरोप घुम्न जाँदा |
| नरमाइलो क्षण | : आमा बितेको दिन |
| गोप्य कुरा | : गोप्य कुरा पनि भन्छन् त ? |
| अन्य प्रतिभा | : कुनै जमानामा समाचारवाचिका थिएँ |
| तपाईंको कमजोरी | : सबैलाई छिटो विश्वास गर्नु |

## प्रकाश ओझासँग तालमा आलु



एउटा व्यक्ति एन्टिक पसलमा गएर भन्यो- 'मसँग पृथ्वीनारायण शाहको पालाको दुर्लभ टाइपराइटर छ, म त्यसलाई बेच्न चाहन्छु ।'

'तर पृथ्वीनारायण शाहको पालामा त टाइपराइटर बनेकै थिएन ।'

'त्यसैले त मैले दुर्लभ भनेको ।'

०००

रेलको डिब्बामा, एउटी जवान युवती, अर्की वृद्ध आइमाई, एउटा कर्मचारी तथा एक युवक यात्रा गरिरहेका थिए । रेल एउटा अँध्यारो गुफामा प्रवेश गऱ्यो, त्यसै बेला पहिले एउटा चुम्बनको अनि थप्पडको आवाज आयो.... 'अचम्म छ,' युवतीले सोची- 'म युवती हुँदाहुँदै कुनचैं मुर्खले यो बूढी आइमाईको चुम्बन लियो ?'

'स्याबास,' बूढी आइमाईले सोची– 'अँध्यारोको फाइदा उठाएर युवतीको चुम्बन लिनेले यसरी नै झापड खानुपर्छ ।'

'कस्तो घटिया केटो रहेछ ?' कर्मचारीले सोच्यो– 'चुम्बन युवतीको उसले लियो, झापडचाहिं मैले खाएँ ।'

'आजचैं मजा आयो,' युवकले सोच्यो- 'मैले आफ्नै हातमा चुम्मा खाएँ अनि झापडचैं कर्मचारीलाई हानें ।'

०००

एउटा कर्मचारीलाई २० लाख रुपैयाँको चिट्ठा पऱ्यो । उसको अबको इच्छा के छ भनेर प्रश्न गर्दा उसले यसरी उत्तर दियो- 'मेरो इच्छा यही छ कि मसँग अब २० लाख रुपैयाँछ, त्यसैले अब म कुनै काम नगरूँ, त्यसैले मैले निर्णय गरेको छु...म अब हुलाकी छोडदिन्छु ।'

०००

रक्सीले टिल्ल भएको एउटा मुनिस फुटपाथमा यसरी हिंड्दै थियो कि हिंड्दा उसको एउटा खुट्टा फुटपाथमा अनि अर्को खुट्टा सडकमा पर्थ्यो ।

गस्तीमा हिंडेको एउटा प्रहरीले त्यो दृश्य देख्यो र भन्यो- 'ओइ जूड्याहा ! आज त तैंले पाँच बोतल नै रक्सी खाइस् हैन ?'

'तपाईंलाई कसरी थाहा भयो, मैले रक्सी खा'को छु भन्ने कुरा ?'

'तेरो हिंडाइबाट नि, तेरो एउटा खुट्टा फुटपाथमा अनि अर्को कुरा सडकमा पर्दैछ ।'

'थुक्क, म त सोच्दै थिएँ- म गधा लंगडो भएछु ।'

०००


होटलको ग्राहक बेयरालाई गाली गर्दै थियो- 'यो उसिनेको अन्डा यति चिसो किन छ ? कतै तिमीले यो अण्डा चिसो पानीमा उसिनेको त होइन ?

**मेरो कुरा**

महँगाइ..., हथौडी प्रयोग नगरी एक रुपैयाँलाई पचास पैसा बनाउने तरिका... ।

## कविता

### शान्ति छाइदिए



कस्तो हुन्थ्यो नेपालमा, दीर्घ शान्ति छाइदिए
सबै मिली यो देशमा, शान्तिकै गीत गाइदिए
आफ्नो मात्र स्वार्थ हेर्ने, बानी त्यागी सबै जना
अझ राम्रो हुने थियो, देशकै निम्ति धाइदिए
एक भई जुट्नुपर्छ, नेपाललाई बचाउन
झनै राम्रो देश बचाउने, कसम सबले खाइदिए
आशान्ति यो देशमा अब, कहिल्यै आउँदैनथ्यो
आ-आफ्नो हठ त्यागी सबै, सम्झौतामा आइदिए ।

–बद्री सिवाकोटी

### आफ्नो मन

पिरै पिरको तुवाँलोले ढाकेको जिन्दगी यो
को मान्छे हुन्छ र खै पिरमाथि जिन्दगीको
नसोधी नै सुनिन्छन् वेदनाका कथाहरू
सुन्ने काम पाइदैनन् मुख धेरै हुन्छन् भन्नेहरू
ओंठहरू बोल्न छाडे दुखेको मनमाथि
मिल्ने भए जोख्न हुन्थ्यो कसको व्यथा कति
बाहिर देख्दा हाँसो हुन्छ भित्री आत्मा कसले देख्छ
आफ्नो आत्मा आफैसँग बाँडन कहाँ मिल्छ
कसलाई सुनाऊ सबै उस्तै गुम्सिएका कथाहरू
सुन्ने कान पाइदैनन् मुख धेरै हुन्छन् भन्नेहरू ।

–सुशील भण्डारी

### लखेट्ने कति हुन्छन्

कमजोरीमा दपेट्ने कति हुन्छन्
निर्धो हुँदा घचेट्ने कति हुन्छन्
नीच नियत भएर त यहाँ यसरी नै
दुःख आपत पर्दा लखेट्ने कति हुन्छन्
हुँदा छुँदा मात्र आफ्नो भन्ने यो दुनियाँमा
सम्पत्तिले सम्पन्न भए भेट्ने कति हुन्छन्
स्वार्थमा लुब्ध हुने यो संसारमा
मौका पाएपछि गर्धन रेट्ने कति हुन्छन् ।

–वसन्त खत्री

### तड्पाइदिन्छन्

कोही कही पराया पनि आफ्नै बनेर आइदिन्छन्
कोही आफ्नै पराया बनेर दिल नै दुखाइदिन्छन्
संसारिक रीतिस्थिति र चलन रहेछ यस्तै र त
कोही घात-प्रतिघात गरेर तड्पाइदिन्छन्
कोही दिन र रातसम्म लाग्ने गरी पर्खाइदिन्छन्
झुटलाई आश्रय दिंदै छलकपटलाई निको मान्दै
कोही सत्यलाई हावामा उडाइदिन्छन्
हाँस्दा हाँसी साथमा साथ, रूदा रोइदिएर
केही दुःख आपत्तिमा साथी बनेर सम्झाइदिन्छन्
दुःखलाई साथी मान्ने दुःखी बेसहारा यो विन्दुलाई
कोही मानवीय आचारणको गुन लगाइदिन्छन् ।

–विन्दु लामा

### मलाई माफ गरिदेऊ

नसोच तिमी मायाको महल बनाउने
नदेख सपना त्यो महललाई मायाले सजाउने
इच्छा नराख मायाको रङ्गले महल रङ्गाउने
चाह नराख मायाको फूल महलमा फुलाउने
किनकि हामी त नदीका दुई किनारा भैसक्यौं
हाम्रा ती पवित्र वाचामा देउराली खुसी थिएनन्
हामीले साँचेका सपनाहरू पनि विपनामा रमाउन सक्दैनन्
त्यसैले त हामीले अब मुटुमा ढुङ्गा राख्नु परेको छ
अतीतलाई बिर्सी वर्तमानलाई अँगाल्नुपरेको छ ।

–सरिता समदर्शी


### बोल्न सकिनँ

बोल्छु भनि तिम्रो सामु गएँ
तर तिमीलाई देख्नेबित्तिकै बोल्न सकिनँ
मनका कुरा व्यक्त गरूँ भन्दा
मनका भावना खोल्न सकिनँ
तिम्रो त्यो हजारौं धनको अगाडि
मैले मेरो माया मोल्न सकिनँ
तिम्रो त्यो झूटो माया र
मेरो चोखो माया घोल्न सकिनँ ।

–मीना दंगाल

## लघुकथा

### अवसरवादी




'जिन्दगीमा मौका एकपटक मात्र आउँछ, मौका जुनसुकै भए पनि गुमाउनु हुँदैन ।' जितेन्द्र सधैं यसै भन्थ्यो । जहाँ जस्तोसुकै तालिम, कार्यक्रम भए पनि जितेन्द्र सहभागी नभएको विरलै थियो । त्यसमा पनि पैसा आउने अवसर छ भने त ऊ छुट्ने कुरै भएन । एकपटक सहरमा बहिराहरूलाई तालिम दिने संस्था आउँदा कान नसुनेझैं गरेर जितेन्द्रले तालिम लियो र भत्ता पकायो । यस्तो काम उसले धेरै गरिसकेको थियो र ऊ यसो गर्न सकेकोमा आफैप्रति गर्व गर्दै भन्थ्यो- जसरी भए पनि पैसा कमाउनुपर्छ ।

यस्तैमा गाउँमा एउटा हल्ला सुनियो, अपाङ्गहरूका लागि विदेशीहरूले एउटा कार्यक्रम ल्याउँदै छन् । त्यसमा हात-खुट्टा नहुनेहरूले मात्र सहभागी हुन पाउनेछन् । उनीहरूलाई एउटा विशेष तालिमपछि अमेरिका लगिने...। हल्ला जितेन्द्रको कानसम्म परेपछि सोधखोज गरी उसले त्यहाँ आफ्नो नाम दर्ता गरायो । उसलाई चिन्ने सबै अचम्मित भए, सबलाङ्ग पनि अपाङ्गको तालिममा ? तालिम कार्यक्रमको पहिलो दिन अपाङ्गहरूको भीडमा जितेन्द्र पनि वैशाखी टेक्दै पुग्यो । सबैको नजर जितेन्द्रको खुट्टामा पऱ्यो उसको एउटा खुट्टा काटिएको थियो । कार्यक्रमको पहिलो सत्रमै विदेशीहरूले माफी माग्दै भने- हामीले तालिमपश्चात् तपाईंहरूलाई अमेरिका लाने भनेका थियौं, दुःखद कुरा विशेष कारणवश हामी त्यसो गर्न नसक्ने भएका छौं, अहिलेलाई मात्र तालिम दिन्छौं...। जितेन्द्र सुनेको सुन्यै भयो ।

–उदयपुरे ठूलोकान्छा

# बेरोजगारीले बढायो रोजगार व्यवसाय

| पद | अफिस | तलब |
|---|---|---|
| कार्यालय सहायक | एनजीओ | ५,५०० |
| काउन्सिलर | कन्सलटेन्सी | ५ देखि ७ हजार |
| रिसेप्सनिस्ट | ट्राभलएजेन्सी | ५ हजार |
| सेक्रेटरी | मेनपावर | ५ देखि ७ हजार |



**स्मिता अधिकारी**

काठमाडौं- माथिको तालिका कुनै व्यक्तिविशेषको जागिर र तलबको लेखाजोखा होइन, नाम चलेका अखबारहरूमा सधैंजसो देखिने कर्मचारी आवश्यकता झल्काउने विज्ञापन हो । सबैभन्दा सानो अक्षरमा कम महत्त्वका साथ यस्ता विज्ञापन प्रकाशित हुन्छन् । यद्यपि शैक्षिक क्यारियर उकास्ने उत्साह लिएर देशका विभिन्न ठाउँबाट काठमाडौं उपत्यकामा छिरेका युवाहरूको मुख्य आकर्षण यस्तै विज्ञापन हुन्छन् ।

पढ्नका लागि कपिलवस्तुबाट काठमाडौं आएका २३ वर्षीय रामलक्ष्मण अर्यालको दिनचर्या पत्रिका हेर्नु, 'भ्याकेन्सी'को विज्ञापन खोज्नु र जागिर खोज्न गल्लीगल्ली डुल्नु हो । काठमाडौं ठूलो ठाउँ भएकाले जागिर पाउन गाऱ्हो छैन भन्ने लाग्थ्यो उनलाई, त्यस्तै सुनेका पनि थिए । काठमाडौं बसेका आफूसँगैका साथीहरू अरूलाई जागिर दिन सक्ने भएर गाउँ फर्किएपछि त उनी काठमाडौं आउन झनै उक्सिए । पाँच जना सदस्यसहितको गरिब परिवार छोडेर उनी काठमाडौं छिरेका थिए । जागिरको ग्यारेन्टी भएपछि नै स्नातक तह अध्ययनका लागि कलेज भर्ना गर्ने सोच बनाएका छन् अर्यालले । 'पत्रिकामा १० ठाउँमा भ्याकेन्सीका विज्ञापन हुन्छन्, एक दिन न एक दिन एक ठाउँमा त कसो नपाइएला ?,' दिनहुँजसो रित्तो हात फर्कनुपरे पनि उनको आशा मरेको छैन । यही आशामा उनी काम खोज्दै दिनहुँ आधा दर्जनजति कार्यालय चहार्छन्, यही दिनचर्यासँगै उनले काठमाडौंमा दुई महिना बिताइसके, तर जागिर पाइएन ।

अर्याल मात्र होइन, केही गर्ने सपना बोकेर राजधानी छिरेका गरिब र निम्नवर्गीय युवाहरू यसरी नै सङ्घर्ष गरिरहेका भेटिन्छन्, तर जागिर पाउँदैनन्, किनभने माथिल्ला ठाउँमा उनीहरूका मानिस हुँदैनन्, सोर्सफोर्स लाग्ने उपाय हुँदैन । सर्टिफिकेट, पासपोर्ट साइजको तस्बिर र निवेदन दर्ता शुल्क लिंदै काठमाडौंका कन्सल्टेन्सी चहार्नुबाहेक उनीहरूसँग अन्य विकल्प पनि हुँदैन । धादिङका हीरालाल श्रेष्ठको काठमाडौंमा कुनै आफन्त छैनन्, घरको आर्थिक अवस्था नाजुक छ । तैपनि कसैको चाकडी गर्ने बानी बसेन उनमा । आफ्नै पौरख र स्वाभिमानमा विश्वास गर्ने श्रेष्ठ आफ्नो कामका लागि कुनै व्यक्तिलाई गुहार्न पनि गएनन् । 'त्यहीं भएरै होला, मैले काम पाउन नसकेको,' उनी अनुमान गर्छन् ।

काठमाडौंका यस्तै बेरोजगार युवाहरूलाई लक्षित गरेर रोजगारमूलक ट्रेनिङ सेन्टर तथा कमिसनमा रोजगार दिलाउने कन्सल्टेन्सीहरूको सङ्ख्या वर्षेपिच्छे बढिरहेको छ । यस्ता कन्सल्टेन्सीहरूले हरेक दिन पत्रपत्रिकामा विज्ञापन प्रकाशित गर्छन्, कर्मचारी माग गर्ने कार्यालयको नाम र फोन नम्बर दिइने हुँदा प्रतिस्पर्धा गर्नेहरूले पनि छिट्टै विश्वास गर्छन् ।

उदयपुर जलजलेका उमेश भण्डारी स्नातक तह राम्रो अङ्क ल्याएर उत्तीर्ण गर्न चाहन्छन् । पढाइमा सबैभन्दा ठूलो बाधा आर्थिक तनाव हो भन्ने कुरा प्रमाणपत्र तहको अध्ययन पूरा गर्दा नै अनुभव गरिसकेका छन् उनले । त्यसैले आफैं केही गरेर अध्ययन खर्च जुटाउने ध्याउन्नमा उनी हरेक दिन वर्गीकृत विज्ञापन नहेरी निदाउन सक्दैनन् । 'सबैभन्दा पहिले वर्गीकृत विज्ञापनमा प्रकाशित मसिना अक्षरका भ्याकेन्सी एनाउन्समेन्टमै आँखा जान्छ,' भण्डारी भन्छन् । राजनैतिक घूसपैठ र नातावादको सम्भावना नहुने अनुमान गरेर विज्ञापन हेरेपछि उनी कहिले तिनकुने, कहिले पुतलीसडक त कहिले बानेश्वर क्षेत्रको कन्सलटेन्सीमा पुग्छन् ।

पनौतीका २२ वर्षीय जीवन हुमागाईं पनि यस्ता कन्सलटेन्सी धाइरहेका छन् । कन्सलटेन्सीले मागेका धेरै पदमध्ये आफ्नो योग्यता सुहाउँदो पदका लागि फाराम भर्छन्, शुल्कबापत रुपैयाँ पनि तिर्छन् र भोलिपल्ट अन्तर्वार्ता दिन त्यही कन्सलटेन्सीमा पुग्छन् । अन्तर्वार्तामा फालिएपछि फेरि अर्को पदका लागि निवेदन दिएर अन्तर्वार्ताको तयारीमा लाग्छन् । अन्तर्वार्तामा छानिए पनि रु. २ हजारसम्म कमिसन बुझाए मात्र जागिर पक्का गरिदिने वाचा कुनै-कुनै कन्सलटेन्सीले गर्छन् । ती अन्तर्वार्ताको नतिजा नआइन्जेल, अर्को रोजगारदाता कन्सलटेन्सीको यही प्रक्रियामा सहभागी भैसकेका हुन्छन् उनी । हुमागाईंले यसरी कन्सलटेन्सी र कर्मचारी माग्ने कार्यालय चहार्न थालेको करिब एक वर्ष नै पुगिसक्यो । यद्यपि अहिलेसम्म काम पाएका छैनन् ।

'साथीभाइसँग ऋण सापटी गरेर भए पनि दुःख त गर्नैपऱ्यो नि,' हुमागाईं भन्छन्, 'ठूलाबडा मान्छेसँग चिनजान नभएका हामीजस्ता युवाका लागि सङ्घर्षभन्दा अरू के नै छ र ?'

सामान्यतया वैदेशिक शिक्षाका लागि परामर्श, सहयोग र अध्ययन गराउन स्थापना भएका व्यक्तिगत संस्था नै कन्सलटेन्सी हुन् । पछिल्लो समयमा रोजगार व्यवसाय सञ्चालन गर्न स्थापना भएका यस्ता संस्थाहरूले पनि कन्सलटेन्सीकै रूपमा संस्था दर्ता गर्ने गरेका छन् । काठमाडौं तिनकुनेस्थित वर्ल्डभिजन मल्टी सोलुसनले पाँच वर्षअघि कन्सलटेन्सीका रूपमा आफ्नो संस्था दर्ता गरेको थियो । रोजगारमूलक तालिम दिने कन्सलटेन्सीका रूपमा आन्तरिक राजस्व विभागमा दर्ता गरेको भए पनि यसले केही दिनपछि नै रोजगारको मध्यस्थतासमेत गर्न थाल्यो ।

बेरोजगार युवालाई रोजगारको जानकारी दिन, कर्मचारी भर्नाका लागि कार्यालय र प्रतिष्ठानहरूलाई सहयोग गर्न यो व्यवसाय सुरु गरिएको सोलुसनकी कार्यालय सहायक कमला सुवेदी बताउँछिन् । अहिले मासिक ४० जनालाई जागिर दिलाउने गरेको उनको दाबी छ । योग्यता र क्षमता बढी हुनेले छिट्टै काम पाउने र अन्यका लागि केही समय लाग्ने सुवेदीको भनाइ छ । यद्यपि जागिर मन नपरे कमिसन फिर्ता गर्ने व्यवस्था पनि भएको उनी बताउँछिन् । काठमाडौंमा मात्र यसरी रोजगार दिने भनेर खोलिएका संस्था एक दर्जन नाघिसकेको बताइन्छ ।

देशमा बेरोजगारीको दर अहिले ४२ प्रतिशत छ । सीआईएले दुई वर्षअघि गरेको सर्वेक्षणअनुसार नेपालमा बेरोजगारी समस्याको दर ४७ प्रतिशत पुगेको थियो । सिङ्गो देशभर बेरोजगारीको समस्या उस्तै छ, केन्द्रीकृत शासन प्रणालीले गर्दा काठमाडौंमा जनसङ्ख्या र बेरोजगारको चाप पनि बढिरहेको छ । यस्तो अवस्थामा काठमाडौंमा रहेका रोजगारदाता संस्था तथा कार्यालयहरूले बेरोजगार जनशक्तिलाई धान्न नसक्नु स्वाभाविक हो । आन्तरिक राजस्व विभाग केन्द्रीय कार्यालय काठमाडौंका अनुसार काठमाडौंमा सबैभन्दा ठूलो रोजगारीको स्रोत विद्यालयपछि वैदेशिक शैक्षिक कन्सलटेन्सीहरू नै हुन् ।

विभागको तथ्याङ्कअनुसार यस्ता कन्सलटेन्सीको सङ्ख्या काठमाडौंमा २ हजार २ सय ८१ पुगेको छ । तीमध्ये ७ सय त यस वर्षमात्रै खुलेका हुन् । त्यसैगरी वार्षिक २ सयका दरले म्यानपावर कम्पनी पनि बढिरहेका छन्, अहिले ती कम्पनीको सङ्ख्या १ हजार नाघिसकेको बताइन्छ । विभागबाहेक आन्तरिक सङ्गठन र श्रम मन्त्रालयमा पनि यस्ता संस्था दर्ता हुने भएकाले त्यो सङ्ख्या अझ बढी छ । विभागका निर्देशक शान्तबहादुर श्रेष्ठ काठमाडौंमा अझ धेरै संस्था र कन्सलटेन्सी रहेको र कतिपयले बिनादर्ता लुकिछिपी आफ्नै ढङ्गले काम गरिरहेको बताउँछन् । निर्देशक श्रेष्ठ भन्छन्– 'यस्ता कन्सलटेन्सीहरूको पनि व्यावसायिक अधिकारको कुरा हुन्छ, त्यसैकारण पनि निगरानी हुन नसकेको हो ।'


–सञ्चारिका लेखमाला/सञ्चारिका समूह

# मेहन्दी र हरियो चुराको मौसम

पोखरा- यतिबेला हरियो चुरा र हातभरि मेहन्दी नलगाउने महिला भेट्न मुस्किल पर्छ । अहिले महिलाहरूमा मेहन्दी र हरियो चुराकै चर्चा छ । फाटफुट्ट रूपमा केही तन्नेरीले हातमा मेहन्दी लगाएको पाइन्छ । विवाह तथा विशेष समारोहहरूमा मात्रै लगाइने मेहन्दी साउन महिनामा झन् व्यापक रूपमा प्रचलनमा आउँछ ।

हात-पाखुरामा मेहन्दी र हातभरि हरियो चुरा लगाउन युवतीदेखि महिलाहरू पछि पर्दैनन् । हातभरि मेहन्दी र नाडीमा छमछम बज्ने हरियो चुरा लगाएकी मोडल भारती गुरुङ भन्छिन्- 'पहिल्यैदेखि चलेको चलनले गर्दा लगाएकी हुँ ।' उनलाई मेहन्दी र हरियो चुरा लगाउँदा आफ्नो पुरानो संस्कृतिको सम्मान गरेको आभाससमेत भएको छ । साउन महिनामा लगाइने हरियो चुरा र मेहन्दीलाई उनी आफ्नो मौलिक संस्कृतिका रूपमा लिन्छिन् ।

यतिबेला सडकका चोकदेखि ब्युटीपार्लरहरूमा मेहन्दी र हरियो चुरा लगाउनेहरूको भीड देखिन्छ । गलामा हरियो पोते, नाडीमा हरियो चुरा र लप्पकै मेहन्दी लगाएकी गुरुङ ब्युटीपार्लर पार्लरकी सञ्चालिका चिनु गुरुङलाई साउन महिना लागेपछि एकछिन फुर्सद हुँदैन । मेहन्दी लगाउनेहरू पार्लरमा हूल बाँधेर आउँछन्, गुरुङले



भन्छिन्- 'साउन महिना हरियो चुरा र मेहन्दीको मौसम नै हो ।'

उनले हरियो चुरा र मेहन्दी लगाउनुको अर्थ खोतल्दै भनिन्- युवतीहरूले राम्रो पति पाऊँ भनेर र महिलाहरूले पतिको दीर्घायुको कामना गर्दै हरियो चुरा र मेहन्दी लगाउँछन् । गुरुङले भनेझैं मेहन्दी र हरियो चुरा लगाउने प्रचलन अहिले आएर संस्कृतिको पहिचानसँगै फेसन पनि भएको छ । पछिल्लो क्रममा फेसनेबल युवतीहरूले आकर्षक देखिने टाटुको शैलीमा पनि मेहन्दी लगाउने गरेको पाइन्छ । तराईका महिलाहरूमा मात्र सीमित मेहन्दीको चलन अहिले सबै क्षेत्र र जातजातिका महिलाले लगाउन थालेका छन् ।

साउन महिनाभरि मेहन्दी विशेषज्ञहरूलाई पनि चापाचाप हुन्छ । सात वर्षदेखि पोखरामा बसेर मेहन्दी लगाउँदै आएकी भारतकी पम्मी सिन्हा भन्छिन्- 'साउन महिनाभरि मेहन्दी र चुरा लगाउन बिहानैदेखि खट्नुपर्छ ।' हिजोआज मेहन्दी लगाउने चलन पनि परिवर्तन भएको छ । पहिले सामान्य रूपमा लगाइने मेहन्दी अहिले थरीथरीका डिजाइनमा लगाइन्छ । साउने सक्रान्तिदेखि यो महिनाभरि नै मेहन्दीको प्रयोग अधिक हुने गरेको छ ।

**-शिव शर्मा**

# साउन महिना र चुरा पहिरन


काठमाडौं– साउन लाग्दा नलाग्दै हरिया, पहेंला चुराहरू हातभरि लगाएका महिलाहरू जताततै भेटिन्छन् । विवाहितहरूले हातमा मेहेंदी, हरिया, पहेंला र राता चुरा सोही रंगको पोतेमा सेट मिलाएर लगाएका हुन्छन् भने अविवाहितहरू मेहेंदी र हरिया, पहेंला रंगका चुरासहित देखिन्छन् । यसरी चुरा लगाउने चलन केही वर्षअघिसम्म फेसनका रूपमा देखा परेको थिएन तर आजभोलि साउन लाग्नासाथ प्रत्येकले लगाउँछन्', चावहिलकी निर्मला ढकाल भन्छिन् । साउनको सोमबार व्रत बसेकी निर्मला पशुपतिनाथको दर्शन गर्न गौरीघाटतिरबाट आउने उत्तरी ढोकातर्फको लाममा छिन् । उनी मुस्कुराउँदै भन्छिन्- 'जताततै हरियाली भएकाले प्रकृतिसँग मिल्ने हुनाले मैले पनि हरियो चुरा लगाएँ ।' सोही लाममा हातमा मेहेंदी, हरिया, पहेंला, राता चुरासहित रातो सारी र ब्लाउजमा सजिएकी मीना खड्का घरपरिवारमा सुख-शान्ति हुन्छ भन्ने विश्वाससाथ आफूले हरियो चुरा लगाएको बताउँछिन् । मीना भन्छिन्- 'श्रीमान्‌को लामो आयु र अटल सौभाग्यको कामनासहित लगाएकी हुँ ।'

पशुपति क्षेत्रमा देखिएका अधिकांश महिलाहरू कि त दर्शनका लागि लाममा बसेका हुन्छन् कि त हातमा मेहेंदी लगाउने र चुरा किन्नमा व्यस्त हुन्छन् । 'आमा, यो हेरौं न', छेउँको पसलमा चुरा देखाउँदै सरस्वती भट्ट अलि पर हिंड्दै गरेकी आमालाई बोलाउँछिन् । भट्ट राजन मेमोरियल इन्टरनेसनल स्कुल, कक्षा ९ की विद्यार्थी हुन् । गोरो अनुहार, हातमा हरिया-पहेंला चुरा लगाएर हरियो बुट्टे कुर्तामा सजिएकी सरस्वती भन्छिन्- 'पढाइमा राम्रो सफलता मिलोस् भन्ने कामना छ ।' भगवान् शिवलाई खुसी पारेपछि आफूले गरेका सबै काम सफल हुन्छन् भन्ने उनको विश्वास छ । 'साउनपछि सबै चुरा फुकालेर राख्छु,' लजाउँदै भट्ट भन्छिन् ।

धार्मिक आस्थासँगै चलनचल्तीका रूपमा विभिन्न रंगका चुरा लगाउने प्रचलन बढ्दै गएको देखिन्छ । 'सबैले लगाएको देखेर मैले पनि लगाएँ,' कीर्तिपुरकी विमला घिमिरे भन्छिन् । साथीहरूले किन नलगाएको भनेर सोधेपछि नलगाउने म मात्र रहेंछु जस्तो लागेर आफूले पनि हरियो चुरा किनेर लगाएको उनी बताउँछिन् ।

जसका छोरा छैनन् उनीहरूले दुईजना छोरा हुने ५ जनासँग २-२ रुपयाँ मागेर त्यो पैसाले चुरा किनेर लगाए सन्तान हुने र छोरा नभएकाहरूलाई पुत्र लाभ हुने धार्मिक विश्वास भएकाले धेरै महिलाले विभिन्न रंगका चुरा लगाएको पण्डित नारायण लामिछाने बताउँछन् । लामिछाने भन्छन्- 'विवाहित महिलाहरूले अटल सौभाग्य र अविवाहितहरूले भगवान् शिव जस्तै पति पाऊँ भन्ने कामनाका साथ चुरा लगाउँछन् ।'

'यो महिना हरियो, पहेंलो र रातो चुरा बढी बिक्री हुन्छ,' चुरा व्यापारी दिलीप बानियाँ बताउँछन् । उनी विगत २ वर्षदेखि पशुपति क्षेत्रमा चुरा व्यापार गर्छन् । ६ देखि ६० वर्षसम्मका महिलाहरू चुरा किन्न उनको पसलमा आउँछन् । बानियाँ



भन्छन्- 'मौसम भएकाले व्यापार राम्रो छ, दिनको ४ सयदेखि १ हजारसम्म नाफा हुन्छ ।' 'यो महिना अविवाहितहरू पनि धेरै चुरा किन्न आउँछन्' अर्का व्यापारी जयबहादुर कुशवाह बताउँछन् । उनको पसलमा १० देखि २५ रुपैयाँसम्मका विभिन्न रंगका चुरा पाइन्छन् । कुशवाह भन्छन्- 'साउनदेखि तिहारसम्म राम्रो व्यापार हुन्छ, मैले आठ जनाको परिवार चुरा बेचेरै पालेको छु ।'

**-हरिप्रसाद भण्डारी**

## पारिवारिक स्वास्थ्य

**डा. सी.पी. सेढाई**

सीता २४ वर्षकी युवती हुन् । उनी आईएस्सी अध्ययनरत छिन् । पाँच दिनअघि उनी एक्कासि बेहोस भइन् । त्यतिबेला उनका हातखुट्टा हल्लिनुका साथै कडा भएका थिए । आँखा हल्लिएको देखिन्थ्यो, मुखबाट फिंज आएको थियो । उनी लडेपछि कराइन् 'ऐया' भन्दै कराइन् अनि १५ मिनेटसम्म बेहोस भइन् । पछि हेर्दा उनको जिब्रो र टाउकोमा घाउ भएको रहेछ अनि उनको पिसाब पनि छुटेको रहेछ । १५ मिनेटपछि आफैं उठेर बेहोस भएको कुरा थाहा पाइन् । राति निदाएको समयमा पनि उनलाई आदि हुन्छ । १५-२० मिनेटपछि बिरामीलाई होस आउँछ र आफैं उठ्छ । कसैकसैमा शरीरको कुनै भाग हल्लिने हुन्छ । कुनै शिशुमा एक्कासि टोलाइरहने र १/२ मिनेटमा फेरि आफ्नो क्रियाकलाप गर्ने गतिविधि देखिन्छ ।

**कति मानिसमा छारेरोग हुन्छ ?**

प्रतिहजार ५ जनालाई छारे रोग लाग्छ ।

**छारेरोगको कारण :**

- ८५ प्रतिशत छारेरोग कुनै कारणविना नै हुन्छ ।
- टाउकाको चोटपटकले गर्दा ।
- टाउकाको संक्रमण ।
- टाउकाको ट्युमर ।
- शरीरमा इलेक्ट्रोलाइट ब्यालेन्स नहुँदा ।
- लागू पदार्थ सेवन ।

**छारे रोग र कन्भर्सन डिसोसियटिभ डिसअर्डर लाई छुट्याउने तरिका**

| छारे रोग | कन्भर्सन डिसोसियटिभ डिसअर्डर |
|---|---|
| • मानिसको उपस्थितिमा मात्र हुँदैन जति बेला पनि हुन सक्छ । | • बिरामी अचानक ढल्छ । |
| • चोटपटक लाग्न सक्छ र जिब्रो टोकिन सक्छ । | • निद्रामा पनि देखिन्छ । |
| • आँखा प्रायः हल्लिन्छन् । | • मानिसको उपस्थितिमा मात्र हुन्छ । |
| • प्रायः स्ट्रेस फ्याक्टर हुँदैन । | • प्रायः चोटपटक लाग्दैन । |
| • बिरामी आफूलाई अप्ठ्यारो भयो भनी अरूलाई बोलाउँछ । | • मुखबाट फिंज आउँदैन । |
| • आँखा हल्लिँदैनन् । | • आँखा खोल्ने बन्द गर्ने हुन सक्छ । |
| • मुखबाट फिंज आउछ । | • निद्रामा देखिँदैन बरु ओछ्यानमा पल्टेर सोचेको बेलामा हुन सक्छ । |
| | • प्रायः स्ट्रेस फ्याक्टर हुन्छ । |

त्यस्तै भयो । अहिलेसम्म चारपटक दोहोरियो । सीताको रोग छारेरोग हो । यो रोग उपचार गरे निको हुन्छ, अन्तिमपटक भएको मितिले चार वर्ष औषधि सेवन गर्नुपर्छ ।

धेरैजसो छारे रोगका बिरामी अचानक ढल्ने, शरीर कडा पार्ने, मुखबाट फिंज काढ्ने, बेहोस हुने, अचानक कराउने, करिब १५ मिनेटपछि फेरि उठेर हिंड्ने आदि लक्षण देखाउँछन् । लगातार मूर्छा परिरहे बिरामी मर्न पनि सक्छ । बिरामीले बेहोस अवस्थामा भएको बेला नौलो ठाउँमा पुगेको अनुभव गर्छ । छारेरोगका बिरामी रूखबाट लड्न, आगोले पोलिन वा सडक दुर्घटनामा पर्न सक्छन् । कतिपय छारेरोग निद्राको समयमा मात्र हुन्छ, तर धेरैजसो अन्य समयमा हुन्छ ।

कतिपय छारेरोगका बिरामी बेहोस हुँदा अनौठो वस्तु देख्छन् । कतिपय छारेरोगका बिरामी बेहोस हुँदैनन् तर हात वा खुट्टा हल्लने, पेट दुख्ने, शरीरमा अनौठो अनुभूति हुने, अचानक कराउने, अनौठो गन्ध महसुस हुने हुन्छ । हाम्रो शरीरको नियन्त्रण गर्ने साँचो मष्तिस्कमा भएको हुनाले मष्तिस्कको जुन भागमा विद्युत् प्रवाह भएको छ, सोही अनुसारको लक्षण बिरामीमा देखापर्छ । धेरैजसो छारे रोगका बिरामीको सीटी स्क्यान गर्दा कुनै खराबी देखिँदैन तर १५ प्रतिशत बिरामी जुकाको लार्भा, टीबीको घाउ वा टयुमर आदि देखिन्छ ।

कतिपय छारे रोगका बिरामीमा मन आत्तिने, चिन्ता लाग्ने, शंका लाग्ने समस्या पनि देखिन सक्छ, त्यस्तो भए त्यसको पनि उपचार गर्नुपर्छ । पटक-पटक बेहोस् भैरहँदा मष्तिस्कको नसामा पनि असर पर्छ ।

मस्तिष्कमा एबनर्मल इलेक्ट्रिकल डिस्चार्ज हुँदा छारे रोग लाग्छ । यो रोगमा बिरामी एक्कासि लड्ने हातखुट्टा कडा हुने र हल्लिने, बिरामी बेहोस भएर चिच्याउने, चोटपटक लाग्ने, जिब्रो टोकिने मुखबाट फिंज आउने

- जुकाको लार्भा मस्तिष्कमा बस्दा ।

**लक्षणहरू :**

- बिरामीको शरीर अचानक काम्न थाल्छ ।
- अचेत भएर बिरामी ढल्छ ।
- हातखुट्टा कडा हुन्छन् ।
- मुखबाट फिंज आउँछ ।
- आँखा हल्लिन्छन् ।
- जिब्रो टोकिन सक्छ ।
- दिसा, पिसाब घट्न सक्छ ।
- निदाएको समयमा पनि हुन सक्छ ।
- शिशुमा देखापर्ने एक प्रकारको छारेरोग, जसलाई आब्सेन्स सिजर भनिन्छ यसमा शिशु अचानक टक्क अडिन्छ, टोलाई बस्छ । १/२ मिनेटमा फेरि आफैं ठीक हुन्छ ।
- पार्सियल सिजरमा औंला मात्र हल्लिने वा एक हात मात्र हल्लिने पनि हुन्छ ।
- टेम्पोरल लोब सिजरमा कानमा मानिस बोलेको आवाज आउने, केही वस्तु देखिने, डराउने गर्छ । कसैमा अनौठो गन्ध आएको महसुस हुन्छ ।

कहिलेकाहीं छारे रोगका बिरामीले अचेत अवस्थामा दौडने, भाग्ने र आपराधिक काम पनि गर्ने सम्भावना रहन्छ । छारे रोगको औषधि सेवन गरेका मानिसले आफैं औषधि छाड्नु हुँदैन । जब बिरामी अचानक ढल्छ तब उसलाई सुरक्षित ठाउँमा राख्नुपर्छ । मुखमा फिंज आए पुछिदिनुपर्छ, बिरामीलाई गुम्सिलो ठाउँमा राख्नुहुँदैन, मानिसको भीड भए हटाउनुपर्छ र अस्पताल पुऱ्याउनुपर्छ । छारे रोगका बिरामीले कहिल्यै पनि जाँडरक्सी सेवन गर्नुहुँदैन, अनिंदो बस्नुहुँदैन, आफ्नो परिचयपत्र साथमा राख्नुपर्छ र ड्राइभिङ गर्नुहुँदैन तथा मेसिनको खतरनाक काम गर्नुहुँदैन ।

**उपचार कति समयमा गर्नुपर्छ ?**

छारे रोग हो भन्ने पक्का भएपछि चिकित्सकको सिफारिस मा चार वर्षसम्म औषधी सेवन गर्नुपर्ने हुनसक्छ ।

(डा. सेढाईं भरतपुर मेडिकल कलेजमा कार्यरत छन् ।)

# युवालाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न

मेरो विचारमा सम्पूर्ण लागूऔषधमा विष मिलाएर सप्लाई गर्नुपर्छ, जसका कारण एक-दुई जना मानिसले प्रयोग गरेर मर्नेबित्तिकै एक कान दुई कान मैदान भैहाल्छ अनि बाँकी सबैको मुटुले ठाउँ छाड्छ । त्यसपछि युवा मात्र होइन सम्पूर्ण आगुऔषध प्रयोगकर्ताहरू पनि लाइनमा आइहाल्छन् ।

**निरोज भट्टराई**

जनचेतना जगाउनेभन्दा पनि सबैभन्दा पहिले लागूपदार्थविरुद्ध रोक लगाउनु नै राम्रो हुन्छ ।

**प्रवीण ज्ञवाली** (२०), **करादी**

चेतनामूलक कार्यक्रम गर्नुपर्छ ।

**गंगाराम न्यौपाने, स्याङ्जा**

एकपटक युवा सम्मेलन गरेर निष्कर्ष निकाले हुन्न र ?

**सम्पर्ण भट्टराई, जनकपुर**

एक साता टवाइलेटमा बन्द गर्नुपर्छ तब लागूऔषध सबै बिर्सन्छन् ।

**कल्पना माझी** (१८), **विराटनगर**

लागूऔषधीहरू सित्तैंमा बाँड्ने हो कि ?

**सुरजसिंह, जनकपुर**

लागूपदार्थका कारण देशमा विकराल अवस्था सिर्जना भैरहेको छ । यसतर्फ राज्यले पनि उचित कदम चाल्नु आवश्यक छ ।

**निर्मल विष्ट, काठमाडौं**

मेरो विचारमा दुर्व्यसनमा फसिसकेपछि निस्कन गाह्रो हुन्छ, त्यसकारणले उनीहरूलाई दुर्व्यसन छुटाउने संघसंस्थाका बारेमा जानकारी दिनुपर्छ ।

**ईश्वर रेग्मी** (१८), **काठमाडौं**

हँ....युवाहरूलाई आगूऔषध दुर्व्यसनमुक्त गराउने रे ! लागूऔषध बेच्ने व्यापारीहरूले चाहिँ के गर्ने नि सम्पादकज्यू ?

**जयराम कोइराला, धरान**

लागूऔषधविरुद्ध राष्ट्रिय अभियान कार्यक्रम र सचेत युवा सञ्जाल तयार पार्नुपर्ला, साथै युवा जनचेतनामूलक कार्यक्रम पनि ल्याउनुपर्छ।

**चन्द्रकुमार थामी, सिन्धुली**

युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न सबैलाई रोजगारीको व्यवस्था गर्नुपर्छ ।

**रेशम फगामी, म्याग्दी**

के गर्नु र ? अभिभावकले देखे वा थाहा पाए भने दुई-चार थप्पड गालामा हिर्काउने न हो ।

**ईश्वरबम मल्ल** (२०), **बाग्लुङ**

सर्वप्रथम शिक्षा दिनुपर्छ, त्यसपछि त्यो शिक्षा व्यवहारमा लागू गरिएन भने देशनिकाला गर्नुपर्छ, किनकि म नेपालजस्तो पवित्र देशमा भाइरसहरू बसेको देख्न चाहन्न ।

**चतुर कुलुङ** (१८), **सोलुखुम्बु**

रोजगार, प्रचार-प्रसार अनि कडा नियम-कानुन बनाउनुपर्छ ।

**सालीन टीकाराम, काठमाडौं**

लागूऔषधको उत्पादन र आयातमा कडा प्रतिबन्ध लगाउनुपर्छ ।

**रमेश राई, दोहा, कतार**

युवकहरू बेरोजगारीका कारण लागूऔषधको दुर्व्यनमा फसेका हुन्, उनीहरूलाई यसबाट मुक्त गर्न रोजगारीको आवश्यकता देखिन्छ ।

**खडकमणि थामी** (२५), **सिन्धुली**

लागूऔषध नै हटायो भने नेपालमा के आम्दानी हुन्छ ? लागूऔषधको दुर्व्यसनबाट आफूचाहिँ सजक रहने ।

**प्रेमकान्छा मगर, पाल्पा**

प्रत्येकलाई एक-एक गर्लफ्रेन्ड दिने। तपाईंलाई थाहा छैन होला, युवतीको आँखामा कति नशा हुन्छ भनेर ?

**टंक प्रकाश** (२३), **झापा**

छिटोभन्दा छिटो विवाह गरिदिए टन्टै खलास ।

**युवराज घिमिरे** (२८), **खाँदबारी**

यस्तो उपाय बताउँदा लागूऔषध सेवन गर्नेहरूलाई रिस उठ्ला नि सम्पादकज्यू ?

**उद्धवकुमार थापा** (१९), **काठमाडौं**

छ होला कुनै उपाय, मलाई यस विषयमा ज्ञान भएन । सरी है !

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

सत्य कुरा तीतो हुन्छ , लागूऔषध सेवन गर्नेहरूलाई जरैदेखि उखेल्नुपर्छ ।

**समर गणेश वियोगी, स्याङ्जा**


युवा जनशक्तिले काम पाउनुपर्छ, सरकारको आयोग्य र अव्यावहारिक शिक्षामा परिवर्तन ल्याउनुपर्छ । त्यस्तै विभिन्न ठाउँमा गएर समय-समयमा भेला, गोष्ठी, सेमिनार, प्रचार, पम्प्लेट, सूचना-सञ्चारका माध्यमद्वारा अन्तर्क्रियात्मक गरी उचित जनचेतनाको कार्यक्रम गरी रोजगार एवं सीपयुक्त शिक्षा प्रदान गरिनुपर्छ तब मात्र युवायुवतीहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न सकिन्छ ।

**एपी 'सुधा'** (२३)

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
२. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
३. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
४. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
५. यो संसार कस्तो छ ?
६. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
७. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
८. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
९. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
१०. नेपालको राजनैतिक हिरो को हो ? किन ?



**प्रश्न : म २४ वर्षीय अविवाहित युवक हुँ । मेरी प्रेमिकाको उमेर २१ वर्ष छ । सात वर्षदेखिको हाम्रो प्रेमसम्बन्ध आज पनि उस्तै ताजा र सुमधुर छ । समयको चक्र भनौं वा सम्बन्धको माग विगत एक वर्षदेखि हामीले महिनाको एक-दुई पटक शारीरिक सम्पर्क राख्दै आएका छौं । सम्पर्कका क्रममा लिंग प्रवेश गराउन खोज्दा उनलाई एकदमै पीडा हुने समस्याले हामीलाई सताएको छ । मेरो लिंग सामान्य छ र हामी पर्याप्त पाक्कक्रीडापश्चात् मात्र यौन सम्पर्क गर्छौं । साथै दुवैको यौनांगबाट पर्याप्त योनिरस आउँछ । यसरी लिंग प्रवेश गराउन लाग्दा पीडा भएपछि उनी त्यो सम्पर्कमा सन्तुष्ट हुन सक्दिनन् । त्यसैले लिंगलाई योनिको अगाडिपट्टिको भागमा होसियारीसाथ घर्षण गराएर सन्तुष्ट हुन्छौं, तर यसरी योनिको बाहिरी भागमा वीर्य स्खलन भए पनि ६ महिनाअघि उनको गर्भ रहन गयो । यसलाई हामीले सुरक्षित गर्भपतन गरायौं । अहिले उनी स्वस्थ छिन् तर योनिको समस्या यथावतै छ । अचेल हामी सम्पर्कमा सचेत छौं । मैले कन्डमको प्रयोग तथा योनिस्थान बाहिर स्खलन गराउने गरेको छु ।**

**यो समस्या के हो ? Dyspareunia का बारेमा पढेको थिएँ, के त्यही समस्या हो त ? दुई वर्षअघि उनको योनिछेउ दाद हो वा दादजस्तो चिलाउने आएको थियो रे, दादको मलम लगाउँदा ठीक भएन छ, पछि आफैं हरायो रे । के त्यही कारण यस्तो भएको हो ? यसको समाधान के होला ? हामी केही समय विवाह नगर्ने र विवाहपछि पनि केही समय सन्तान नजन्माउने सोचमा छौं । कन्डमले उनलाई सन्तुष्ट गराउँदैन रे, साथै कहिलेकाहीं कण्डम फुटेर सताउने गरेको छ । कन्डमबाहेक अन्य कुनै भरपर्दो अस्थायी साधन के हुन सक्ला ? के योनिबाहिर स्खलन गराउँदा पनि गर्भ रहन्छ ? गर्भपतनका कारण पछि उनको स्वास्थमा कुनै असरपर्ला कि ?**

**– आर.जी.**

**उत्तर : पीडामय यौनसम्पर्क**

**डा. राजेन्द्र भट्टा**

सामान्यतया यौनसम्पर्क सुखमय हुनुपर्ने हो र यसमा नै सायद मानवले सर्वोकृष्ट सुख प्राप्त गर्ने भएकाले चरमसुख पनि भनिन्छ, तर सबैमा यसो हुँदैन । कतिपय कारणले यौनसम्पर्क पीडायुक्त हुन पुग्छ । पीडादायक तथा अप्ठयारो यौनसम्पर्कलाई चिकित्सीय भाषामा Dyspareunia भनिन्छ ।

पुरुषमा पनि यस्तो विभिन्न कारणले हुन्छ जसमध्ये आधाजसो शारीरिक कारणले हुने मानिन्छ भने आधाजसो मानसिक । लिङ्ग, अग्रचर्म, अण्डकोष, मूत्रनली वा पौरुषग्रन्थिका शोथ वा संक्रमण पुरुषको यौनसम्पर्क पीडायुक्त हुने शारीरिक कारणहरू हुन् ।

महिलामा यौनसम्पर्कको बेलामा अनेक कारणले पीडा हुन सक्छन् । यसका पनि दर्जनौं शारीरिक कारण हुनसक्छन् भने मानसिक कारण पनि त्यति नै । यौनसम्पर्क पीडा युक्त हुने एक प्रमुख कारण योनि सुख्खा हुनु हो, तर तपाईंको सन्दर्भमा यो कुरा लागू भएन, किनकि तपाईंले पर्याप्त रस आउने कुरा गर्नुभएको छ । एलर्जीको औषधीले मुख मात्र सुख्खा गराउने होइन, योनि पनि सुख्खा गराउन सक्छ ।

त्यसैगरी मधुमेह, योनिको संक्रमण वा शोथ वा महिला हार्मोनको कमी यसका कारण हुनसक्छन् । योनिद्वार वा भगक्षेत्रको छालाको समस्या हुनसक्छ । त्यसैगरी भगाङ्कुरको संक्रमण वा शोथमा पनि यौनसम्पर्क पीडा युक्त हुनसक्छ । योनिद्वार वा Bartholin's Gland को संक्रमण पनि यस्तो पीडाको कारण हुनसक्छ । मूत्रनली वा मलद्वारमा कुनै समस्या छ भने पनि महिलाका लागि यौनसम्पर्क पीडादायक हुनसक्छ । योनिको संक्रमण वा कुनै रसायनको कारणले शोथ भएको छ भने पनि पीडा त हुने नै भयो । त्यसैगरी पाठेघरको मुख वा पाठेघरको संक्रमण वा अन्य खराबी पनि यौनसम्पर्क गर्दा दुख्ने कारण बन्न सक्छन् । यीमध्ये कुनै पनि कुराको शंका छ भने एकपल्ट स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राखी रोगको निदान गर्नु बेस होला ।


यसको अर्को महत्त्वपूर्ण कारण योनिको मांशपेशी कडा हुनु हो । अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । धेरैजसो अवस्थामा भयातुर वा डर नै यसको कारण बनेको हुन्छ । कसरी मानसिक समस्याले यौनसम्पर्कमा पीडाको समस्या निम्त्याउँछ सो यकिनका साथ भन्न अझै गाह्रो छ, तर पहिलो यौनसम्पर्क शारीरिक तथा मानसिक रूपमा पीडादायक हुन गएको स्थितिमा लामो समयसम्म यसको असर रहन सक्छ । तपाईंहरूको पहिलो यौनसम्पर्कको अनुभव कस्तो रह्यो लेख्नुभएको छैन । त्यसैले यहाँ कुनै डर वा भय छ भने सो पत्ता लगाई हटाउनु आवश्यक छ ।


**गर्भ रहन नदिन के गर्ने ?**


विवाह गरेपछि पनि केही समय सन्तान नजन्माउने कुराको म कदर गर्छु । बाह्य स्खलन गर्न ठीकसँग नजानिए गर्भ रहने कुरा त तपाईंले भोगि नै सक्नुभयो । कन्डम सही तरिकाले लगाउन जान्यो भने यसको फुट्ने सम्भावनालाई धेरै कम गर्न सकिन्छ । गर्भपतन गराउँदैमा प्रजनन क्षमता नै नहुने त होइन, तर ठीकसँग नभएको स्थितिमा त्यसका जटिलताले भने समस्या उत्पन्न गर्न सक्छ, त्यसैले गर्भनिरोधको भरपर्दो उपाय तपाईंहरूले अपनाउनु बेस हुन्छ । फेरि अनिच्छित गर्भ रहे समस्या पर्नसक्छ ।


गर्भ रहन नदिने राम्रो उपाय त यौनसम्पर्क नै नराख्नु हो, तर तपाईंहरूका लागि यो विकल्प रहेन, त्यसैले पिल्स वा डिपो सुई राम्रो र भरपर्दा विकल्प हुन् । अझै विवाह गर्न बाँकी र त्यसपछि पनि निकै समय तपाईंहरूले सन्तान नजन्माउने विचार रहेको हुँदा तपाईंहरूले कपरटी वा इम्प्लान्टजस्ता गर्भनिरोधका भरपर्दा साधनका बारेमा पनि विचार गर्नुभए हुन्छ ।


गर्भनिरोधका यस्ता साधन पहिले-पहिले विवाहित दम्पतीलाई मात्र दिइनुपर्छ भन्ने विचार थियो, तर अहिले स्वास्थ्य मन्त्रालयले विवाहित वा अविवाहित जे भए पनि निर्वाध रूपमा सबैमा यस सेवाको पहुँच पुऱ्याउन प्रयासरत छ । त्यसैले तपाईंहरू धक नमानी आफ्नो अधिकारको उपयोग गर्दै परामर्श र सेवाका लागि परिवार नियोजन वा स्वास्थ्यकेन्द्रहरूमा जान सक्नुहुन्छ ।











## सन्देश

ओइ, म त छक्क परें ! धुर्मुसहरूले किन सिरियलको टाइम सारेका होलान् ? शुक्रबार नै ठीक थियो नि, शनिबार त चलचित्र हेर्नुपर्छ। कस्तो राम्रो टाइममा थियो। अनि अर्को कुरा धुर्मुस र सुन्तलीको क्यारेक्टर क्या जमेको छ, त्यसैलाई अगाडि बढाइराख्नु है। अनि इकु खोइ त ? सुरुको इकुलाई पनि ल्याउनु नि ल।

**उज्ज्वल, विराटनगर**

जननी, तिमी किन रिसाएकी मसँग ? तिमीले मेरो र रिनाको सम्बन्धका बारेमा सपनसँग जे पायो त्यही भनेकी रहेछौ। कस्तो चित्त दुख्यो यार, मेरा लागि सबै थोक तिमी नै हौ, किन शंका गर्छौ ? भन त। तिम्रा लागि जे गर्नुपरे पनि गर्न तयार छु। त्यसैले प्लिज एकपटक मेरो फोन रिसिभ गर है।

**विश्वास**

रञ्जन, तँ काठमाडौं कहिले आउने हो ? यहाँबाट गएपछि सबै प्लान बिर्सिस् ? तँ आएपछि हामी घुम्न जाने भनेर पर्खेर बसेका छौं। तैंले कसैको एसएमएस पनि रिप्लाई गरिनस् भनेर साथीहरू कुरा गर्दै थिए। खबर पठा ल।


**राम, शिशिर, मधु, काठमाडौं**

साप्ताहिकको सन्देश स्तम्भमा सन्देश पठाइरहने अपरिचित मित्र, आजभोलि तिमी कता हराएको हो ? तिम्रो सन्देशको पर्खाइमा बसेकी छु।

**अनिता**

रेखाजी, म त तपाईंको डाइ हर्ट फ्यान हुँ। तपाईंको फिल्म हेरेर आएपछि म पाँच दिनसम्म सपनामा तपाईंलाई नै मात्र देख्छु। म लभगुरु स्तम्भको नियमित पाठक पनि हुँ। एकपटक तपाईंलाई भेट्ने इच्छा छ, सम्भव होला ?

**दीपक**



कोटेश्वरस्थित महादेवथानमा सोमबार देखिएकी परी, तिमीले मतिर फर्केर दिएको मुस्कान बिर्सिन नसकेर यो सन्देश लेख्दैछु। तिमी अबका हरेक सोमबार त्यहीं आउँछ्यौ होला, हैन ? साउनको सोमबार महादेवथानमा मागेको पुग्छ रे, त्यसैले मैले तिमीलाई माग्ने निधो गरिसके। प्लिज सबै सोमबार आऊ है, म पर्खाइमा बसेको हुन्छु।

**समीर, कोटेश्वर**

प्रकाश पौडेल दाइ, तपाईं त अति हावा हुनुहुँदो रहेछ ? तपाईंको गाउने स्टाइल देखेर म त छक्क परें। तपाईंको 'काले काले काले म हुँ रातो भाले' गीत हेरेर मरी-मरी हाँसेको नि। तपाईं कसरी यस्ता गीत बनाउनुहुन्छ ? जे होस्, तपाईंको गीतले मनोरञ्जन दिएको छ।

**रीमा, स्वाती, सलिना तथा गुञ्जन**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................

उमेर : .................. उचाइ : ..................

पेसा : .................. शिक्षा : ..................

स्वभाव : .................. वैवाहिक स्थिति : ..................

अभिरुचि : .................. वर्ण : ..................

इमेल : ..............................

ठेगाना : ..............................


तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

**नोट :** तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

# जीवनको गोरेटोमा



## फेरि आयो त्यो दिन

आफ्नी मायालुसँग छुट्टिनुपर्दा कसको मन चर्किंदैन र ? चर्किएको बाँधबाट पानी रसाएझैं गहबाट आँसुका ढिकाहरू तप्प-तप्प खसाल्दै जसोतसो यो बहकिएको मनलाई सम्हाल्दै एयरपोर्टको गेटबाट अन्तिम बिदाइको हात हल्लाउँदै छुट्टिएको हिंजो भर्खर जस्तो लाग्छ तर समय कति गतिशील रहेछ थाहै नपाई दुई वर्ष वित्न लागिसकेछ।

छोटो समयमै झाँगिएको थियो हाम्रो प्रेम। लामो समय विछोडिँदा पनि मैले उनलाई माया दिन कुनै कन्जुस्याइँ गरेजस्तो लाग्दैन तर पनि समय सधैं एकैनासको कहाँ हुँदोरहेछ र ? पहिले माया फक्रिएको फूल अनि मगमगाउँदो वासना छरिरहन्थ्यो तर आज त्यही माया काँडा बनी मुटुमा घोचिरहन्छ। उनी भन्थिन्– मानिसको मन परिवर्तन हुन कति बेर लाग्छ र ? परदेश गएको मानिस परदेशको सम्झनामा भुलेर मलाई बिर्सन्छ्यौ होला तर अहँ मैले उनलाई कहिल्यै बिर्सने प्रयास गरिनँ र सकिनँ पनि। बरु दिनभरिको थकाइ भुलिदिने उनको हँसिलो प्रतिविम्ब सहारा बनिरहयो। उनकै लागि भनेर मैले हरेक महिनाको दोस्रो हप्ता फोनमा भेट्ने र अन्तिम शुक्रबार इन्टरनेट अनलाइनमा समय दिएको थिएँ तर धेरै भयो न त फोनमा भेट्न नै सकेको छु न त अनलाइनमा।

भ्यालेन्टाइन डेका दिन हामी दुईले ठमेलको पीपललाई साक्षी राखी एक-अर्कामा मायाको चिनो साटेका थियौं आज तिनै वितेका दिनहरू आँखा वरिपरि प्रतिविम्ब बनी घुमिरहन्छन्।

**– मुग्लानी राना बी.**

## मनको व्यथा

कुरा तीन वर्षअघिको हो। जतिबेला म +२ को अन्तिम वर्षमा थिएँ, जाडो बिदाको समयमा संगीतप्रतिको मेरो मोह अनि समयलाई उपयोग गर्न म एउटा कल्चरल सेन्टरमा भर्ना भएँ। आफ्नै मामाले अध्यापन गराउने हुँदा संगीतका बारेमा सामान्य जानकारी तथा आधारभूत कुराहरू मैले सजिलै सिकेको थिएँ। सोही क्रममा एकजना मामाकै नातेदार बहिनीसँग मेरो परिचय भयो। परिचयसँगै हाम्रो नाता नजिकिँदै गएछ। करिब दुई महिनाको अन्तरालमा हामी दुवै प्रेममा पर्न गयौं।

पहिलो प्रेम थियो मेरो- थाहा छैन कस्तो हुन्छ, के गर्ने र कसरी अघि बढाएर सफल बनाउने ? म आफैंमा लजालु प्रकृतिको मानिस हुनाले कुरा अघि बढाउन डर लागिरहेको थियो तर कुराहरू गर्दै जाँदा र परिस्थितिमा चल्दै जाँदा मभित्रका कुराहरू खुल्दै गए। हामी रातिसम्म हराउँथ्यौं। समयको गतिसँगै मैले उनीसमक्ष प्रेम प्रस्ताव राखें। उनले मुस्कानले स्वागत गरिन् तर केही बोलिनन्। भोलिपल्ट नै लभ यु टु भन्ने स्वर मेरो कानमा ठोक्कियो। खुसी लाग्यो र सोचें मेरो भावनालाई उनले कदर गरिन् साथै मप्रतिको उनको मायाले हर्षित बनायो।


नचाहिँदो बोली र बढी जिस्किने मेरो बानीका कारण उनी रुष्ट हुन पुगिन्। धेरैपटक सम्झाउने प्रयास गरें तर त्यही कारण उनलाई निहुँ हुन पुगेछ। अचानक उनले एक दिन मबाट टाढा हुने र संगीतलाई निरन्तरता दिन नसक्ने बताइन्। म छाँगाबाट खसेजस्तै भएँ।

अहिले म मेरो विश्वास, विवशता र हृदयभरिको मायालाई लत्याएर अघि बढेकी मेरी रानीलाई सधैं खुसी देख्न पाऊँ भन्ने आराधना गरिरहेको छु। उनकै मायामा पागल भएको म धेरै ठाउँमा उपचार गराउन गएँ तर कसैले मेरो प्रेमरोगलाई ठम्याउन सकेन। आफैंलाई मात्र थाहा छ ती दर्दनाक पीडाहरू, अनिद्रामा परेका आँखाहरू, भेल बगेका आँसुका धाराहरू अनि बिताएका ती यादहरू तर पनि आज एक्लै बाँच्ने प्रयत्न गरी आफ्नो अध्ययन र क्षमतालाई वृद्धि गर्दै लाने प्रयासमा मन केन्द्रित छ। सुनेको छु उनको भर्खरै विवाह भएको छ। उनलाई विवाहको मंगलमय शुभकामना अनि दाम्पत्य जीवनको बधाई पनि।

**– दीप**

## यो कस्तो प्रेम ?

देउरालीको कसम, म चाहन्थें- जनम जनमभरका निम्ति तिमीलाई मेरो सपनाकी राजकुमारी बनाएर राखूँ। त्यसैले त होला, मेरा नयनका दर्पणछायाँमा तिम्रो यादको दुई थोपा



आँसु टिलपिलाइरहन्छ। यी परेलीमा मात्र तिम्रै पिरतीको भाव झल्कँदा अनि अतीतका पलहरू घामछायाँझैं हरपल झझल्को बनी आइदिँदा म धेरै छटपटाएको छु। मलाई आशा छ उपहारस्वरूप मैले दिएका मनका भावहरू तिमीले युगदेखि युगसम्म जतनका साथ आफ्नो मनमन्दिरमा राख्नेछौ। म हरदम महामाया, जयबाबा पशुपतिनाथसँग यही प्रार्थना गर्छु कि समयको आँधीबेहरीको भूमरीले हाम्रो अटुट सम्बन्धको बन्धनमा आगो नसल्काओस्।

ईश्वर साक्षी राखी, देउता भाकी वर-पीपलको चौतारीमा जोडी ढुकुरझैं कल्पना गर्दै कयौं समय तिम्रो यादमा मेरो जीवनको दुःख-सुखकी साक्षी हौ भनी प्रेमको सारंगी त धेरै रेटें। जीवन संघर्षका क्रममा धेरैले आश्वासन पनि दिएको थिए तर के गर्नु, यो गरिब प्रेमीलाई तिम्रो दिलको चोर बन्न बाध्य बनायो। यो दुःखीलाई कयौंपटक माया-प्रेमका प्रस्ताव आए तर आज सबैबीच तिमीलाई यो जिन्दगानीको एउटा हिस्सा सम्झिन पुगें। यसलाई खेलौना सम्झी मनको ढोका घच्घच्याउन आएको म दुखीलाई प्रेमको भिखारी सम्झेर हृदयको छहारीमुनि बास बस्न त दिइनौ तर मलाई माफ गरिदेऊ मैले तिमीलाई चिन्न सकिनँ। मैले तिमीसामु प्रेम व्यक्त गर्न सकिनँ किनकि म एउटा जीवनको खोजीमा हिँडेको गन्तव्यविहीन यात्री थिएँ। त्यही नाममा दैवसंयोग तिमीसँग भेट हुन पुग्यो। हुनसक्छ, म तिम्रो दुखेसोले तिमीतिर आकर्षित हुन पुगेथें तर तिम्रा हठी स्वभावले आज मलाई निराश तुल्याएको छ।


जे भए पनि म तिमीलाई खुसी देख्न चाहन्छु। मैले तिमीलाई मायाको साइनोले बाँधी राख्ने दृढ संकल्प गर्न सकिनँ किनकि तिम्रो धनमा अडिएको आडम्बरलाई खुसी पार्न मेरो गरिब भकारीमा केही थिएन। त्यसैले मैले प्रस्तावना पेस गर्ने दुस्साहस गर्न चाहिनँ। तिमीलाई त्यो रमणीय बगैंचाबाट निकालेर बाढीपहिरोको गड्याङगुडुङ र डर त्रासमा अल्मल्याउन चाहिनँ। तिमीलाई दुःखी बनाउनुमा मैले आफ्नो भावनाको हत्या देखें। मेरो आशामा तिम्रो अपार खुसी साट्नु अमूल्य त्यो अतीतको अमर सम्झनाको लिलामी तमसुकमा दस्तखत गर्नु हो। यसरी स्वार्थी तथा निर्दयी बनेर म कहाँ खुसी एवं सुखी हुन सक्छु र ?

**असफल**

# ग्रामीण पर्यटनका लागि देउराली

डाँडैमा झुप्प घरहरू। पहाडी गाउँमा यस्तो बिरलै देखिन्छ। जताबाट भए पनि म्हानेको चक्कर लाएपछि मात्रै आइपुग्छ-देउराली। पहाडी जिल्ला सोलुखुम्बु र खोटाङको संगमस्थलमा अवस्थित यो गाउँ कम मनमोहक छैन।

चौधवटा घर भएको देउरालीबाट दन्तलहरझैं हिउँले सेताम्मे सगरमाथासहित हिमश्रृंखलाका मनमोहक दृश्य नाङ्गा आँखाले हेर्न सकिन्छ। पर्खालझैं वरिपरिका हिमाली दृश्य मात्र कहाँ हो र ? दूधकोसी र रावा खोला किनारका बेसी पनि काखैमा देखिन्छ। पुस-फागुनमा हिउँले सेताम्मे हुने यो गाउँ वरिपरि जंगलमा फुलेका राता लालीगुराँसले फागुन-बैशाखमा धपक्कै बल्छ। यहींकै डाँडोमा डेढ दशकअघि दूरसञ्चारले टावर निर्माण गरेपछि त दुवै जिल्लावासीका लागि आकर्षण बनेको छ-देउराली।



तस्बिर–राजु घिसिङ


यहाँको चिसो सिरेटो र हुस्सुको लुकामारीको दृश्यले सुनसरी तथा धनकुटा जिल्लाको संगमस्थल भेंडेटारलाई बिर्साउँछ। देउरालीको फन्को लाउँदै आँखा डुलाएपछि आहा ? नभन्नेहरू कमै भेटिन्छन्। अझ भदौ-मंसिर र जेठ महिनामा देउराली पुग्ने हो भने सयौं भेडाका बथानको लस्करै भेटिन्छ। भेंडीगोठहरूले यहाँका खर्कहरू भरिन्छन्। असार-साउन महिनाको हरियालीमा चौरी गोठले खर्कको रौनक बढाउँछ।

ऐंसेलुखर्कबाट पिकनिकका लागि आएका लोकेन्द्र राजभण्डारी भन्छन्- 'प्राकृतिक छटाले भरिपूर्ण यस्तो देउराली बिरलै भेटिन्छ।' ऐंसेलुखर्क, बाकाचोल, लोखिम, जलेश्वरी, जुबुवासीका निम्ति पिकनिक र घुमघामको केन्द्र बनेको छ-देउराली। शैक्षिक भ्रमणका क्रममा आउने विद्यार्थी एवं शिक्षककहरू साता टुट्दैनन्। कहिले क्याम्पिङ त कहिले समुदायमा बस्ने गरी उनीहरू देउराली आउँछन्।

गाउँ किनारमै रहेका दुई वटा पोखरी, चिसो मौसममा पनि दिनभरिको रापिलो घाम अनि हिमाली र बेसीका दृश्य मात्र देउरालीको आकर्षण होइन। ऐंसेलुखर्क, सुकेपोखरी, लोखिम र सोताङ बजार ओहोर-दोहोर गर्ने चौबाटो भएकाले पनि यो गाउँको आकर्षण बढेको हो। स्थानीय मौले तामाङ भन्छन्- 'लुक्ला-नाम्चेलगायत खुम्बु पुऱ्याइने खाद्यान्न बोक्ने भरिया एवं व्यापारी लस्कर लाग्छन्।' तामाङ जातिको बाहुल्य रहेको यो गाउँ समुद्री सतहबाट २ हजार ३ सय ६८ मिटर उचाइमा छ। फाप्लु र लामीडाँडा विमानस्थलबाट एक दिनको पैदल यात्रा गरेपछि देउराली पुगिन्छ।

**–राजु घिसिङ**

# यस्तो पो पार्टी



काठमाडौं– शुक्रबार राति ‘फ्राइडे नाइट फिवर’ मनाउनेहरू राजधानीका डान्स पार्टीहरूमा देखिन्छन् । गत शुक्रबार दरबारमार्गको हेरिटेज प्लाजास्थित ल्याटिन क्वाटरमा एउटा डान्स पार्टी सम्पन्न भयो । संयोग के थियो भने पार्टीको शीर्षक नै ‘फ्राइडे नाइट फिवर’ राखिएको थियो । नेपासःको प्रस्तुति रहेको पार्टीका आयोजक थिए– १५ वर्षका डिजे सिड । डिजे सिड काठमाडौं लिंकन स्कुलका विद्यार्थी हुन् । उनले खाजा खर्च जोगाएर मकवानपुर, बारा र रौतहटका २७ जना आर्थिक स्तर कमजोर भएका विद्यार्थीलाई पढाइ खर्चका लागि केही सहयोग गर्दै आएका रहेछन् । ‘किड सोल ब्यान्ड’का सदस्य डिजे सिडले रितेश क्रिससँग मिलेर उक्त पार्टीको आयोजना गरेका थिए, जसबाट उठेको सम्पूर्ण रकम अर्थात् ५० हजार रुपैयाँ उनले हिमराइटस् किड्स फोर किड्स नामक संस्थामार्फत ती विद्यार्थीहरूलाई प्रदान गरेका छन्, यस्तो पो पार्टी गर्नु !

# राजधानीमा फेसेनेवल पार्टी


**साप्ताहिक समाचार**

काठमाडौं– हप्तैपिच्छे डान्स पार्टीमा कम्मर मर्काउन पल्किएको राजधानीको एउटा पुस्ता अचेल निराश छ । राजधानीमा यस्ता पार्टीको संख्या ह्वात्तै घटेको छ । बिरलै आयोजना हुने यस्ता पार्टीमा भीड भने राम्रै देखिन्छ । गत शुक्रबार राति दरबारमार्गस्थित इन्सोम्निया लञ्जमा आयोजित ‘सान मिगल पार्टी जोन विद ग्लाड्र्याक्स’ मा भेला भएका युवापुस्ता धक फुकाएर नृत्य गर्न तयार थियो ।

युवाहरूको छनौट अहिलेका चर्चित डिजे अंकित कोचरले बुझेका छन् । उनी युवापुस्तामाझ चर्चित भएका डान्स नम्बर मात्र छनौट गर्न सिपालु छन् । शुक्रबार राति उनले छनौट गरेका कुनै पनि गीत त्यस्ता थिएनन्, जसमा नृत्य गर्ने जोस नआओस् । त्यसो त डान्स पार्टीको औपचारिक शुभारम्भ राति साढे आठ बजे भयो । यद्यपि साढे दस बजेपछि मात्र ‘यस्तो पो त डान्स फ्लोर’ भन्न सकिने वातावरण बन्यो । ‘खुट्टा राख्ने ठाउँ छैन, स्मोक ब्रेकका लागि बाहिरिएका एक युवा भन्दै थिए– ‘डान्स पार्टीको क्वान्टिटी घटेपछि यस्तो भीड हुनु स्वाभाविक हो ।’

डान्स पार्टीको क्रममा भैरहेको विद्युत् आपूर्ति गडबडीले पार्टीको मज्जालाई बिगारिरहेको भए पनि पार्टीको मुख्य आकर्षण सन् २००७ की मिसेज ग्लाडर्सकी उपविजेता तथा नायिका नन्दिनी बरुवासँग नृत्य गर्न पाएपछि उपस्थित ठूलो समूह विद्युत् आपूर्ति सुचारु हुने प्रतीक्षा गरिरहेको देखिन्थ्यो । पार्टीमा हिपहपदेखि रेग्गीसम्मका संगीत बजाइएको थियो । डिजे अंकितका अनुसार यस पटकको उनको प्रस्तुतिको मुख्य आकर्षण स्टाइल तथा फेसनलाई एकसाथ अघि बढाउनु थियो ।

# राजुसँगै नाचे पोखरेली




पोखरा- लोकगायक राजु परियार स्टेजमा गीत गाउन उत्रनेबित्तिक्कै उनले गीत गाएनन् । सधैं स्टेजमा आउनेबित्तिक्कै गीतका टुक्का झिकेर दर्शकलाई हँसाउन खप्पिस राजु यसपालि भने केही भावुक देखिए । राजु फेवातालमा फैलिएको जलकुम्भीका कारण भावुक देखिएका थिए । उनले गीत गाउनुअघि आम पोखरेली दर्शकमाझ भने- अब फेरी आउँदा सुन्दर फेवातालमा कुरूप जलकुम्भी देख्न नपरोस् । उदयपुरका मिर्गौला रोगी दानबहादुर रानाको सहयोगका लागि टर्स नेपाल र सूर्योदय कलाकेन्द्रको संयुक्त प्रस्तुतिमा आयोजित पुनर्जीवन सांगीतिक साँझमा गीत गाउन राजु पोखरा आएका थिए ।

व्यवस्थापन र प्राविधिक कमजोरीका कारण उनले सोचेजति गीत गाउन भने सकेनन् । राजुले चर्चित गीत हातमा सुनको चुरा र फूल फुल्यो वनैमा गाए । उनको गीतमा महिलाहरू कम्मर भाँचेर नाचे ।

आफ्ना अरू केही चर्चित गीत गाउन लाग्दा बारम्बार म्युजिक ट्र्याक बिग्रिएपछि राजु गीत नगाई कार्यक्रमबाट बाहिरिएका थिए । दर्शकको चाहनालाई राम्रोसँग पूरा गर्न सकिएन, गायक परियारले बताए । टिकट तथा प्रचार-प्रसारमा गायिका आभा मुकारुङको नाम देखिए पनि कार्यक्रममा उनको उपस्थिति देखिएन ।

राजु परियारपछि दर्शकलाई पृथक् मनोरञ्जन दिन पोखराका गायक विनोद बानियाँ आधुनिक गीत लिएर स्टेजमा झुल्किए । कार्यक्रममा गायक उज्ज्वल भण्डारी, जीडिप पराजुली, नरजंग गुरुङ, अन्जान रेग्मी आदिले पनि आफना प्रस्तुति दिएका थिए । आकर्षक नृत्यहरू पनि रहेको कार्यक्रममा दर्शकलाई पेट मिची-मिची हँसाउन पुष्कर थापा र सुलेमान इकु सफल रहे ।

# धनकुटामा पनि डान्सपार्टी



धनकुटामा पहिलो डान्सपार्टी सम्पन्न भएको छ । धनकुटामा रहेको एक रेस्टुराँ र मिव पार्टी जोकिजले संयुक्त रूपमा उक्त फेमली डान्स पार्टी आयोजना गरेको हो । उक्त डान्सपार्टी धनकुटाको वेल्लाहारा गाविसको विश्रान्ति मन्दिरस्थित रहेको वृद्धाश्रमको सहयोगका लागि सञ्चालन गरिएको थियो । धनकुटामा पहिलो पटक भएको उक्त डान्सपार्टीमा धनकुटा, हिले र धरानका युवायुवतीहरू सहभागी थिए ।

डान्सपार्टी भन्नेबितिकै नराम्रो अर्थमा बुझेका केही मानिसलाई सुरुमा केही असजिलो भए पनि समय बित्दै गएपछि किशोर-किशोरीहरू र अन्य उमेरका मानिसहरूको भीड लागेको थियो ।साउन १० गते शुक्रबार बेलुकी तीन बजेदेखि राति एघार बजेसम्म धनकुटाको सामुदायिक भवनमा भएको उक्त डान्सपार्टी काठमाडौंका डिजे सूदन गुरुङले सञ्चालन गरेका थिए ।

**–मोहन बान्तवा राई**

# बुटवलमा घिन्ताङ् नाच

बुटवल- बुटवलको मिलन चलचित्र मन्दिरको हलको दर्शकदीर्घा खचाखच भरिएको थियो । दर्शक त्यहाँ चलचित्र हेर्नका लागि नभै सानोपर्दाको एउटा कार्यक्रमका सहभागीहरूको प्रतिभा हेर्न भेला भएका थिए । नेपाल टेलिभिजन-२ मा प्रसारण भैरहेको रियालिटी सो ‘घिन्ताङ’का सहभागीहरूको प्रत्यक्ष नृत्य कार्यक्रम आरम्भ भयो । कार्यक्रमकी सञ्चालिका शशी खड्काले आफूलाई नेपाली गुन्यूचोली र फरियामा प्रस्तुत गरिन् । उनको नृत्य दर्शकहरूले रुचाए । अनि पालैपालो एकपछि अर्को दस जना प्रतिभाको नृत्यले दर्शकलाई कुर्सीमाथि उठेर नाच्न प्रेरित गऱ्यो । कार्यक्रममा चर्चित गायकहरू मिग्मा शेर्पा, अविनाश घिसिङ, डिजराज पौडेल आदिको उपस्थिति र गायनले सुनमा सुगन्ध थपेसरह भयो । घिन्ताङका निर्देशक प्रसन्न पौडेल भन्दै थिए- ‘उत्कृष्ट दशलाई यस पटक बुटवल ल्यायौं ।’


## साप्ताहिक Classified Advertisement

### रोजगार

कम्प्युटर प्रविधीबाट मोवाइलफोन मर्मत टेलिभिजन, हाउसवाइरिङ्ग, तालिम साथै ५ जनालाई रोजगार दिइने, ०१-२४०५८३२ ।

महिला कर्मचारीहरु चाहियो, घरमै बसि पार्टटाइम, फुलटाइम कामगर्न सकिने ७०००। गौशाला ४४६६७०० ।

Online Data Entry Home Typist Redstar 9851106078, 2302518

NGO द्वारा निःशुल्कमा मोबाइल, रेडियो, टिभि, हाउसवाइरिङ्ग तालिम ४२६७३१६ ।

सुवर्ण अबशर सिमित सिटमा SLC पास केटीहरुकोलागि जर्मनीमा रोजगारी, ०१६९१३७८९, ९८४१३८९९७५ ।

विगत ३ वर्षदेखि संचालित NGO संग आवद्ध अफिसलाई १८ महिला गृहिणी विद्यार्थी तु. आवश्यकता फुलटाईम पार्टटाईम तलब ७५००।- २०७३६१६, ९८४१६२१८३६ गौशाला ।

१,००० रोजगार योजना २४०६१४५ नवदुर्गा बसुन्धरा ।

सुवर्ण अवसर सीमित सीटमा एसएलसी पास केटीहरुको लागि जर्मनीमा रोजगारी ०१६९१३७८९, ९८४१३८९९७५

New vocals cybergayak.com 4472240, 9803351051 register sing one new song free.

### कम्प्यूटर/भाषा तालिम

कम्प्युटरका विभिन्न तालिम सिकी रोजगार बनौ, AUTO CAD, (2D & 3D) Tally, Fact, TATA-Ex, Basic Course, Hardware, 4499967, 9841233730, Soft tech, New Baneshwor

50% off computer Course का साथै सम्पूर्ण भाषाका कक्षाहरु संचालन हुदैछ, Sagarmatha Computer, Naya Bazar, 4383202, 9841318759

अमेरिकनसँग अंग्रेजी सिकौ साथमा RJ, VJ Tuition तथा Computer Classes Premium Academy कलंकी चोक, २०२४००७, ९८४१७५७७६९

English, Japanese, Hebrew लगायत सम्पूर्ण भाषा सहित कम्प्यूटर को सम्पूर्ण कोर्षमा दक्षबनौ OLC चावहिल: ४४६१४५९

Japanese, Korean तथा English भाषाका कक्षाहरु सञ्चालन भइरहेछन्: २१५१८५५

Computer, Graphic, Tally, Web, Hardware, Language, English, Japanese, German, French, Spenish, Korean, Hibrew, IELTS, Abroad Study Youth Institute Narayangopal Chowk: 4371530

### बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

### होटल तालिम

छुटमा कुक वेटर बारमेन क्याप्टेन तालिम ४२२७३४६

### सम्पर्क

संगीतको स्तरिय शिक्षा तथा सस्कारको लागि हामीलाई सम्झनुहोस्, अनुराग संगित विद्यालय, ४२३३६९०

विज्ञापन गर्नुपरेमा सम्पर्क ५६३९६४५, ५६३९५९९,

Chief Bank Balance with Transaction Documentation, 9841588709

गाई, भैंसीको दही, मही, घ्यू, चिज, बटर, पनिर, क्रिम, आईसक्रिम, गुँदपाक, पुष्टकारी तथा मिठाईहरु पाईन्छ श्रीराम डेरी महाराजगन्ज, चक्रपथ: ४३७३२५२

तयारी ताजा चिकेन विशेष सहुलियत मूल्यमा धमाधम बिक्री भैरहेको छ खरिद परिणाम अनुसार विशेष छुटको व्यवस्था छ सम्पर्क चिकेन हाउस नयाँबजार, फोन: ४३५८८४४, ४३५८२५७

ईटा, बालुवा, गिट्टी, ढुङ्गा, ग्राभेल, माटो आदि चाहिएमा दुप्चेश्वरी महादेव सप्लायर्स बसुन्धरालाई सम्झनुहोस्: ०१६९१५२४१ ।

### रिकण्डिसन मोटरसाईकल

मोटरसाइकल खरिद बिक्रि तथा सट्टापट्टाकोलागि मनोज अटो इन्टर प्राइजेज, मित्रपार्क सम्पर्क: ९८४१३८५९३१, ४४६९०२५

मोटरसाइकल खरिद बिक्रि तथा सट्टापट्टाकोलागि लुम्बीनी इन्टरप्राइजेज चाबहिल मित्रपार्क: ४४८८४२४, ९८४१६४३६२७

मोटरसाइकल ट्याक्सी खरिद बिक्रि तथा सट्टापट्टाकोलागि महालक्ष्मी रिकन्डीशन शोरुम चावहिल मीत्रपार्क: २०७३५५४, ९८५१०४२६२८

### IELTS/TOEFL

IELTS @ 3000, Books CD Free, Grand Max, New Baneshwor 4485916

### मर्मत

Key House पुतलीसडक, न्यूप्लाजा: ४४३०८११, मोवाईल: ९८४१८८८२४२

Key Point ताल्चा साँचो मर्मत केन्द्र बानेश्वर,९८४१२७७५३०, ९८४१४०६२६२

### ब्यूटिपार्लर

ऐश्वर्य ब्युटिपार्लरमा सोन्दर्य सम्बन्धी छोटो कोर्ष सिकाइदैछ, नयाँबानेश्वर, ९८०३१६०९००

सबिनाज ब्युटि केयर एण्ड ट्रेनिङ्ग सेन्टरमा बिदेशबाट तालिमप्राप्त ब्युटिसियनद्धारा आधुनिक मेशिनबाट एडभान्स, बेसिक, स्पेसल ब्युटिसियन कोर्षहरुको तालिम संचालन भइरहेको छ, साथै हेयर Straighting, Perming, skin अनुसार हर्बल फेसियल ब्युटिकेयर सम्बन्धि कार्यहरु गरिन्छ, पकनाजोल, ९८४१५५४७५७, ०१६२२६९४२

श्रृंगार ब्यूटिपार्लरमा कपाल स्ट्रेट, फेसियल, कलरिङ्ग, कर्ली गरिनुका साथै ट्रेनिङ्गपनि दिइन्छ, धुम्बाराही, ९८४१७७८४२४, ९८४१५९२२९५

NGO द्वारा संचालित निःशुल्क व्युटिसियन तालिमका साथै ग्यारेटीका साथ Hair Strait गरिन्छ चावहिल: ०१२३६७२५७ ।

### ड्राईभिङ्ग सिकौं

सुमन मोटर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर नयाँबजार खुशिवुमा महिलाद्धारा महिलाहरुलाई कार रु. ५०००। मोटर साइकल रु. १५००। स्कुटर रु. २०००। मा सिकाइन्छ, ४३५७०८३, ९८४१२३४६९५

बुढाथोकी ड्राईभिङ्गमा ड्राइभिङ्ग सिकौं, नयाँबानेश्वर, २०४२५१७, ९८४१२३४५५२

ग्यारेन्टीका साथ ड्राइभिङ्ग सिक्नुहोस्, ९७४१०८०४१५, २०६४१०३

ट्रायल ग्यारेन्टी- कार मोटरसाइकल, स्कुटर सिकाइन्छ, बुढाथोकी ड्राइभिङ्ग, ४२४२३८५

श्री शैलुंगेश्वरी मोटर ड्राइभिङ्ग सेन्टरमा ग्यारेन्टीकासाथ ड्राइभिङ्ग सिक्नकोलागि: ४२३१४७०

ग्यारेण्टीका साथ ड्राईभिङ्ग सिकौं: महाराजगञ्ज: ४३७५३३९, ९८४१२६४८५५

### भाडामा

घरफ्ल्याट तुरुन्तै भाडामा लिनदिन: ९८४१८१२०९५, २३६२७८०

### घरजग्गा

सामाखुशीचोकबाट ३०० मिटर बाहिर पिचबाटोमा ५ आना जग्गा बिक्रीमा: ४३८३२२८, ९८५१०७२३१६ ।

टोखारोड हिमालय आवास नजिकै ०-६-२-२ बिक्रीमा: ४३८३२२८, ९८५१०७२३१६

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-४१७०२२** मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।



# जुरखानेप्रति मोह बढ्दो

कलेज पढ्ने क्रममै नौलो लागेर जुरखाने खेलमा प्रवेश गरेका थिए वीरेन्द्र वैद्य । रहरले लागेको यो खेलले यतिबेला उनलाई अवसरको थुप्रै ढोका खोलिदिएको छ । एक वर्षअघि मात्र यो खेलमा लागेका वैद्यले इरानको किसायरल्यान्ड र अहिले काठमाडौंमा आयोजित अन्तर्राष्ट्रिय जुरखाने प्रतियोगितामा सहभागी हुने मौका पाए । 'अब प्रशिक्षकका रूपमा काम थाल्नेछु' उनले साप्ताहिकलाई बताए । हालै मात्र नेपालमा आधिकारिक मान्यता पाएको यो खेललाई तत्कालै १५ जिल्लामा विस्तार गरिने भएपछि वीरेन्द्रलगायत अन्य खेलाडीहरूका लागि रोजगारीको ढोका समेत खोलिएको छ ।

जुरखानेप्रति नेपाली युवाहरूको ध्यान केही वर्षअघिदेखि मात्र केन्द्रित हुन थालेको हो । सन् २००६ मा इरानको तेहरानमा सम्पन्न पहिलो एसियान जुरखाने प्रतियोगितामा नेपालले नवौं स्थान हात पारेको थियो । त्यसको दुई वर्षपछि नेपालमै आयोजना भएको सोही स्तरको प्रतियोगितामा नेपालले दोस्रो स्थान हासिल गऱ्यो । 'नेपालले पाएको यो सफलता सुखद संकेत हो,' अन्तर्राष्ट्रिय जुरखाने स्पोर्ट्स महासंघका अध्यक्ष एवं पूर्व इरानी उपराष्ट्रपति मोहसिन मेहरालिजोदले बताए ।

हालै नेपालमा भित्रिएको यो खेलमा नयाँ खेलाडीहरूको आगमन उल्लेखनीय रह्यो । विद्यालय स्तरका छात्रछात्राहरूसमेत यो खेलप्रति आकर्षित छन् । जुरखानेप्रति नेपाली खेलाडीहरूको आकर्षण देखेर इरानी जुरखाने टिमले नेपाललाई २ लाख अमेरिकी डलर सहयोग गर्ने घोषणा समेत गऱ्यो । उक्त सहयोग रकम जुरखानेका लागि कभर्ड हल बनाउन खर्च गरिनेछ । सहयोग रकम घोषणा गर्दै इरानी टिम व्यवस्थापक हेडायल्टले भने- नेपालमा यसको भविष्य राम्रो छ, नेपालीहरूमा उत्साह छ, त्यसलाई प्रोत्साहन गर्ने प्रयास गरेका हौं ।

नेपालमा जुरखाने खेलले राष्ट्रिय खेलकुद परिषद्बाट मान्यता पाए लगत्तै 'दोस्रो एसियन जुरखाने' प्रतियोगितासमेत सम्पन्न भयो । यो प्रतियोगितामा नेपाललगायत एसियाका २३ राष्ट्र सहभागी थिए । राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सञ्चालन गरिएको उक्त प्रतियोगितामा इरानलाई नेपालले मात्र चुनौती दिएको थियो । इरानले सर्वाधिक ७३ अंक हासिल गरी प्रतियोगितामा पहिलो स्थान हासिल गऱ्यो । यो प्रतियोगितामा नेपालका धुव्र ढकाल, अनुज श्रेष्ठ, रवि घिमिरे, कमल श्रेष्ठ, मिलन रानामगर, उज्ज्वल शिवाकोटी र वीरेन्द्र वैद्यले सामूहिक खेल प्रदर्शन गरेका थिए । प्रतियोगिताको हिरोइक पहलमानी स्पर्धाअन्तर्गत सुमेरकुमार साहले ७०-८० किलोग्राम तौल समूहमा रजत पदक जित्न सफल भए भने ६०-७० किलोग्राम तौल समूहमा ध्रुवकुमार ढकाल र ९० किलोग्रामभन्दा माथि तौल समूहमा सत्येन्द्र यादवले काश्य पदक जिते ।

शारीरिक क्षमताको घर भनिने यो खेलमा खेलाडीहरू भिन्नाभिन्नै ५ स्पर्धामा उत्रिएका थिए । खेलको प्रारम्भमा खेलाडीहरू हातमा थाक्ते लिएर गौड (खेलाडीले प्रदर्शन गर्ने घेरा) मा प्रवेश गरेका थिए । काठबाट बनाइएको थाक्ते लिएर उनीहरूले एउटै तालमा विभिन्न व्यायाम गरेका थिए । त्यसपछि उनीहरूले क्रमश: मिल, साङ र कबदे खेल प्रदर्शन गरेका थिए ।

काठबाट बनाएएको १ देखि ७ किलोग्राम तौलको मुङ्ग्रो दुवै हातमा लिएर माथि फ्याँक्दै भुइँमा झर्न नदिई मिल स्पर्धा गरेका थिए । इरानी खेलाडीहरूले दुवै हातले चारवटा मुङ्ग्रोको कलात्मक प्रस्तुति गर्दै दर्शकको मन जितेका थिए । २० देखि २५ किलोग्राम तौलको काठको ढाललाई खेलाडीले सुतेर आफ्नो शरीर छोप्दै साङ खेलको प्रतिस्पर्धा गरेका थिए । ढाल ३० देखि ७२ पटकसम्म तल-माथि गरिएको थियो ।

जुरखाने खेल अन्तर्गत फलामले बनाइएको साङ्लोलाई टाउकोभन्दा माथि लगेर खेलाउँदै कबदे खेलको प्रदर्शन गरिएको थियो । १६ किलोग्रामसम्मको वजनदार कबदे बोकेर ७२ पटकसम्म खेलाडीले प्रदर्शन गर्नुपर्ने हुन्थ्यो । त्यस्तै चक्र खेलअन्तर्गत खेलाडीले दुवै हात छोडेर ३० सेकेन्डसम्म फनफनी घुमेर प्रदर्शन समेत गरेका थिए ।

नेपालीका लागि अनौठो तर रोमाञ्चक जुरखाने खेल दर्शकहरूले रुचिपूर्वक हेरेका थिए तर अन्तर्राष्ट्रिय स्तरको यो प्रतियोगितामा दर्शकहरूको उपस्थिति भने उल्लेख्य देखिएन । प्रतियोगितामा नेपालका जुनियर खेलाडीहरू र महिला खेलाडीको प्रदर्शनी खेल देखाइएको थियो ।

'छोटो अवधिमै राष्ट्रिय खेलाडी बन्न सकिने भएकाले लागेकी हुँ,' प्रदर्शन सकेर कभर्ड हलबाट बाहिरिँदै गर्दा किरण निरौलाले साप्ताहिकलाई बताइन् । इरानको राष्ट्रिय खेललाई अन्तर्राष्ट्रियकरण गर्ने क्रममा यो खेलले नेपालमा प्रवेश पाएको हो । इरानले आफ्नो राष्ट्रिय खेललाई ओलम्पिकमा समावेश गराउने लक्ष्यका साथ अन्य मुलुकमा पनि यो खेललाई प्रोत्साहित गरिरहेको छ ।

**शिव मुखिया**



## ५ प्रश्न

बेइजिङ ओलम्पिकमा एथलेटिक्स खेलबाट नेपालको प्रतिनिधित्व गर्दैछिन् चन्द्रकाला थापा । मोरङ उर्लाबारीमा जन्मिएकी थापा विद्यालय पढ्दादेखि नै खेलकुदमा सक्रिय थिइन् । राष्ट्रियस्तरको प्रतियोगितामा स्वर्ण पदक जितेकी थापाले थुप्रै अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको अनुभव सँगालेकी छिन् ।

**ओलम्पिकका लागि कस्तो तयारी भैरहेको छ ?**

भर्खरै विशेष प्रशिक्षण सिध्याएकी छु । प्रशिक्षण एकदमै राम्रो भयो, धेरै आशा गरेकी छु ।

**ओलम्पिकमा तपाईंले कुन स्थानको अपेक्षा गर्नुभएको छ ?**

वर्षौंदेखि प्रशिक्षित गराइएका खेलाडीसँगै दुई महिने प्रशिक्षणको भरमा प्रतिस्पर्धा गर्नुपर्ने हो, त्यसैले पदक जित्ने त कुरा नगरौं राष्ट्रिय कीर्तिमानचाहिँ भंग गर्छु ।

**नेपाली खेलाडीहरू किन विश्वस्तरका खेलाडीको दाँजोमा पुग्न सक्तैनन् ?**

खेलकुदमा मात्र होइन हरेक क्षेत्रमा त्यस्तै अवस्था छ । विदेशी खेलाडीलाई जस्तै सुविधासम्पन्न ढंगले प्रशिक्षित गराउने हो भने हामी पनि कम छैनौं । खेलाडी असक्षम होइनन्, यहाँको व्यवस्था अक्षम हो ।

**तपाईं आफ्नै खेल जीवनलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

खेलबाटै म यो स्थानसम्म आएकी छु । देशको नाम राख्ने अवसर पाएकी छु । पहिलेदेखि दु:ख गरेर खेलमा लागिरहेकी छु । खेल सुरु गर्दा नै ओलम्पिक खेल्ने सपना थियो, त्यो आज पूरा हुँदैछ ।

**कसरी लाग्नुभयो खेलकुदमा ?**

सानैदेखि फुटबल खेल्ने क्रममा कल्याण तिमिल्सिनाले प्रहरीमा भर्ना गरिदिनुभयो । हाल उहाँ डिआइजी हुनुहुन्छ । प्रहरीमा भर्ना भएपछि निरन्तर खेलमा लाग्ने अवसर पाएकी छु ।

# मैदानबाहिर



**ओलम्पिक स्वंयसेविका** : बेइजिङ ओलम्पिकमा परिचालित स्वंयसेविकाहरूले कपालमा ओलम्पिक रिङ लगाएर काम गर्नेछन् ।


## उद्घाटन समारोह नोफ्लाई जोन

चीनको बेइजिङ सहरले आयोजना गर्न लागेको ग्रीष्मकालीन ओलम्पिक प्रतियोगितालाई लिएर आयोजक समितिले आतंकवादी धम्कीको सामना गरिरहेको छ । चिनियाँ सुरक्षा अधिकारीहरूले आयोजक समितिले पाएको धम्कीलाई निस्तेज पार्न विभिन्न उपाय अवलम्बन गरिरहेको छ । आतंकवादीहरूले अमेरिकामा यात्रुवाहक विमानलाई अपहरण गरी ट्विन टावरमा ठोक्काएको जस्तो आक्रमण गर्न सक्ने आशंका बढेपछि उद्घाटन समारोहको दिनदेखि भोलिपल्टसम्म बेइजिङमा रहेको दुईवटा एयरपोर्ट बन्द गर्ने घोषणा गरेको छ भने सो समयमा बेइजिङको आकाशमा कुनै पनि विमानलाई उडान गर्न दिइनेछैन । उडान प्रतिबन्धले यात्रुहरूलाई मर्का परे पनि सुरक्षाको दृष्टिकोणले उक्त कदम चालिएको चिनियाँ सुरक्षा अधिकारीहरूले जनाएका छन्, किनकि बेइजिङ ओलम्पिकको उद्घाटन समारोहमा अमेरिकी राष्ट्रपतिदेखि अन्य देशका उच्च राजनेताहरूले समेत सहभागिता गर्ने छन् । अहिले आयोजक समितिले एकातर्फ तिब्बतियन शरणार्थीहरूको चर्को विरोधको सामना गर्नुपरिरहेको छ भने अर्कातर्फ चीनको जिनजियाङ प्रान्तमा रहेका मुस्लिम कट्टरवादीको धम्किलाई परास्त्र गर्नुपर्नेछ । यसबाहेक अन्तराष्ट्रिय आतंकवादीहरूको आक्रमणको खतरा पनि त्यत्तिकै छ । चिनियाँ कम्युनिस्ट पार्टीको मुखपत्र पिपुल्स डेलीले जिनजियाङ प्रान्तका मुस्लिम तथा तिब्बतियनहरूले ओलम्पिक प्रतियोगिता भाँड्ने धम्की दिएको समाचार प्रकाशित गरेको छ ।


## ओलम्पिकमा लिङ्ग परीक्षण गरिने

Beijing 2008

२९ औं गृष्मकालीन ओलम्पिक प्रतियोगिताको आयोजक बेइजिङ सहरले खेलाडीहरूको लिङ्ग परीक्षणलाई निरन्तरता दिने भएको छ । ओलम्पिक प्रतियोगितामा खेलाडीहरूको लिङ्ग परीक्षण गर्ने कार्य केही प्रतियोगितादेखि मात्र प्रारम्भ गरिएको हो । सन् २००० को सिड्नी ओलम्पिक प्रतियोगितादेखि लिङ्ग परीक्षणलाई तीव्रता दिए पनि यसपटक विशेष तयारीका साथ गरिने आयोजक समितिले जनाएको छ । सन् २००६ को दोहा एसियन गेममा भारतकी सान्थी सुन्दराजले महिलाको ८ सय मिटर दौडमा रजत पदक जितेपछि उनको लिङ्ग परीक्षण गर्दा उनी पूर्णरूपमा महिला नरहेको प्रमाणित भएको थियो । उक्त घटनाका कारण आगामी बेइजिङ ओलम्पिकमा पुरुष हार्मोनको मात्रा बढाएर महिलाको प्रतियोगितामा सहभागिता गर्ने खेलाडीहरूको संख्या बढ्ने देखेपछि आयोजक समितिले विशेष सतर्कता अपनाएको हो । महिला प्रतियोगितामा विशेष निगरानी राख्दै शंकास्पद महिला खेलाडीहरूको बाहिरी शरीरदेखि उनीहरूको हार्मोनको समेत परीक्षण गर्ने व्यवस्था मिलाएको आयोजक समितिले जनाएको छ ।



## पौडीका दुई प्रतिस्पर्धी




पौडीको कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा अमेरिका तथा अष्ट्रेलियाबीच हुने प्रतिस्पर्धालाई सबैले रोमाञ्चक मान्छन् । अझ ओलम्पिक प्रतियोगितामा यी दुई राष्ट्रका खेलाडीहरूबीच हुने प्रतिस्पर्धा र प्रतियोगितामा बन्ने नयाँ विश्व कीर्तिमानले ओलम्पिक प्रतियोगिताकै रोमाञ्चकता बढाइरहेको हुन्छ । बेइजिङमा आयोजना हुन लागेको ओलम्पिक प्रतियोगितामा पनि अमेरिका र अष्ट्रेलियाले आ-आफ्नो वर्चश्व देखाउन बंकर ट्रेनिङ गरिरहेका छन् । माइकल फ्लेपको नेतृत्वमा उत्रिने अमेरिकी पौडीवाजहरू अहिले सिंगापुरमा विशेष प्रशिक्षणमा जुटिरहेका छन् भने अमेरिकालाई चुनौती दिने अष्ट्रेलियाका खेलाडीहरू भने मलेसियाको क्वालालम्पुरमा अभ्यास गरिरहेका छन् ।

यसपटकको ओलम्पिक प्रतियोगितामा अमेरिका र अष्ट्रेलियाका खेलाडीहरूबीच मुख्य रूपमा प्रतिस्पर्धा भएपनि हाल स्विमिङ ड्रेसमा आएको वैज्ञानिकीकरणले अन्य मुलुकका खेलाडीहरूलाई पनि सफलताको हकदार बनाउने देखिन्छ । स्पिडो कम्पनीले पौडी खेलाडीका लागि विशेष किसिमको पोसाक गत फेब्रुअरी महिनामा ल्याएपछि प्रशस्तै नयाँ कीर्तिमान कायम भएका छन् । जसका कारण पौडीमा हुने ३२ स्वर्ण पदकको प्रतिस्पर्धामा प्रशस्तै नयाँ कीर्तिमानहरू कायम हुने देखिएको छ ।



ओलम्पिक प्रतियोगिताको पौडी खेलमा अमेरिका मानसिक रूपमै अरूले आफूमाथि जित हासिल गरेको सहन नसक्ने स्वभावको छ । एथेन्स ओलम्पिक प्रतियोगितामा ६ स्वर्ण र २ काश्य पदक जितेका माइकल फ्लेप्ससँग सन् १९७२ मा अमेरिकाका मार्क स्पिजले एकै प्रतियोगितामा जितेको ७ स्वर्ण पदकको कीर्तिमान भङ्ग गर्ने सोंच छ । यसपटक माइकल ५ वटा व्यक्तिगत स्पर्धामा र ३ वटा रिले स्पर्धामा प्रतिस्पर्धा गर्दैछन् । व्यक्तिगत स्पर्धातर्फ माइकलको नाममा २ सय मिटर फ्रिस्टाइल, २ सय मिटर बटरफ्लाई, २ सय र ४ सय मिटर इन्डिभिज्युअल मिड्लेमा विश्व कीर्तिमान छ । यदि माइकलले यो प्रतियोगितामा अमेरिकी सोचाइ अनुसार सफलता पाए भने उनी अमेरिकी खेलाडीहरूमा ओलम्पिक प्रतियोगितामा सर्वाधिक स्वर्ण पदक जित्ने खेलाडी बन्नेछन् । अमेरिकी पौडी टिममा माइकल बाहेक १ सय मिटर ब्याकस्ट्रोकमा विश्व कीर्तिमान कायम गरेका एरोन प्रिस्सोल, यो वर्ष २ सय र ८ सय मिटरमा विश्व कीर्तिमान कायम गरेका रायन लोचेट र क्याथी होप पनि यही टिममा छन् ।

अष्ट्रेलिया बेइजिङ ओलम्पिकमा सन् १९५६ को मेलबोर्न ओलम्पिकमा पौडी खेलमा पाएका ८ स्वर्ण पदकको सफलता दोहोऱ्याउने सोचाइमा छ । अस्ट्रेलिया एथेन्स ओलम्पिकमा ७ स्वर्ण पदक र पछिल्लो पटक आयोजना भएको विश्व च्याम्पियनसिपमा जितेको ८ स्वर्ण पदकको सफलता यसपटक ओलम्पिक प्रतियोगितामा दोहोऱ्याउने सोंचमा छ ।






# बेइजिङ ओलम्पिकका खेलहरू

गृष्मकालीन ओलम्पिकको २९ औं संस्करण साउन २४ गतेदेखि चीनको राजधानी बेइजिङमा प्रारम्भ हुँदैछ। बेइजिङ ओलम्पिकमा २८ वटा खेलका ३ सय २ स्पर्धा समावेश गरिएको छ। संख्याका आधारमा यो ओलम्पिकमा एथेन्स ओलम्पिकभन्दा एक स्पर्धा बढी छ र केही नयाँ खेलसमेत बेइजिङ ओलम्पिकमा समावेश गरिएका छन्। नयाँ खेलमा साइक्लिङअन्तर्गत दुईवटा स्पर्धा बीएमएक्स साइकल र महिलाको ३ हजार मिटर स्टेपलचेज तथा महिला र पुरुष खेलाडीहरूका लागि म्याराथन स्वीमिङ छन्। म्याराथन स्वीमिङमा सहभागी हुने प्रतियोगीले १० किलोमिटरको दूरी पौडेर तय गर्नुपर्नेछ।

ओलम्पिकमा टेबलटेनिस खेलमा रहेको महिला र पुरुषको डबल्स स्पर्धा हटाएर पुरुष र महिलाको टिम इभेन्ट्स समावेश गरिएको छ भने फेन्सिङतर्फ पुरुषको टिम फोइल र महिलाको इपी स्पर्धा हटाई महिला टिम फोइल र महिला टिम साब्री समावेश गरिएको छ। १० हजार ७ सय ८ जना खेलाडीले प्रतिस्पर्धा गर्ने बेइजिङ ओलम्पिकमा १ सय ६५ पुरुष स्पर्धा, १ सय २७ महिला स्पर्धा तथा १० वटा मिश्रित स्पर्धाहरू हुनेछन्।

बेइजिङ ओलम्पिकमा सर्वाधिक स्पर्धा रहेको खेल एथलेटिक्स नै हो। यो खेलअन्तर्गत ४७ वटा स्पर्धा हुनेछन्, जसमा पुरुषका २४ तथा महिलाका २३ स्पर्धा छन्। एथलेटिक्सपछि सर्वाधिक पदक खेलतर्फ स्वीमिङ रहनेछ। स्वीमिङमा पुरुष तथा महिलाको १७-१७ वटा स्पर्धा समावेश छन्। डाइभिङमा महिला र पुरुषले ४-४ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन् भने सिन्क्रोनाइज स्वीमिङअन्तर्गत महिलाले मात्र २ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन्। वाटरपोलोमा महिला र पुरुषले १/१ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन्।

धेरै पदक रहेको खेलमा रेस्लिङ, साइक्लिङ र जिम्न्यास्टिक पनि छन्। यी खेलमा १८-१८ स्वर्ण पदकका लागि खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्। रेस्लिङअन्तर्गत फ्रिस्टाइलमा ७ पुरुष र ४ महिलाको स्पर्धा हुनेछन् भने रोमन शैलीको रेस्लिङमा पुरुषको ७ वटा स्पर्धा हुनेछन्। यसैगरी साइक्लिङअन्तर्गत ४ वटा खेल (साइक्लिङ रोड, साइक्लिङ ट्र्याक, साइक्लिङ माउन्टेन बाइक र साइक्लिङ बीएमएक्स) हुनेछन्। साइक्लिङ रोडमा महिला र पुरुषको २-२ स्पर्धा, साइक्लिङ ट्र्याकमा पुरुषको ७ र महिलाको ३, साइक्लिङ माउन्टेन बाइक र बीएमएक्समा महिला र पुरुषको १-१ स्पर्धा हुनेछन्। जिम्न्याटिकअन्तर्गत तीन किसिमका (आर्टिस्टिक, रिदमिक र ट्र्याम्पोलिन) का खेल रहनेछन् जसमा आर्टिस्टिकअन्तर्गत पुरुषको ८ र महिलाको ६ स्पर्धा छन् भने रिदमिकमा महिलाको २ तथा ट्र्याम्पोलिनमा महिला र पुरुषको १-१ स्पर्धा रहनेछन्।

यसैगरी बढी पदक भएको खेल क्यानोइङ (नौका दौड) पनि हो। यो खेलमा १६ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ। क्यानोइङको फ्ल्याटवाटर (पोखरी वा तालमा खेलिने) मा १२ र सालोम (तीव्र पानीको बहाव भएको नदी) मा ४ स्पर्धा हुनेछन्। १५-१५ स्वर्ण पदक रहेको खेलमा सुटिङ र भारोत्तोलन पनि हुन्। सुटिङका ९ स्पर्धा पुरुषको र ६ स्पर्धा महिलाको हुनेछ। यसैगरी भारोत्तोलन खेलमा पुरुषको ८ र महिलाको ७ स्पर्धा हुनेछन्। रोविङ (डुङ्गा दौड) मा १४ वटा स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ, जसमा ८ स्पर्धा पुरुष र ६ स्पर्धा महिलाको हुनेछ। यसैगरी बक्सिङ र सेलिङ मा ११/११ स्पर्धा हुनेछन्। बक्सिङतर्फ पुरुषको मात्र स्पर्धा हुनेछ भने सेलिङ खेलमा ४ पुरुष, ४ महिला र ३ मिक्स प्रतिस्पर्धा रहनेछन्। फेन्सिङ (तरबार बाजी) खेलमा १० वटा स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछन्, जसमा पुरुष र महिलाले ५-५ स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन्।

जुडोमा १४ वटा स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ। यो खेलमा पुरुष र महिलातर्फ ७-७ स्वर्ण पदक प्रदान गरिनेछ। तेक्वान्दोका ८ स्वर्ण पदकमध्ये महिला र पुरुषले ४-४ स्वर्ण पदकका लागि भिडन्त गर्नेछन्।

टिम इभेन्ट्सका खेलहरूमध्ये बेसबलमा १, सफ्टबलमा १, बास्केटबलमा २, फिल्ड हक्किमा २, फुटबलमा २, ह्यान्डबलमा २ र भलिबल खेलमा बिच भलिबलसहित ४ स्वर्ण पदक छन्। यसैगरी टेबलटेनिसमा ४, टेनिसमा ४ स्वर्ण पदक छन् भने आर्चरीमा ४, ब्याडमिन्टनमा ५, घोडचढीमा ६, मोर्डन प्यान्टाथलनमा २ तथा ट्राथलमा २ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ।

# ओलम्पिकको विश्वव्यापीकरण

ओलम्पिक खेलकुदको दोस्रो अध्याय सन् २०२० को बेल्जियम ओलम्पिकदेखि सन् १९३६ को बर्लिन ओलम्पिकलाई मानिएको छ। यो अवधिमा ओलम्पिक खेल दुई विश्वयुद्धको सेरेफोरोमै केन्द्रित रह्यो। जर्मनी र जर्मन शासक हिटलरको सेरोफेरोमा ओलम्पिक यात्रा चर्चामा रह्यो। सन् १९१६ मा बर्लिनमा आयोजना हुने भनिएको ओलम्पिक खेलकुद प्रथम विश्वयुद्धका कारण सम्भव भएन। त्यसको चार वर्षपछि बेल्जियमको एन्टरिप सहरले ओलम्पिक आयोजनाको अवसर त पायो, तर त्यो पनि विश्वयुद्धको छायाँबाट मुक्त भने थिएन। यही ओलम्पिकमा ओलम्पिक झन्डा र शपथ लिने प्रचलन सुरु भयो। उक्त ओलम्पिकमा इटालीका नेडो नाडीले फेन्सिङका ६ स्पर्धामध्ये पाँचमा स्वर्ण पदक हात पारे। स्वीडेनका सुटर ओस्कार स्वानले ७२ वर्षको उमेरमा रजत पदक जित्दै सबैलाई आश्चर्यमा पारे। सोही ओलम्पिकको सेलिङ खेल भने बेल्जियम र नेदरल्यान्ड दुई देशमा सम्पन्न भयो।

त्यसको चार वर्षपछि पेरिस ओलम्पिकमा सहभागी राष्ट्रको संख्या २९ बाट बढेर ४४ पुग्यो। १ हजार जना सञ्चारकर्मीले उक्त ओलम्पिकको समाचार सम्प्रेषण गरे। अमेरिकी एथलेट जोनी बेस्मुलरले यो ओलम्पिकमा पौडीमा स्वर्ण र वाटरपोलोमा कांस्य पदक जितेका थिए। कालान्तरमा उनी हलिउडमा १२ चलचित्रमा टार्जनको भूमिकामा देखा परे। इङ्लिस च्यानल पौडेर पार गर्ने पहिलो महिलाका रूपमा कीर्तिमान बनाएकी अमेरिकी पौडीबाज गेर्टुड एडर्लेले सो ओलम्पिकमा काश्य पदक जितेकी थिइन्। तर यो ओलम्पिकका नायक भने धावक पावो नुर्मी नै बने। यसअघिको ओलम्पिकमा तीन स्वर्ण पदक जितेका नुर्मीले अर्को पाँच स्वर्ण थप्दै आफ्नो स्वर्ण पदकको संख्या ८ पुऱ्याए। उनकै सहकर्मी भिटो रिटोलाले पनि चार स्वर्णसहित दुई रजत पदक जिते।




सन् १९२८ को आम्स्टर्डम ओलम्पिकले शान्तिको सन्देस दिँदै २० वर्ष लामो आर्थिक उथलपुथल र युद्धको छायाँबाट मुक्त रहन संसारलाई प्रेरित गऱ्यो। जिम्न्यास्टिक र एथलेटिक्समा महिला इभेन्ट समावेश गरिएपछि ओलम्पिकमा महिला सहभागिता दोब्बर भयो भने जापानले पनि स्वर्ण पदक जितेपछि ओलम्पिकको प्रभाव सिंगो संसारमा पऱ्यो। जापानका मिको ओडाले ट्रिपल जम्प तथा योसुयिकी सुतुराले ब्रेस्टस्ट्रोक पौडीमा स्वर्ण पदक जिते। हक्कीमा ६ पटक लगातार ओलम्पिक स्वर्ण पदक जित्ने भारतको कीर्तिमानी अभियानको प्रारम्भ यही ओलम्पिकबाट भयो। यही ओलम्पिकमा फेन्सिङको टिम साब्रेमा हंगेरीले लगातार सातौं पटक स्वर्ण पदक जित्यो।

खेलकुदको विश्वव्यापीकरण र प्रतिस्पर्धाले १९३२ को लस एन्जल्स ओलम्पिकलाई पनि मुक्त राख्न सकेन। चार वर्षअघि देखिएको प्रतिस्पर्धात्मक युगको कारण यो ओलम्पिकमा १८ विश्वकीर्तिमान भंग भए तर आर्थिक मन्दीको मध्यमा भएको यो ओलम्पिकमा सहभागी राष्ट्रको संख्या ४६ बाट घटेर ३७ मा झऱ्यो। यसैगरी खेलाडीको संख्या पनि २ हजार ८ सय ८३ बाट झरेर १ हजार ३ सय ३२ मा आइपुग्यो। सहभागीको संख्या घटे पनि १ लाख दर्शकले यो ओलम्पिक खेल हेरे। ओलम्पिक खेल पहिलो पटक दुई सातामा झऱ्यो।

प्राविधिक क्रन्ति भएको यही ओलम्पिकमा फोटो फिनिस र क्यामेराको प्रयोग, पुरस्कार वितरणमा झन्डोत्तोलन र ओलम्पिक भिलेजको चलन सुरु भयो। सन् १९३६ को बर्लिन ओलम्पिकमा अफ्रो-अमेरिकन जोसे ओवेन्सले चार स्वर्ण पदक जित्दै सनसनी फैलाए। टर्च रिले र टेलिभिजन ब्रोडक्रास्टको कारण महत्त्व बोकेको उक्त ओलम्पिक ओवेन्सको सनसनपूर्ण प्रदर्शनकै कारण चर्चामा रह्यो।

दोस्रो विश्वयुद्धसँगै ओलम्पिक खेलकुद फेरि आठ वर्षपछाडि धकेलियो। तथापि ओलम्पिक खेलकुदको यो १६ वर्षे कालखण्डमा स्कटहोमले दिएको शान्तिको सन्देश महत्त्वपूर्ण पाटो बन्यो भने ओलम्पिकको विश्वव्यापीकरण अर्को महत्त्वपूर्ण पाटो बन्यो। हकी खेलको वादशाह बनेको भारतले यही कालखण्डमा विश्व खेलकुदमा आफूलाई परिचित मात्र गराएन, तेस्रो विश्वमा पनि ओलम्पिकको चासो जगाउन सफल भयो। ओलम्पिक खेललाई सशक्त राष्ट्रको प्रतिष्ठासँग मात्र जोडेर हेर्ने परिपाटीको अन्त्य हुँदै बिस्तारै यो प्रतिस्पर्धात्मक हुँदै गयो।





# ओलम्पिकमय हङकङ

बेइजिङ ओलम्पिक-२००८ सुरु हुन एक सातामात्र बाँकी रहँदा हङकङ पूर्ण रूपमा ओलम्पिकमय बनेको छ। ओलम्पिकअन्तर्गतको घोडादौड (इक्वेस्ट्रियन) खेलहरू हङकङमा आयोजना हुने भएकाले पनि ओलम्पिकको रौनक छाएको हो। सह-आयोजकसमेत रहेको हङकङले अगस्ट ९ देखि २१ सम्म हुने उक्त प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्न १५ हजार स्वयंसेवकका अतिरिक्त ४ हजार प्रहरी खटाउने भएको छ। सहरका प्रमुख पर्यटकीय स्थल, पार्कलगायत मुख्य सडकहरूमा बेइजिङ ओलम्पिकलाई इंगित गरी ठूला ब्यानर, विद्युतीय लाइट, ओलम्पिक मस्कट, फोटो आदि प्रदर्शनीले तीव्रता पाएको छ।



केही महिनाअघि देखि नै ओलम्पिकको लोगो अंकित सरसामानको प्रयोग हुँदै आएको भए पनि खेल सुरु हुने दिन नजिकिँदै जाँदा फेसनेबल सहर हङकङमा 'बेइजिङ २००८' लेखिएको लोगोसहितका टि-सर्ट, घडी, ब्याग, टाई, छातादेखि गरगहनासम्म प्रयोग गर्नेहरूको संख्या बढ्दो छ। ओलम्पिकसँग सम्बन्धित सामग्रीहरू मात्र बिक्री गर्ने उद्देश्यले खोलिएका पसलहरूमा १०-१५ हङकङ डलरदेखि हजारौं मूल्यसम्म पर्ने सामग्रीहरू राखिएका छन्। खेलसँग नाम जोडी व्यापार प्रबर्द्धनका लागि विश्वप्रसिद्ध ब्रान्डहरू सामसुङ, एसवाच, कोडाक, लिनोभो, एडिडासले उत्पादन गरेका ओलम्पिक लोगो अंकित मोबाइल, घडी, क्यामेरा, ल्यापटप कम्प्युटर र टि-सर्टहरूका अतिरिक्त युवतीहरूलाई मध्यनजर राखी ओलम्पिक लोगो प्रिन्ट गरिएका ब्रा र पेन्टीसमेत हङकङका बजारमा आएका छन्।

बैंक अफ चाइना, हङकङले ओलम्पिक लोगोसहितको क्रेडिट कार्ड र २० डलरको नोट जारी गरेको छ भने हङकङ पोस्टले यहाँ आयोजना हुने घोडादौड खेलको सम्मानमा घोडाको चित्र अंकित हुलाक टिकट निष्काशन गरेको छ। ५८ देखि ५ सय ४४ हङकङ डलरसम्म टिकट दर राखिएको घोडादौड खेलका लागि छापिएका २ लाख टिकटमध्ये ९० प्रतिशत टिकट बिक्री भैसकेको जानकारी बेइजिङ ओलम्पिकको आधिकारिक वेबसाइटमा दिइएको छ। १४ करोड ७० लाख अमेरिकी डलर खर्च गरी दुई वर्ष लगाएर निर्माण गरिएको हङकङको सातिनस्थित स्टेडियममा ४२ देशका २ सय ४ घोडसवारले प्रतिस्पर्धा गर्नेछन्।

निर्मल श्रेष्ठ, हङकङ

## प्रसंग कतिपय



विक्रम राई

जीवनमा पाइने धोकाहरूका प्रकार धेरै छन्। हामीकहाँ पाइने चर्चित धोकाहरूमध्ये प्रेममा धोका, राजनीतिमा धोका अनि आस्था र विश्वासमा हुने धोका चर्चा गर्न लायकका छन्। जवानीले ल्याएको साउनको जस्तो भेल बिस्तारै उमेर छिप्पिँदै जाँदा होस खुल्ने हुँदा त्यसले एकले अर्कालाई धोका दिने प्रथा लामो समयदेखि चल्दै आएको हो। यस प्रकारको प्रेममा पाइने धोकाले गर्दा सेन्टिमेन्टल गीत-गजलका श्रोताहरूको संख्या बढेको पक्कै हो। जसले गर्दा विरह, विछोड, दुःख र वेदनाका शब्दहरूको वजन बढेको बढ्यै छ। यसै प्रसंगमा तीन जोगीको पशुपतिमा जम्काभेट भएछ। सन्यास लिनुपर्ने कारणहरू प्रस्तुत गर्न एकले अर्कालाई प्रश्न तेर्स्याएछन्। पहिलोले जवानीमा प्रेममा धोका पाएकाले जोगी भएको बताएछन् भने दोस्रोले आफ्नो घर-गृहस्थी जीवनबाट दिक्क भएर सन्यास लिएको बताएछन्। तेस्रोले संसारमा प्रेम र भ्रातृत्वको खडेरी लागिरहेको बेला अरूलाई राम्रो सन्देश दिन सकू भनी जोगी भएको कथा सुनाए। कारणहरू जे हुन् तर प्रेममा हुने धोका त्यो कुनै युवा-युवतीबीचको होस् वा पति-पत्नीबीच होस् वा आमा-बुबाले छोराछोरीमाथि गर्नुपर्ने दायित्वबोधमा धोका होस् वा छोराछोरीले आफ्ना आमा-बुबाप्रति गर्नुपर्ने कर्तव्यमाथिको धोका होस्- हामी सबैलाई निराश बनाउनु स्वाभाविक हो।

राजनैतिक धोकाका सम्बन्धमा हामीकहाँ प्रशस्त उदाहरण छन्। नेपालमा २००७ सालअघिका राजनैतिक हत्या र धोकाका उदाहरणहरू प्रशस्तै इतिहासबाट पढ्न सकिन्छ। २००७ सालपछि तत्कालीन राजा त्रिभुवनले घोषणा गरेको संविधानसभाको चुनाव छोरा राजा महेन्द्रले पञ्चायत लादेर निरंकुश एकदलीय शासनपद्धति चलाई नेपाली जनतालाई कसरी धोका दिए भन्ने बारेमा थाहा छ। त्यसपछि कसरी ठूलठूला वामपन्थी र समाजवादी नेताहरू राजा महेन्द्र र उनीपछिका राजा वीरेन्द्रका अनुयायी बन्न पुगे-त्यो पनि सबैलाई थाहा छ। यही राजनैतिक धोकाको षड्यन्त्रले धेरै इमान्दार र निष्ठावान्हरू जेलनेल भए। छिन्ताङमा भएको आम नरसंहार, पिस्करको काण्ड, पोखरामा भएको नमिता-सुनिताको बलात्कारपछिको हत्याकाण्ड र दलीय पक्षधर नेताहरूको सुनियोजित हत्याहरू– ती सबै राजनैतिक धोकेवाजहरूका सफल क्रियाकलापहरू थिए। २०४६ पछि दलीय प्रजातन्त्रको नाउँमा किलो शेरा टुले गरेको नरसंहार र त्यसको प्रतिकारमा उठेका हातहरूले गरेको व्यक्तिहत्याहरू पनि राजनैतिक धोकाको परिणाम थियो। त्यसकै आडमा टेकी राजा ज्ञानेन्द्रले खेल्न खोजेको थिए तर केही शक्तिले उनलाई पछि धोका दिएकै हुन्। जसको परिणाम अहिले संविधानसभा बनेको छ। पहिलो राष्ट्रपति बनाउने खेलमा माओवादीले एमालेलाई दिएको धोका होस् वा फोरमले माओवादीलाई दिएको धोका होस्-सबैको मन मस्तिष्कमा तरोताजै छ।

हामी नेपालीहरूमा देखिएको अर्को ठूलो धोका भनेको आस्था र विश्वासको हो। सियो बनेर छिर्ने र फाली बनेर निस्कनेसम्म त ठीकै हो तर फालीले पहिलो पटक अवसर दिएको व्यक्तिकै खेतको पाकेको अन्न नष्ट गरिदिने चलन बढ्नु गलत हो। राजनैतिक वृत्तमा चलेको कथनझैं खेत जोत्ने एउटाले अन्न भित्र्याउने अर्कोले गर्दा मान्छे-मान्छेबीच आस्था र विश्वासको संकट थपिएको छ। अरूलाई झुक्याउने, छलकपट र बेइमानी गर्ने व्यवहार कुनै दिन आफूमाथि पनि आइलाग्छ भन्ने कम्तीमा धोकेवाजहरूलाई थाहा हुनैपर्छ। नत्रभए आस्था र विश्वास त्रिशूल बाबाको भूकम्पजस्तो जोक्स हुनेछ, जसले समाजमा घृणा र वितृष्णाको भीड मात्र बढाउनेछ।

अन्तमा नदेखिएका अन्य धोकाहरू पनि सामाजिक दुर्गन्ध र मानवीय पीडा हुन् भन्दा सबै सहमत नै हुन्छन् होला, तथापि धोकाले देवदास र हतोत्साही मात्र नबनाई सबैलाई होसियार, सतर्क र सजग पनि बनाउन सकोस्– अहिलेलाई यही कामना गरौं।

prasangakatipaya@hotmail.com

खुल्यो ! खुल्यो!!
इजरायल
केयर गिभरमा इजरायल जानेहरुले अनिवार्य रुपमा सिक्नु नै पर्ने
हिब्रु भाषा
केयर गिभर
सम्बन्धी सम्पूर्ण तालिमहरु तथा उचित परामर्शका लागि सम्झनुहोस् ।
• उपत्यका बाहिरबाट आउनेका लागि होष्टलको पनि व्यवस्था छ ।
• ग्रुपमा आउनेलाई विशेष छुट ।
नयाँ कक्षामा धमाधम भर्ना लिईंदैछ ।
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, काठमाडौं, शंखमूल झर्ने ओरालोको मुखैमा
फोन: ४७८१०६१, ९८४१ ३८७६९७

बेरोजगारहरुको लागि सुवर्ण अवसर ३०% छुटमा
फोटोग्राफी भिडियोग्राफी
DIGITAL VIDEO EDITING
PHOTO-VIDEO पत्रकारिता
FREE Camera, Lens, Film Studio Lab, IELTS Computer Lab, Library etc.
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तथा पर्यटन तालिम
★Tour & Travel mgmt.
★Tour Operation
★Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
★Hotel Management
★F & B Management
★Front Office
★Bartender
★Housekeeping
★Cook, ★Waiter
★Bakery
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा.लि
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्याकीको पश्चिम)
स्थापनाको नवौं वर्ष
४४७२५५३/४४७५११३/०१६९१६३४७

तालिम
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
❊ फोटोग्राफी
❊ भिडियोग्राफी
❊ फोटो एडिटिङ्ग
❊ भिडियो एडिटिङ्ग
❊ फोटो लेमिनेशन
⇨ नेपाल सरकार पाठ्यक्रम
⇨ पाठ्यक्रम विज्ञद्वारा
⇨ अन्तराष्ट्रिय स्तर
⇨ हजारौं लाभान्वित
⇨ SLC Discount
नेपाल फोटोग्राफी
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार ४२१६२९१

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली** तथा **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।